नेपाली राष्ट्रिय दैनिक

# हिमालय टाइम्स

www.ehimalayatimes.com @ehimalayatimes @himalaya_times

वर्ष ३१, अंक ६६ काठमाडौं | २०८२ फागुन १७ आइतबार | फाल्गुन शुक्लपक्ष त्रयोदशी | नेपाल संवत् ११४६ | HIMALAYA TIMES | Sunday 1 March 2026 | पृष्ठ ८+२ | मूल्य रु ५।-

# आफ्नै निर्वाचन क्षेत्रमा खुम्चिए ओली



झापा-५ दमकको घरदैलो कार्यक्रममा एमाले अध्यक्ष केपी शर्मा ओली । *तस्वीर : ओली सचिवालय*




**अनिल क्षेत्री/हिटा**

काठमाडौं, १६ फागुन

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली यसपटक आफ्नो निर्वाचन क्षेत्र झापा-५ मा सीमित हुनुभएको छ। विगतका चुनावमा अध्यक्ष ओलीले देशभर चुनावी सभा गर्दै आफूलाई केन्द्रीय पात्रका रूपमा प्रस्तुत गरी मतदाता आकर्षित गर्ने काम गर्नुभएको थियो। चारपटक मुलुकको प्रधानमन्त्री भइसक्नु भएका ओली यसपटक भने आफ्नै क्षेत्र झापा-५ मा केन्द्रित हुनुभएको छ। जहाँ अध्यक्ष ओली यसपटक राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का

» पृष्ठ २ मा क्रमशः

## राखिएन प्रचारमा तस्वीर

अध्यक्ष ओलीप्रति 'जेन-जी' पुस्ताको अहिले आक्रोश छ। एमालेकै कार्यकर्ता पनि ओलीको बोलीप्रति सन्तुष्ट छैनन्। रास्वपाले त ओलीविरुद्धको 'जेन-जी' आक्रोशलाई नै चुनाव जित्ने हतियार बनाएको छ। यसपटक एमाले कति रक्षात्मक अवस्थामा देखियो भने उसका उम्मेदवारहरूले पार्टी अध्यक्ष ओलीको तस्वीरसमेत प्रचारमा राख्न सकेका छैनन्। कुनै बेला (०७८ मा चितवनमै सम्पन्न १०औं राष्ट्रिय महाधिवेशनमा) नारायणीका किनार, नारायणगढ, सौराहालगायत सहरभर ओलीका मस्कट र तस्वीरहरू टाँगेर एमाले कार्यकर्ताले गौरव मानेका थिए। तर, उनै ओलीको तस्वीर चितवन एमालेको प्रचार अभियानमा अहिले देखिएको छैन। झापा-५ बाहेक अरू निर्वाचन क्षेत्रमा ओलीका तस्वीर देखिँदैनन्। जबकि एमालेले ओलीलाई पाँचौंपटक पनि प्रधानमन्त्री बनाउने

» पृष्ठ २ मा क्रमशः

## कुनै दलसँग गठबन्धन नगरेको स्पष्टोक्ति

नेकपा एमालेले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा कुनै राजनीतिक दलसँग गठबन्धन नगरेको स्पष्ट गरेको छ। एमालेका केन्द्रीय निर्वाचन प्रचार संयोजक मीनबहादुर शाहीले आफ्नो पार्टी देश बनाउने संकल्पका साथ चुनावी अभियानमा होमिएको उल्लेख गर्दै कुनै दलसँग गठबन्धन नगरेको जानकारी दिनुभएको हो। एमालेका बारेमा स्वदेशी तथा विदेशी सञ्चार माध्यममा आएका कतिपय विषय भ्रामक भएका जिकिर गर्दै शाहीले भन्नुभयो, 'निष्पक्ष सामग्री प्रस्तुत भएका छैनन्। नेकपा एमाले सम्पादकीय स्वतन्त्रताको सम्मान गर्छ।'

# आठ महिना नबित्दै मध्यपूर्वमा फेरि तनाव

## इरानमा इजरायल र अमेरिकाको दोस्रो आक्रमण

### सतर्क रहन नेपालीलाई परराष्ट्रको आग्रह

परराष्ट्र मन्त्रालयले इजरायल र इरानमा रहेका नेपालीलाई घरभित्रै बस्न अनुरोध गरेको छ। इरानमा इजरायल र अमेरिकी आक्रमणपछि मन्त्रालयले नेपालीलाई सुरक्षित राख्न मन्त्रालयले ट्राभल एड्भाइजरी जारी गरेको हो। मध्यपूर्वमा विकसित

» पृष्ठ २ मा क्रमशः

### इजरायलमा रहेका नेपालीको सुरक्षा चिन्ता

अमेरिका र इजरायलले संयुक्त रूपमा इरानमाथि आक्रमण थालेसँगै इजरायलमा रहेका नेपाली कामदारको सुरक्षा चिन्ता बढेको छ। इरानको तुलनामा इजरायलमा निकै ठूलो संख्यामा नेपाली कार्यरत छन्। इजरायलमा करिब साढे ६ हजार र इरानमा करिब १० नेपाली कार्यरत छन्। इजरायलमा केयर गिभर र कृषि क्षेत्रमा नेपाली कार्यरत छन्।

» पृष्ठ २ मा क्रमशः

**डिबी शर्मा/हिटा**

काठमाडौं, १६ फागुन

मध्यपूर्वमा फेरि तनाव बढेको छ। त्रिपक्षीय युद्ध अन्त्य भएको आठ महिना पनि नबित्दै मध्यपूर्व फेरि अशान्त भएको हो। सन् २०२५ को जुन महिनामा भएको १२ दिने हवाई युद्धपछि इजरायल र अमेरिकाले शनिबारदेखि फेरि इरानमा आक्रमण थालेका हुन्। इजरायली सेना (आइडिएफ)ले यसलाई 'अपरेसन शिल्ड अफ जुडा' नाम दिएको छ। इरानको आणविक कार्यक्रम र ब्यालिस्टिक क्षेप्यास्त्र क्षमतालाई ध्वस्त पार्ने उद्देश्यले कारबाही गरिएको इजरायली रक्षा मन्त्रालयले दाबी गरेको छ। समाचारअनुसार शनिबार बिहानै तेहरानको

» पृष्ठ २ मा क्रमशः



तेहरानमा इजरायली आक्रमणपछि आकाशमा उडिरहेको धुवाँको मुस्लो हेरिरहेका स्थानीय : तस्वीर : एपी

### इरानको जवाफी आक्रमण

इरानले आक्रमणलाई आफ्नो राष्ट्रिय अस्मितामाथिको गम्भीर चोट मानेको छ। इरानी अधिकारीहरूले इजरायल र अमेरिकाको संयुक्त आक्रमणको बदला लिने बताएका छन्। इरानले इजरायलविरुद्ध प्रतिशोधात्मक

» पृष्ठ २ मा क्रमशः

### तेहरानका बासिन्दालाई सहर छाड्न इरानको आग्रह

इरानको राष्ट्रिय सुरक्षा परिषद्ले राजधानी तेहरानका बासिन्दालाई सम्भव भएसम्म सहर छाड्न आग्रह गरेको छ। क्षेत्रीय सुरक्षा अवस्था थप संवेदनशील बन्दै गएपछि परिषद्ले यस्तो सूचना

» पृष्ठ २ मा क्रमशः

### अमेरिकी सैन्य अखडामा क्षेप्यास्त्र प्रहार, एक जनाको मृत्यु

इरानले मध्यपूर्वमा रहेका कम्तीमा पाँचवटा प्रमुख अमेरिकी सैन्य अखडाहरूमा भारी क्षेप्यास्त्र प्रहार गरेको छ। इरानी क्षेप्यास्त्रको

» पृष्ठ २ मा क्रमशः

### सयौँ अन्तर्राष्ट्रिय हवाई उडान रद्द

इजरायलले इरानमाथि आक्रमण सुरु गरेपछि खाडी मुलुकहरूले हवाई क्षेत्र बन्द गरेका छन्। इरानमाथि आक्रमण सुरु भएपछि कतार, कुवेत र युएईले आफ्नो हवाई क्षेत्र बन्द गरेको अन्तर्राष्ट्रिय

» पृष्ठ २ मा क्रमशः

### इरानी शासन आणविक हतियारले सुसज्जित हुनुहुँदैन : नेतान्याहु



इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले इरानको आतंककारी शासनले खडा गरेको

» पृष्ठ २ मा क्रमशः

### अमेरिकी प्रशासनमा मेरो नेतृत्व हुँदासम्म इरानसँग परमाणु हतियार हुनेछैन : ट्रम्प



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको आणविक सपना र क्षेप्यास्त्र उद्योगलाई पूर्णरूपमा धुलोमा मिलाइदिने कडा चेतावनी दिनुभएको छ। आफ्नो सामाजिक सञ्जाल प्लेटफर्म ट्रुथ

» पृष्ठ २ मा क्रमशः

# देशभर निर्वाचनको तयारी पूरा

## खटिए चार हजारभन्दा बढी पर्यवेक्षक



राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति, गैरसरकारी संस्था महासंघ नेपाल, आमनिर्वाचन पर्यवेक्षण समिति र निर्वाचन पर्यवेक्षण समिति नेपालले संयुक्त रूपमा शनिबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै। तस्वीर : किरणराज विष्ट/रासस

**नारायण भण्डारी/हिटा**

काठमाडौं, १६ फागुन

निर्वाचनको समग्र तयारी पूरा भएको प्रारम्भिक निष्कर्ष सार्वजनिक गरिएको छ। गाउँदेखि सहरसम्म, हिमालको काखदेखि तराईको फाँटसम्म, प्रत्येक चोक र चौतारोमा चुनावी चहलपहल गुञ्जिरहेको छ। बहस र विचार-विमर्शपछि अब जनमतको घडी नजिकिँदै छ। मतपेटिकाहरू सुरक्षित रूपमा गन्तव्यतर्फ पठाइएका छन् भने सुरक्षाको सम्पूर्ण बन्दोवस्त मिलाइएको बताइएको छ। राजधानीदेखि दुर्गम बस्तीहरूसम्म निर्वाचन सामग्री पुऱ्याउने कार्य सफलतापूर्वक सम्पन्न भएको छ। सडक, आकाश र पैदल यात्रामार्फत आवश्यक सामग्री गन्तव्यमा पुगेका छन्। चुनौतीहरू भए पनि तयारीमा कुनै कसर बाँकी नराखिएको निर्वाचन आयोगले जनाएको छ।

राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति नेपाल, गैरसरकारी संस्था महासंघ नेपाल, आम निर्वाचन पर्यवेक्षण समिति नेपाल र निर्वाचन पर्यवेक्षण समिति नेपालले संयुक्त पत्रकार सम्मेलनमार्फत

» पृष्ठ २ मा क्रमशः

### मदिरा बिक्रीमा रोक, सीमा नाका बन्द

निर्वाचनलाई शान्तिपूर्ण र भयरहित बनाउन निर्वाचन आयोगको सिफारिशमा सरकारले फागुन १५ गतेदेखि मतदान कार्य सम्पन्न नभएसम्म मदिरा बिक्री-वितरण तथा सेवनमा रोक

» पृष्ठ २ मा क्रमशः

### आचारसंहितामा डिजिटल चुनौती

समग्र वातावरण सकारात्मक देखिए पनि निर्वाचन आचारसंहिता उल्लंघनका घटनामा वृद्धि भएको पर्यवेक्षक संस्थाहरूले औंल्याएका छन्। भौतिकभन्दा बढी डिजिटल माध्यमबाट उल्लंघन देखिएको

» पृष्ठ २ मा क्रमशः

### मतदानका लागि उपत्यका छाड्नेको लर्को

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनसँगै लगातार सात दिन सार्वजनिक बिदा परेपछि काठमाडौं उपत्यकाबाट करिब आठ लाख मानिस बाहिरिने अनुमान गरिएको

» पृष्ठ २ मा क्रमशः

# बागलुङ-२ मा त्रिपक्षीय भिडन्तको आँकलन

## रास्वपाको उदयले समीकरणमा नयाँ मोड



टेकराज पौडेल-कांग्रेस



मञ्जु शर्मा चालिसे-एमाले



ज्ञामनाथ गैरे-नेकपा



सोम शर्मा-रास्वपा

**डम्मर बुढामगर/हिटा**

बागलुङ, १६ फागुन

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति नजिकिँदै जाँदा बागलुङ क्षेत्र नम्बर २ मा चुनावी सरगर्मी तीव्र बन्दै गएको छ। भौगोलिक रूपमा विकट र पहाडी भू-भागले भरिएको यस क्षेत्रमा उम्मेदवारहरूलाई मतदाता भेट्न निकै चुनौतीपूर्ण भइरहेको छ। अग्ला पहाड र टाढाटाढा छरिएका बस्तीका कारण एकै दिनमा धेरै मतदाता भेटघाट गर्न कठिन छ। थोरै मतदाता भएका बस्तीमा पुगेर उनीहरूलाई रिझाउन पनि धेरै समय खर्चिनुपर्ने अवस्था छ।

६ पालिका र ४८ वडामा फैलिएको यस क्षेत्रमा घरदैलो अभियान सहज छैन। यद्यपि, उम्मेदवारहरू बिहानैदेखि रातिसम्म मतदाता भेट्न सक्रिय छन्। यसपटक १२ राजनीतिक दलका उम्मेदवार चुनावी मैदानमा छन्। मुख्यतः नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बीच प्रतिस्पर्धा हुने देखिएको छ।

### यस पटकका प्रमुख उम्मेदवार

यसपटक बागलुङ-२ मा मुख्यतः चार उम्मेदवार चर्चामा छन्। नेपाली कांग्रेसबाट टेकराज पौडेल चुनावी मैदानमा हुनुहुन्छ। लामो समय विद्यार्थी राजनीतिमा सक्रिय पौडेल पहिलोपटक प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार बन्नुभएको हो। निसीखोला निवासी पौडेल स्थानीय उम्मेदवारका रूपमा मतदातामाझ प्रस्तुत हुनुभएको छ।

यस्तै, नेकपा एमालेबाट मञ्जु शर्मा चालिसे मैदानमा हुनुहुन्छ। स्वास्थ्यकर्मीबाट राजनीतिमा प्रवेश गर्नुभएकी चालिसे २०७९ सालको निर्वाचनमा पनि उम्मेदवार हुनुहुन्थ्यो। यसपटक दोहोरिएर उम्मेदवार बन्नुभएकी उहाँ एक्लो दोहोरिने उम्मेदवार हुनुहुन्छ।

यस्तै, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बाट ज्ञामनाथ गैरे चुनावी मैदानमा हुनुहुन्छ। सशस्त्र युद्ध पृष्ठभूमिबाट राजनीतिमा आउनुभएका गैरे पहिलोपटक चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ। यस क्षेत्रमा नेकपाले राष्ट्रिय जनमोर्चाको समर्थन पाएको छ, जसले उहाँको पक्षमा मत तान्ने अपेक्षा गरिएको छ।

यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट सोम शर्मा चुनावी मैदानमा हुनुहुन्छ। सामाजिक अभियन्ता शर्मा नयाँ अनुहार हुनुहुन्छ। बागलुङ बजारवासी भए पनि क्षेत्र नम्बर २ मा उहाँलाई 'टुरिस्ट उम्मेदवार' भन्ने आरोप लाग्ने गरेको छ। यद्यपि, युवापुस्तामा उहाँको लोकप्रियता बढ्दो छ।

अघिल्ला निर्वाचनमा अन्य क्षेत्रबाट आएका उम्मेदवार विजयी भएपछि स्थानीय मतदातामा असन्तुष्टि बढेको छ। यसपटक भने अधिकांश उम्मेदवार सोही क्षेत्रका भएकाले 'स्थानीयलाई जिताऔँ' भन्ने आवाज बलियो बन्दै गएको छ। रास्वपाका सोम शर्माबाहेक अन्य प्रमुख उम्मेदवार क्षेत्रवासी हुन्।

यीबाहेक श्रम संस्कृति पार्टीका हर्कबहादुर पुन, राष्ट्रिय प्रजातन्त्र पार्टीका अञ्चल शाही र नेकपा (माओवादी)का लोकेन्द्र घिमिरे, प्रगतिशील लोकतान्त्रिक पार्टीका पदम कुँवर, नेपाल मानवतावादी पार्टीका टेकप्रसाद कामी, मंगोल नेसलन अर्गनाइजेसनका जुनबहादुर थापामगर, जनता समाजवादी पार्टीका पूर्णबहादुर घर्ती र नेसनल रिपब्लिक पार्टीका नरबहादुर बुढा पनि चुनावी मैदानमा हुनुहुन्छ।

### पालिका र वडागत शक्ति सन्तुलन

बागलुङ-२ अन्तर्गत दुई नगरपालिका र चार गाउँपालिका छन्- गलकोट, ढोरपाटन, बडिगाड, ताराखोला, तमानखोला र निसीखोला। गलकोट, निसीखोला, तमानखोला र बडिगाडमा नेपाली कांग्रेसको नेतृत्व छ। ढोरपाटन नगरपालिकामा नेकपा एमालेका देवकुमार नेपाली निर्वाचित हुनुभएको थियो, तर सहकारी ठगी आरोपमा हाल उहाँ कारागारमा हुनुहुन्छ। ताराखोला गाउँपालिकामा नेकपाको नेतृत्व छ। वडागत रूपमा हेर्दा कांग्रेस, एमाले, नेकपा र राष्ट्रिय जनमोर्चाबीच शक्ति सन्तुलन देखिन्छ। यसले चुनावी परिणामलाई अनिश्चित बनाएको छ।

### रास्वपाको प्रभाव र युवा मत

रास्वपाले यस क्षेत्रमा अझै संगठन विस्तार गरिरहेको भए पनि युवा पुस्तामा आकर्षण बढ्दो छ। विशेषतः कांग्रेस र एमालेका युवा मतदातामध्ये केही रास्वपातर्फ आकर्षित भएका छन्। यदि रास्वपाले उल्लेख्य मत कटौती गऱ्यो भने त्रिपक्षीय प्रतिस्पर्धामा परिणाम उल्टिनसक्ने आँकलन गरिएको छ। यस क्षेत्रमा ५९ मतदानस्थलका ११५ मतदान केन्द्र छन्। कुल ९५ हजार ३३५ मतदाता रहेका छन्। भौगोलिक विकटता, संगठनात्मक प्रतिस्पर्धा र नयाँ-पुराना दलबीचको टक्करका कारण यस पटकको निर्वाचन परिणाम अनुमान गर्न कठिन देखिएको छ। बागलुङ-२ लाई विगतमा कांग्रेसको गढ मानिए पनि संघीयतापछि नेतृत्व गुमाएको छ। अघिल्ला दुई निर्वाचनमा जित निकालेको माओवादी पृष्ठभूमिको नेकपाले विरासत जोगाउने दबाब खेपिरहेको छ भने कांग्रेस र एमाले दुवै 'कमब्याक' गर्ने दाउमा छन्।

रास्वपाको उदय, स्थानीय उम्मेदवारको मुद्दा र युवा मतदाताको झुकावले यस पटकको निर्वाचन परिणामलाई रोचक र अनिश्चित बनाएको छ। त्रिपक्षीय भिडन्त पक्का देखिए पनि कोही पनि ढुक्क हुनसक्ने अवस्था छैन।

# पीडक नाबालक भए पनि अनिवार्य क्षतिपूर्ति तिर्नुपर्ने सर्वोच्चको व्याख्या




**यज्ञराज पाण्डे/काठमाडौं।** सर्वोच्च अदालतले पीडक नाबालक भए पनि अनिवार्य क्षतिपूर्ति तिर्नुपर्ने व्याख्या गरेको छ। बालबालिका संलग्न बाल यौन दुराचार मुद्दामा सर्वोच्चले 'अपराध गर्ने व्यक्ति (पीडक) नाबालक नै भए पनि उसले अपराधबाट पीडितलाई तिर्नुपर्ने क्षतिपूर्तिबाट उन्मुक्ति नपाउने' व्याख्या गरेको हो। सर्वोच्च अदालतका न्यायाधीश सपना प्रधान मल्ल र न्यायाधीश बालकृष्ण ढकालको संयुक्त इजलासले

» पृष्ठ २ मा क्रमशः







महेश बस्ताकोटी

## आफ्नै निर्वाचन ...

« पृष्ठ १ बाट क्रमशः

बालेन्द्र साह (बालेन)सँग कडा प्रतिस्पर्धामा हुनुहुन्छ। ओलीले २०७९ को प्रतिनिधिसभा निर्वाचनमा हेलिकप्टरमार्फत दार्चुला पुगेर चुनावी अभियान सुरु गर्नुभएको थियो। नेपालको नक्साको चुच्चे भाग पर्ने जिल्ला दार्चुलाबाट उहाँले 'राष्ट्रवादी' नारासहित अभियान थाल्नुभएको थियो। त्यतिबेला कांग्रेस, माओवादी, एकीकृत समाजवादी गठबन्धनविरुद्ध एक्लै प्रतिस्पर्धा गरेको एमालेको मुख्य चुनावी मुद्दा राष्ट्रिय स्वाधीनता र स्वाभिमान रक्षा गर्ने भन्ने थियो। त्यो निर्वाचनमा ओलीले ४० भन्दा बढी चुनावी सभालाई सम्बोधन गर्नुभएको थियो।

२०७४ को प्रतिनिधिसभा निर्वाचनमा त तत्कालीन माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँग हेलिकप्टरमै देश दौडाह गर्ने ओलीको दिनचर्या नै बनेको थियो। दुवै निर्वाचनमा देशभर चुनावी सभा गरेर ओलीले विपक्षीलाई प्रहार गर्ने गर्नुभएको थियो।

तर, यसपटक ओली आफ्नै निर्वाचन क्षेत्र झापा-५ मा बाँधिनुभएको छ। त्यही क्षेत्रका टोल-टोलदेखि घरदैलोसम्म पुग्दै विनम्रता प्रस्तुत गरेर आफ्नै लागि भोट माग्दै हुनुहुन्छ।

झापामा २०४८ सालदेखि २०६४ बाहेक सबै निर्वाचन जित्दै आउनुभएका ओलीका लागि सामान्य अवस्थामा झापा-५ सुरक्षित अखडा थियो। जहाँ ओली उभिँदा सहजै जित्दै आउनुभएको थियो।

त्यसकारण निश्चिन्त भएर पार्टीका अन्य उम्मेदवार जिताउन देश दौडाहमा जाने गर्नुभएको थियो। तर, यसपटक ओलीलाई झापामै रोक्ने भन्दै काठमाडौं महानगरपालिकाको मेयरबाट राजीनामा दिएर बालेन साह प्रतिस्पर्धामा आएपछि ओली दबाबमा पर्नुभएको हो। स्वयं झापाकै मतदाताको मनोविज्ञान बुझेपछि ओली अहिले आफ्नै क्षेत्रमा बढी समय बिताइरहनु भएको छ।

प्रतिस्पर्धी बालेनले भने विगतको शैली पछ्याएर देश दौडाह गरिरहेका छन्।

रास्वपाले धनगढीदेखि इटहरीसम्म गरेका चुनावी सभामा पुगेर बालेनले भाषण गरिसक्नु भएको छ। काठमाडौं, ललितपुर र भक्तपुरमा शनिबार मात्रै रास्वपाले 'जनसम्पर्क तथा घण्टी अभिवादन कार्यक्रम' गरेको थियो। ओली र बालेन दुवै आ-आफ्नो पार्टीबाट प्रस्तावित प्रधानमन्त्रीका उम्मेदवार पनि हुनुहुन्छ।

यसपटक ओली भाषण नगरी जतिसक्दो मतदाताको प्रश्न र गुनासा सुनिरहनु भएको छ। २०७९ को निर्वाचनमा उहाँले चोक-चोकमा भाषण गरी मत माग्नुभएको थियो। यसपालि ५ माघमा मनोनयन गर्न झापा जानुभएका ओली त्यसपछि पनि अधिकांश समय झापामै रहनुभएको छ। तेस्रोपटक १ फागुनमा झापा जानुभएका ओली ६ गते काठमाडौं फर्केर पार्टीको घोषणापत्र सार्वजनिक गर्नुभएको थियो।

उहाँले ४२ प्रतिबद्धता सार्वजनिक गर्नुभएको छ। राष्ट्र, राष्ट्रियता, आफूले गरेका विकास निर्माण र भ्युटावार लगायतका विषयमा उहाँले प्रतिबद्धता जनाउनुभएको छ। अहिले ओली मतदाताको घरदैलो अभियानमा व्यस्त रहनुभएको छ। उनीहरूका गुनासा सुनिरहनु भएको छ। मतदातालाई आकर्षित गर्ने प्रयास गरिरहनु भएको छ। देशव्यापी अभियानको नेतृत्व गर्नभन्दा पनि ओली आफ्नै क्षेत्रमा चुनावी रणनीति बनाउन व्यस्त रहनुभएको छ। विगतका दुई चुनावमा एमालेको झापा-५ मा राष्ट्रिय प्रजातन्त्र पार्टीसँग गठबन्धन थियो। तर, यसपटक गठबन्धन बिना नै चुनाव लडिरहेको छ। यसले ओलीको चुनौती थपेको छ। पार्टी अध्यक्ष आफ्नो क्षेत्रमा व्यस्त रहँदा एमालेका अन्य उम्मेदवारहरू भने चिन्तित देखिएका छन्। 'जेन-जी' प्रदर्शनपछिको राजनीतिक वातावरण र सामाजिक सञ्जालको बढ्दो प्रभावले ओलीलगायत स्थापित नेताहरूलाई दबाब परेको छ। यस चुनावमा मतदाताहरूले नयाँ अनुहार नयाँ राजनीतिक दलप्रति देखाएको रुझानले पनि ओलीमा चिन्ता थपिएको छ।

## राखिएन प्रचारमा ...

« पृष्ठ १ बाट क्रमशः

घोषणा गरेको छ। देशभरका एमाले उम्मेदवारले आफ्ना भावी प्रधानमन्त्री ओलीका तस्वीर राखेर प्रचार गर्न सकिरहेका छैनन्।

केपी ओलीको तस्वीर राख्दा उल्टै भोट घट्ने स्थिति रहेको एमालेकै कतिपय उम्मेदवारहरूको भनाइ छ।

ओलीले 'जेन-जी' आन्दोलनलाई प्रतिक्रान्ति भन्दा जनलहर अन्य दलतर्फ डाइभर्ट भइरहेकाले प्रचार सामग्रीमा समावेश गर्दा बाँकी मत पनि गुम्ने बुझाइले उम्मेदवारहरूले ओली बोक्न नसकेको विश्लेषकहरूको टिप्पणी छ। तर, एमालेका केन्द्रीय सदस्य तथा निर्वाचन प्रेस संयोजक मीनबहादुर शाही चुनाव प्रचार सामग्रीमा अध्यक्ष ओलीको तस्वीर राख्दा भोट घट्छ भनेर नराखेको भन्ने तर्क नै गलत रहेको दाबी गर्नुभएको छ। उम्मेदवारहरूले आफ्नो मात्र फोटो राखेर प्रचार गरिरहेका छन्।

०७९ सालकै चुनावमा पनि एमाले अप्ठ्यारो परिस्थितिमै थियो। असंवैधानिक प्रतिनिधिसभा विघटनको निर्णय लिएको राजनीतिक एजेण्डा, पार्टी विभाजनको चोट र पाँच दलीय गठबन्धनविरुद्ध चुनावमा भाग लिँदा पनि एमाले उम्मेदवारहरूले ओलीलाई प्रचार सामग्रीमा राखेका थिए। 'जेन-जी' आन्दोलनपछि नेतृत्व परिवर्तन पक्षधरले ओलीलाई नेता मानेर चुनावमा जान नसकिने तर्क गरेका थिए।

तर, अध्यक्ष ओलीले केन्द्रीय कमिटी बैठकबाट कसैले बोक्नु नपर्ने, आफैँ हिँड्ने जवाफ दिनुभएको थियो। उपाध्यक्ष रामबहादुर थापा 'बादल'लाई निर्वाचन मूल परिचालन समितिको संयोजक बनाइएको छ। तर, अहिलेसम्म एउटै पनि ठूलो सभा भएको छैन।

मौन अवधिसम्मै ओलीले झापा-५ मा मत माग्न हिँड्ने कार्यक्रम तय भएकाले यसपटक सभा नहुने नेताहरूले जानकारी दिएका छन्। यसपटक ठूला सभा गर्नेभन्दा पनि 'जता क्षेत्र त्यतै कर्म'को रणनीतिअनुसार चुनावी कार्यक्रम पार्टी र उम्मेदवारहरूले गरिरहेको प्रचार विभाग प्रमुख शाहीको भनाइ छ।

## देशभर निर्वाचनको ...

« पृष्ठ १ बाट क्रमशः

चार हजारभन्दा बढी पर्यवेक्षक देशभर खटिएको जानकारी दिएका छन्। पर्यवेक्षणका क्रममा निर्वाचन कानुनको पालना, मतदाता शिक्षा, आयोगको क्षमता, अन्तरजिल्ला मतदानलगायत पक्षमा निगरानी गरिने जनाइएको छ। पर्यवेक्षकहरूले निर्वाचनअघि र निर्वाचनपछिको प्रतिवेदन सार्वजनिक गर्ने बताएका छन्। सुरक्षा संयन्त्रतर्फ नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग र नेपाली सेना परिचालन भइसकेका छन्। संवेदनशील क्षेत्रहरूमा विशेष निगरानी राखिएको छ भने मतपत्र र निर्वाचन सामग्री सबै जिल्लामा पुगिसकेको जनाइएको छ।

## मदिरा बिक्रीमा ...

« पृष्ठ १ बाट क्रमशः

लगाएको छ। आयोगले यसको कार्यान्वयनबारे सूक्ष्म अनुगमन गर्ने जनाएको छ। मतदानका दिन अत्यावश्यक सेवाबाहेक सवारी सञ्चालनमा पनि कडाइ गरिनेछ। एम्बुलेन्स, दमकल, खानेपानी, दूध, तरकारी, स्वास्थ्यकर्मी, प्रेस पासधारी सञ्चारकर्मी लगायतका सवारीलाई मात्र पासबिनै सञ्चालन गर्न दिइनेछ। अन्य सवारीका लागि विशेष पास अनिवार्य गरिएको छ। सीमावर्ती जिल्लाहरूमा समेत सुरक्षा व्यवस्था कडा पारिएको छ। पर्सा जिल्लामा फागुन १८ गते मध्यरातदेखि २१ गते मध्यरातसम्म भारतीय सीमा नाका बन्द गर्ने निर्णय गरिएको छ। होली तथा रमजान पर्वका अवसरमा सार्वजनिक स्थलमा भिडभाड, डिजे बजाउने, राजनीतिक प्रतीकसहित पर्व मनाउने तथा मोटरसाइकल प्रयोग गरी उच्छृंखल गतिविधि गर्नसमेत निषेध गरिएको छ।

## आचारसंहितामा ...

« पृष्ठ १ बाट क्रमशः

जनाइएको छ। सामाजिक सञ्जालमा घृणायुक्त अभिव्यक्ति, मिथ्या सूचना, अमर्यादित पोस्ट र गालीगलौज फैलिने क्रम बढेको निष्कर्ष निकालिएको छ। निर्वाचन आयोगले आचारसंहिता उल्लंघनका घटनामा कारबाही प्रक्रिया अघि बढाएको छ। केही व्यक्तिलाई कारबाही र दर्जनौँलाई स्पष्टीकरण सोधिएको छ। आयोगले पत्राचार मात्र नभई प्रभावकारी कारबाही गर्नुपर्ने मागसमेत उठिरहेको छ।

## मतदानका लागि ...

« पृष्ठ १ बाट क्रमशः

छ। फागुन १८ देखि २४ गतेसम्म विभिन्न पर्व, निर्वाचन बिदा र साप्ताहिक अवकाश जोडिँदा उपत्यकामा दशैं-तिहारजस्तै सवारी चाप बढेको छ भने सुरक्षा, अनुगमन र व्यवस्थापनमा राज्य संयन्त्र पूर्ण सक्रिय बनेको छ।

सरकारले फागुन २०, २१ र २२ गते निर्वाचनका लागि सार्वजनिक बिदा दिएको छ। यसअघि फागुन १८ गते पहाडी क्षेत्रमा फागू पूर्णिमा र १९ गते तराई क्षेत्रमा फागू पूर्णिमाको बिदा परेको छ। त्यसैगरी, फागुन २३ गते शनिबार र २४ गते अन्तर्राष्ट्रिय महिला दिवसको बिदा परेकाले एक सातासम्म सरकारी कार्यालय, शैक्षिक संस्था र अधिकांश निजी क्षेत्र आंशिक बन्द हुने अवस्था बनेको छ।

लामो बिदाका कारण उपत्यकाबाट बाहिरिने क्रम सुरु भइसकेको यातायात व्यवसायीहरूले बताएका छन्। नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका कार्यवाहक अध्यक्ष पुण्यप्रसाद सिटौलाका अनुसार १७, १८ र १९ गते लामो दूरीका सवारीमा अत्यधिक चाप देखिएको छ। धेरै यात्रुले अग्रिम टिकट काटिसकेका छन् भने केहीले गाडी रिजर्भसमेत गर्न थालेका छन्। उहाँका अनुसार कञ्चनपुर, डडेल्धुरा, अर्घाखाँची, गुल्मी, पाल्पाजस्ता लामो दूरीका गन्तव्यमा १९ गतेपछि सवारी सञ्चालन कठिन हुने अनुमान छ। मध्यम दूरीका काभ्रे, धादिङ, सिन्धुपाल्चोकसम्म भने केही दिन सवारी सञ्चालन भइरहनेछ। यातायात व्यवस्था विभागले पनि निर्वाचन अवधिमा सार्वजनिक यातायात चुस्त राख्न योजनाबद्ध तयारी गरिएको जनाएको छ। विभागका महानिर्देशक राजीव पोखरेलका अनुसार आवश्यक परेमा नेपाली सेना, विद्यालय-कलेजका सवारीसाधनसमेत परिचालन गरिनेछ, ताकि मतदाता गन्तव्यमा पुग्नबाट वञ्चित नहून्।

## आठ महिना ...

« पृष्ठ १ बाट क्रमशः

आकाशमा शक्तिशाली विस्फोटका आवाजहरू सुनिएका थिए। तेहरानको जम्हुरी क्षेत्र र युनिभेर्सिटी स्ट्रिटहरूमा धेरै क्षेप्यास्त्रहरू खसेको इरानको सरकारी समाचार एजेन्सी 'फार्स'ले जनाएको छ। यो क्षेत्र इरानको राजनीतिक शक्तिको केन्द्र मानिन्छ, जहाँ सर्वोच्च नेता आयतोल्लाह अली खामेनीको कार्यालयसमेत छ। भयानक विस्फोटले तेहरानका उत्तरी र मध्य भागका घरहरू हल्लिएका थिए। तेहरानको मेहराबाद विमानस्थल नजिकै पनि आक्रमण भएको समाचारमा उल्लेख छ, जसकारण इरानले आफ्नो सम्पूर्ण हवाई क्षेत्र तत्कालका लागि बन्द गरेको छ। इजरायल र अमेरिकाले इरानका रणनीतिक स्थानहरूलाई मुख्य निशाना बनाएका छन्। तेहरानका राष्ट्रपति भवन परिसर र गुप्तचर मन्त्रालयहरू आक्रमणका प्राथमिक निशाना केन्द्र भएका हुन्। आक्रमणबाट भौतिकसँगै मानवीय क्षतिसमेत भएको समाचारमा उल्लेख छ। यद्यपि, शनिबार साँझसम्म मानवीय क्षतिको यकिन विवरण सार्वजनिक भएको थिएन। आक्रमण सुरु भएलगत्तै इजरायली रक्षामन्त्री इजरायल काट्जले देशभर 'राष्ट्रिय संकटकाल' घोषणा गर्नुभयो। नागरिकहरूलाई सुरक्षित बंकरमा रहन र विद्यालय तथा सार्वजनिक स्थलहरू बन्द गर्न उहाँले निर्देशन दिनुभयो। इरानमा इजरायल एक्लैले आक्रमण गरेको होइन, जसमा अमेरिकाको पनि संलग्नता छ। अमेरिकी रक्षा मन्त्रालय पेन्टागनका अनुसार, अमेरिकी वायुसेना र नौसेनाले अपरेसनमा सक्रिय सहभागिता जनाएका छन्। अमेरिकी नौसेनाका दुई ठूला विमानवाहक जहाजहरू, युएसएस जेराल्ड आर फोर्ड र युएसएस अब्राहम लिंकन, पर्सियन खाडी नजिकै तैनाथ गरिएका छन्।

आठ महिनाअघि दुई देशबीच १२ दिनसम्म युद्ध चलेको थियो। गत वर्षको जुनमा इजरायलले अकस्मात् हमला गर्दै त्यहाँको सैन्य तथा परमाणु स्थलहरूमा बमबारी गरेको थियो भने वरिष्ठ सैन्य अधिकारी तथा परमाणु वैज्ञानिकहरूलाई मारिदिएको थियो। प्रतिक्रियास्वरूप इरानले इजरायलतर्फ सयौँ क्षेप्यास्त्र तथा ड्रोनले आक्रमण गरेको थियो। त्यतिबेला अमेरिकाले पनि एकदिन इरानमा हमला गरेको थियो। भूमिगत परमाणु केन्द्रहरूमा उसले बमबारी गरेको थियो र लगत्तै युद्धविरामका निम्ति दबाब दिएको थियो। इजरायल र इरानबीच दशकौँदेखि वैमनस्यता रहँदै आएको छ। मध्यपूर्वभरि इजरायलविरुद्ध सक्रिय कतिपय सशस्त्र समूहहरूलाई इरानले समर्थन गर्दै आएको छ। मध्यपूर्वको तनावले विश्व बजारमा तेलको मूल्यमा भारी वृद्धि गराउने निश्चित छ।

## सतर्क रहन ...

« पृष्ठ १ बाट क्रमशः

परिस्थितिलाई नजिकबाट नियालिरहेको विज्ञप्तिमा उल्लेख छ। परराष्ट्रले ट्राभल एड्भाइजरीमा इजरायल र इरानका अधिकारीहरूले जारी गरेका सुरक्षा सल्लाह र निर्देशनहरूको कडाइका साथ पालना गर्न त्यहाँ रहेका नेपालीलाई अनुरोध गरेको छ। 'नेपाल सरकारको परराष्ट्र मन्त्रालयले मध्यपूर्वमा विकसित परिस्थितिलाई नजिकबाट नियालिरहेको छ', ट्राभल एड्भाइजरीमा भनिएको छ, 'सकेसम्म घरभित्रै बस्नुहोस्, सतर्क रहनुहोस्, उचित सावधानी अपनाउनुहोस् र त्यहाँ रहेका नेपाली समुदायसँग नियमित सम्पर्क राख्नुहोस्।'

इजरायल र इरानका सम्बन्धित अधिकारीहरूको पूर्व-अनुमतिबिना यात्रा नगर्न पनि परराष्ट्रले अनुरोध गरेको छ। कुनै समस्या परेमा काठमाडौंस्थित परराष्ट्र मन्त्रालय, इजरायलको तेल अभिभस्थित नेपाली दूतावास र कतारको दोहास्थित नेपाली दूतावाससँग नियमित सम्पर्क राख्न भनिएको छ। अन्य मध्यपूर्वी देशहरूमा बसोबास गर्ने र काम गर्ने नेपाली नागरिकलाई सम्बन्धित देशका सम्बन्धित अधिकारीहरूले सुझाव दिएअनुसार घटनाक्रमहरूको निरन्तर निगरानी गर्न र सावधानी अपनाउन परराष्ट्रले भनेको छ।

## इजरायलमा रहेका ...

« पृष्ठ १ बाट क्रमशः

अमेरिका/इजरायल र इरानबीच तनाव बढ्दै गएपछि परराष्ट्र मन्त्रालयले एक महिनाअघि अर्थात् माघ १८ गते 'ट्राभल एड्भाइजरी' जारी गरेको थियो। इरानमा रहेका नेपालीलाई तत्काल स्वदेश फर्कन भनिएको थियो। इरान जाने योजना बनाएका नेपालीलाई तत्काल भ्रमण स्थगन गर्नसमेत आग्रह गरिएको थियो। परराष्ट्र मन्त्रालयका अनुसार इरानमा आठजना र इजरायलमा वैध ६ हजार र अवैध दुई हजार गरी कुल आठ हजार नेपाली कार्यरत छन्। इजरायलको राजधानी तेल अभिभस्थित नेपाली दूतावासले त्यहाँ रहेका नेपालीलाई इजरायल सरकारले जारी गरेका सुरक्षा सल्लाह र निर्देशनहरूको कडाइका साथ पालना गर्न आग्रह गरेको छ। नेपाली दूतावासले शनिबार एक एड्भाइजरी जारी गर्दै उक्त अनुरोध गरेको हो। अमेरिका र इजरायलले संयुक्त रूपमा शनिबार बिहान इरानमाथि आक्रमण गरेपछि दूतावासले एड्भाइजरी जारी गर्दै त्यहाँ रहेका नेपालीलाई सतर्क रहन अनुरोध गरेको हो। 'इजरायली अधिकारीहरू र होम फ्रण्ट कमाण्डद्वारा जारी सुरक्षा सल्लाह र निर्देशनहरूको कडाइका साथ पालना गर्नुहोस्', दूतावासले भनेको छ, 'सकेसम्म घरभित्रै बस्नुहोस्, सतर्क रहनुहोस्। उचित सावधानी अपनाउनुहोस् र नेपाली समुदायसँग नियमित सम्पर्क राख्नुहोस्।'

## इरानको जवाफी ...

« पृष्ठ १ बाट क्रमशः

आक्रमण सुरु गरेको आइडिएफले जानकारी दिएको छ। केही समयअघि इरानबाट इजरायलतर्फ मिसाइलहरू प्रहार गरिएको पहिचान भएपछि देशभरका विभिन्न क्षेत्रमा खतराको जनाउ दिने साइरनहरू बजाइएको थियो। आइडिएफले सर्वसाधारणलाई होम फ्रण्ट कमाण्डका निर्देशनहरू पालना गर्न अनुरोध गरेको छ। रक्षा प्रणाली पूर्णरूपमा अभेद्य नहुने हुनाले जनताले होम फ्रण्ट कमाण्डको मार्गदर्शनलाई निरन्तर पछ्याउनु अनिवार्य रहेको कुरामा इजरायलले जोड दिएको छ। साथै, लेबनानको हिजबुल्लाह र यमनका हुथी विद्रोहीहरूले पनि इजरायल र अमेरिकी सैन्य अखडाहरूमा आक्रमण सुरु गर्ने खतरा बढेको छ। साउदी अरब र संयुक्त अरब इमिरेट्स जस्ता छिमेकी देशहरूले आफ्नो हवाई क्षेत्र सुरक्षित राख्न उच्च सतर्कता अपनाएका छन्। आक्रमणको समयमा इरान आफैँ पनि आन्तरिक संकटबाट गुज्रिरहेको छ। सन् २०२५ को डिसेम्बरदेखि इरानमा आर्थिक मन्दी, मुद्राको अवमूल्यन र बढ्दो महँगीका विरुद्ध विशाल जनप्रदर्शनहरू भइरहेका छन्।

## अमेरिकी सैन्य ...

« पृष्ठ १ बाट क्रमशः

निसानामा परेका प्रमुख अमेरिकी आधार शिविरहरूमा कतारस्थित अल-उदेइद एयरबेस, कुवेतको अल-साल्मिया बेस, संयुक्त अरब इमिरेट्स (युएई) को अल-जाफ्रा एयरबेस, बहराइनस्थित पाँचौँ अमेरिकी बेस र जोर्डनको किङ हुसेन एयरबेस रहेका छन्। इरानले यी क्षेत्रमा रहेका अमेरिकी सैनिक संरचनालाई लक्षित गरी आक्रमण तीव्र पारेको समाचारहरूमा जनाइएको छ। अरब सञ्चार माध्यमहरूले जनाएअनुसार इरानी क्षेप्यास्त्र आक्रमण सुरु भएसँगै कुवेत, बहराइन र युएईमा लगातार हवाई आक्रमणको पूर्वसूचना दिने साइरनहरू बजिरहेका छन्। अमेरिकी सैन्य अखडाहरूका अतिरिक्त इजरायली क्षेत्रहरूमा पनि ठूला विस्फोटका घटनाहरू सार्वजनिक भएका छन्। संयुक्त अरब इमिरेट्स (युएई)को राजधानी अबुधाबीमा इरानबाट प्रहार गरिएका कैयौँ मिसाइलहरूलाई बीचमै रोकिए पनि त्यसको भग्नावशेष खस्दा कम्तीमा एक जनाको मृत्यु भएको हो।

## इरानी शासन ...

« पृष्ठ १ बाट क्रमशः

अस्तित्वगत खतरा हटाउन अभियान सुरु गरेको बताउनुभएको छ। इरानमाथि आक्रमण सुरु भएपछि उहाँले विज्ञप्ति जारी गरेर इरानको आतंककारी शासनले खडा गरेको अस्तित्वगत खतरा हटाउन अभियान सुरु गरेको बताउनुभएको हो। 'मेरा दाजुभाइ तथा दिदीबहिनीहरू, इजरायलका नागरिकहरू, केही समयअघि इजरायल र संयुक्त राज्य अमेरिकाले इरानको आतंककारी शासनले खडा गरेको अस्तित्वगत खतरा हटाउन एउटा अभियान सुरु गरेका छन्', नेतान्याहुले भन्नुभएको छ। उहाँले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ऐतिहासिक नेतृत्व लिएको भन्दै धन्यवाद पनि दिनुभयो। नेतान्याहुले इरानी सर्वोच्च नेता आयतुल्लाह अली खामेनेईले आफ्नै जनतालाई समेत नरसंहार गरेको आरोप लगाउनुभयो। नेतान्याहुले इरानलाई आणविक हतियारले सुसज्जित हुन दिन नहुनेमा पनि जोड दिनुभयो।

## अमेरिकी प्रशासनमा ...

« पृष्ठ १ बाट क्रमशः

सोसलमा भिडियो पोस्ट गर्दै ट्रम्पले यो आक्रमण अमेरिकी सुरक्षाका लागि चालिएको अनिवार्य कदम भएको स्पष्ट पार्नुभयो। इरानी जनताको स्वतन्त्रताको घडी नजिकिएको उल्लेख गर्दै ट्रम्पले अब इरानले कहिल्यै आणविक हतियार पाउन नसक्ने बताउनुभयो। 'यदि ऊसँग परमाणु हतियार भयो त्यो कति खतरनाक हुन्थ्यो भन्ने कल्पना गर्नुहोस्', उहाँले भन्नुभयो, 'अमेरिकाको प्रशासन मेरो नेतृत्वमा हुँदाहुँदै इरानसँग परमाणु हतियार हुनेछैन।'

## तेहरानका बासिन्दालाई ...

« पृष्ठ १ बाट क्रमशः

जारी गरेको हो। परिषद्ले जारी गरेको आधिकारिक वक्तव्यमा वर्तमान सुरक्षा परिस्थितिलाई ध्यानमा राख्दै नागरिकहरूलाई 'शान्त रहँदै सम्भव भए अन्य सहर वा सुरक्षित स्थानतर्फ यात्रा गर्न' अनुरोध गरिएको उल्लेख छ। अल जजिराका अनुसार राजधानी क्षेत्रमा सम्भावित सुरक्षा जोखिम बढेको आँकलनपछि सरकारले नागरिक सुरक्षालाई प्राथमिकता दिँदै पूर्वसावधानीस्वरूप यस्तो निर्देशन दिएको हो। सुरक्षा परिषद्को सन्देश सार्वजनिक भएसँगै तेहरानमा चिन्ता र अन्योल बढेको छ। केही स्थानीय सञ्चार माध्यमहरूले सहर बाहिरिने तयारी गर्ने नागरिकको संख्या बढ्न थालेको जनाएका छन्। विश्लेषकहरूका अनुसार राजधानी नै खाली गर्न सुझाव दिनु असाधारण कदम मानिन्छ, जसले क्षेत्रीय सुरक्षा अवस्था सामान्य नरहेको संकेत गर्छ।

## सयौँ अन्तर्राष्ट्रिय ...

« पृष्ठ १ बाट क्रमशः

सञ्चारमाध्यम अल जजिराले जनाएको छ।

सुरक्षा चिन्ताका कारण मध्यपूर्वमा धेरै अन्तर्राष्ट्रिय उडानहरू रद्द गरिएका छन्। धेरै देशहरूले आफ्नो हवाई क्षेत्र बन्द गरेको अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले जनाएका छन्। विज एयरले मार्च ७ सम्म इजरायल, दुबई, अबुधाबी र अम्मानका सबै उडानहरू रद्द गरेको समाचारमा उल्लेख छ। लुफ्थान्साले दुबई, तेल अभिभ, बेरुत र मस्कटका लागि शनिबार र आइतबारका उडानहरू रद्द गरेको छ। केएलएमले एम्स्टर्डमबाट तेल अभिभका लागि आफ्नो उडान रद्द गरेको छ। ओमान एयरले बगदादका लागि सबै उडानहरू स्थगित गरेको छ। रुसले इरान र इजरायलका लागि सबै उडानहरू रद्द गरेको छ। कुवेतले इरानका लागि उडानहरू स्थगित गरेको छ।


### गाउँ कार्यपालिकाको कार्यालय
### जगदुल्ला गाउँपालिका
कर्णाली प्रदेश, डोल्पा

**संक्षिप्त सूची स्वीकृत सम्बन्धी सूचना (EOI मूल्यांकन नतिजा)**

**प्रकाशित मितिः २०८२/११/१७**

यस कार्यालयद्वारा **"Request for Electronic Expression of Interest (EOI)"** अन्तर्गत (EOI नं.: JRM/NCB/CS/EOI/01/082/083) आशयपत्र माग गरिएकामा प्राप्त आशयपत्रहरूको मूल्यांकनबाट तपसिल बमोजिमका सूचिहरू छनौटमा परेकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। छनौट भएका आशयपत्रदाताहरूलाई आगामी चरण RFP (Request for Proposal) सम्बन्धी विवरण यथाशीघ्र जानकारी गराइने व्यहोरा समेत सूचित गरिन्छ।

परामर्श सेवा नाम: CD Plan of Educational Institute of Jagdulla Rural Municipality

**EOI नं.:** JRM/NCB/CS/EOI/01/082/083

| सि. नं. | आशयपत्रदाताको नाम, ठेगाना |
|---|---|
| 1 | JV of RIMC-Spiral-Arch Aid Lalitpur |
| 2 | JV of New Planet-Smart-Innovative Vision kathmandu |
| 3 | JV of Global-CSSID-Green Planet kathmandu |

**प्रमुख प्रशासकीय अधिकृत**



### नेपाल सरकारण
### शहरी विकास मन्त्रालय
### शहरी विकास तथा भवन निर्माण विभाग
### संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय
धनुषा, जनकपुरधाम

**बोलपत्र आह्वान/स्वीकृतीको आशय सम्बन्धी सूचना**

**प्रकाशन मिति : २०८२/११/१७**

यस. कार्यालय अन्तर्गतको तपसिलमा उल्लेखित निर्माण कार्यको लागि बोलपत्र आह्वान गर्नुपर्ने भएकोले प्रथमपटक सुचना प्रकाशित भएको मितिले. ३१ औ दिन (मिति २०८२।१२।१७ गते) को १२:०० बजे. भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको. Web-Portal www.bolpatra.gov.np/egp बाट Online.Bidding गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| S. N. | Contract No. | Description of Work | Bid Security | Cost of the Bidding Document | Remarks |
|---|---|---|---|---|---|
| 1 | FUDBCO/DHANUSHA/WORKS/NCB/63-2082/83 | Construction of Office Building of Public Service Commission (PSC), Jaleshwor, Mahottari | 13,25,000.00 | 5,000.00 | NCB, SSDE |

साथै यस कार्यालयको विभिन्न मितिमा प्रकाशित सार्वजनिक सूचना बमोजिम म्यादभित्र रीतपूर्वक प्राप्त हुन आएका बोलपत्रमध्ये तपसिल बमोजिमको बोलपत्रहरु न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्रहरु स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| S. N. | Contract No. | Name of Successful Bidders | Bid Amount (With VAT) |
|---|---|---|---|
| 1 | FUDBCO/Dhanusha/Works/NCB/40/082/083 | Janakpur Construction and Tubewell Drilling Company Pvt. Ltd., Dhanusha | 2,83,47,569.43 |
| 2 | FUDBCO/Dhanusha/Works/NCB/54/082/083 | SBAC/B.M.M. Builders JV, Dhanusha | 2,29,60,473.09 |


## पीडक नाबालक ...

« पृष्ठ १ बाट क्रमशः

जबरजस्ती करणीसम्बन्धी एक मुद्दामा तल्लो अदालतका फैसलाहरूलाई उल्ट्याउँदै पीडित बालिकालाई ५० हजार रुपैयाँ क्षतिपूर्ति दिलाउने फैसला गरेको हो। हालसालै पूर्णपाठसमेत सार्वजनिक भएको उक्त फैसलाले फौजदारी न्याय प्रणालीमा पीडकको उमेरभन्दा पीडितको न्याय र राहतलाई प्राथमिकता दिएको छ।

### क्षतिपूर्ति नभराउने फैसला भएको थियो जिल्ला र उच्चबाट

कपिलवस्तुमा २०७४ साल असार २३ गते १३ वर्ष आठ महिनाका एक बालकले सात वर्षीया बालिकालाई ललाई-फकाई अप्राकृतिक मैथुन (मलद्वारमा करणी) गरेका थिए। उक्त बाल यौन दुराचार मुद्दामा कपिलवस्तु जिल्ला अदालत ती बालकलाई कसुरदार ठहर गर्दै बालबालिका सम्बन्धी ऐनअनुसार ६ महिना बाल सुधार गृहमा पठाउने फैसला गरेका थिए।

जिल्लाको उक्त फैसलालाई उच्च अदालत तुलसीपुर (बुटवल इजलास) ले समेत सदर गरेको थियो। तर, ती दुवै तल्लो अदालतले 'प्रतिवादी नाबालक भएकोले उसले देवानी दायित्व (क्षतिपूर्ति) बहन गर्न नसक्ने' भन्दै पीडित बालिकालाई क्षतिपूर्ति भने नभराउने फैसला गरे। तल्लो अदालतको सोही क्षतिपूर्ति नभराउने' फैसलाविरुद्ध सरकारी वकिल कार्यालय सर्वोच्च अदालत पुगेको थियो।

### दण्ड र क्षतिपूर्ति भिन्न सजाय भएको व्याख्या

सर्वोच्च अदालतले तल्लो अदालतको फैसलालाई 'कानुनको अपव्याख्या' भन्दै बदर गरेको छ। सर्वोच्चले सो मुद्दामा मुख्य चारवटा सैद्धान्तिक व्याख्या गरेको छ। 'बालबालिका सम्बन्धी ऐनले नाबालकलाई कैद (फौजदारी सजाय) मा उमेरका कारण छुट दिएको हो। तर, त्यो छुटको अर्थ पीडितलाई तिर्नुपर्ने क्षतिपूर्तिमा पनि छुट पाउनु होइन' अदालतले भनेको छ, 'सजाय पीडकले पीडा दिएबापत पाउने दण्ड हो भने, क्षतिपूर्ति पीडितले भोगेको पीडाबापत पाउने राहत हो। यी दुई छुट्टाछुट्टै विषय हुन्।'

सर्वोच्च अदालतले उक्त फैसला गर्दा यसअघि नेपाल सरकारविरुद्ध मुन्ना मिया अन्सारी भन्ने गुलाव मिया भएको नाबालकसँग अप्राकृतिक मैथुन (जबरजस्ती करणी) मुद्दाको नजिरलाई आधार बनाएको छ। सो मुद्दामा अदालतले फैसला गर्दा भनेको छ- 'क्षतिपूर्तिसम्बन्धी कानुनी व्यवस्था मानसिक, शारीरिक, भौतिक, सामाजिक रूपमा क्षति पुगेको व्यक्तिलाई त्यस्तो क्षतिको मूल्यबापत भराइदिने आर्थिक मूल्य वा अन्य परिपूरण भराइदिने व्यवस्था हो। कानुनले प्रष्टसँग पीडितलाई क्षतिपूर्ति भराउने व्यवस्था गरेको अवस्थामा प्रतिवादीहरू नाबालक भएका कारण यसबाट पीडित अर्को नाबालकलाई क्षतिपूर्ति नभराउने हो भने संविधानको धारा १८(१) मा उल्लिखित कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन भन्ने समानताको हकसमेतको प्रतिकूल भई पीडितलाई अन्यायमाथि थप अन्यायको स्थिति पैदा हुन जाने।'

बालबालिका सम्बन्धी ऐन, २०४८ विशेष ऐन भई बालबालिकाले गरेको कसुरमा अन्य वयस्क उमेरका व्यक्तिले गरेको भन्दा सजायमा केही छुट प्रदान गरेको कुरालाई ऐनले क्षतिपूर्तिको दायित्वसमेत बेहोर्नु नपर्ने गरी छुट प्रदान गरेको भनी उक्त आदेश मनासिब नहुने भनी व्याख्या भएको छ।

अदालतले पीडितलाई राहत कोषको हकमा अन्याय गर्न निमल्ने ठहर गरेको छ। पीडितको संवैधानिक हक कुण्ठित गर्न नमिल्ने ठहर गर्दै अदालते फैसलामा भनेको छ, 'नेपालको संविधानको धारा २१(२) ले अपराध पीडितलाई क्षतिपूर्तिसहितको न्याय पाउने हक सुनिश्चित गरेको छ। यदि पीडक नाबालक भएकै कारण क्षतिपूर्ति नदिने हो भने पीडित बालिकामाथि 'अन्यायमाथि थप अन्याय' हुने र संविधानले दिएको समानताको हकसमेत हनन हुन्छ।'

साथै अदालतले कानुनले दिएको सुविधामा अपव्याख्या गर्न नमिल्ने भन्दै फैसलामा भनेको छ- 'कसैलाई कुनै पनि कानुनद्वारा प्राप्त सुविधालाई अपव्याख्या गरी वञ्चित गर्ने अधिकार कसैलाई हुँदैन। कानुनद्वारा प्राप्त सुविधालाई वञ्चित गर्ने अधिकार पनि कानुनले नै गर्नुपर्दछ। बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११ मा बालबालिकाको आपराधिक दायित्वअन्तर्गत बालबालिकालाई अन्य व्यक्तिभन्दा उमेरको आधारमा सजायमा केही छुटसम्म प्रदान गरेको देखिन्छ। सो सजायमा भएको छुट पीडित बालबालिकाले प्राप्त गर्ने क्षतिपूर्तिमा छुट हो भन्न सकिँदैन।'

### क्षतिपूर्ति भराउन सर्वोच्चले दियो विकल्प

क्षतिपूर्ति असुल गर्नका लागि सर्वोच्चले तीनवटा विकल्प दिएको छ। सर्वोच्च अदालतले पीडित बालिकालाई पचास हजार रुपैयाँ क्षतिपूर्ति भराउने फैसला गर्दै उक्त रकम कसरी असुल गर्ने पहिलो विकल्पमा प्रतिवादी (पीडक बालक) को नाममा कुनै सम्पत्ति भए त्यही सम्पत्तिबाट भराउन सकिने भनेको छ। दोस्रो विकल्पमा बालकको आफ्नो नाममा सम्पत्ति नभएमा निजका आमाबुबाको नाममा रहेको सम्पत्तिबाट बालकले पाउने अंश भागबाट असुल गरी भराउन भनेको छ। तेस्रो विकल्पमा माथिका दुवै अवस्थाबाट क्षतिपूर्ति असुल हुन नसकेमा, कानुनबमोजिम खडा भएको 'पीडित राहत कोष' (नेपाल सरकार) बाट उक्त ५० हजार रुपैयाँ पीडितलाई उपलब्ध गराउन भनेको छ।

# फागुन २१ को निर्वाचन जनमत संग्रह जस्तै : प्रचण्ड



**हिमालय टाइम्स**

कपिलवस्तु, रोल्पा, १६ फागुन

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले फागुन २१ गते हुने निर्वाचन नेपाली जनताको आत्मनिर्णयको अधिकार रक्षा गर्ने ठूलो जनमत संग्रहजस्तै भएको बताउनुभएको छ। संयोजक प्रचण्डले शनिबार कपिलवस्तुको कृष्णनगरमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै सबै राजनीतिक शक्ति मिलेर मुलुकको रक्षा गर्ने समय आएको बताउनुभयो।

उहाँले आगामी निर्वाचन राष्ट्रको एकता प्रवर्द्धन गर्ने शक्ति र राष्ट्रलाई संकटमा धकेल्ने प्रवृत्तिबीचको प्रतिस्पर्धा भएको धारणा राख्नुभयो। 'राष्ट्र बचाउने र राष्ट्रिय एकताको पक्षमा दृढतापूर्वक उभिने शक्तिलाई मतदान गर्ने कि अरूलाई भन्ने महत्त्वपूर्ण प्रश्न अहिले मतदातासामु छ', उहाँले भन्नुभयो। प्रचण्डले मुलुकमा निर्वाचनको वातावरण बन्नु नेकपाका लागि गर्वको विषय भएको उल्लेख गर्दै पार्टीको पक्षमा सकारात्मक नतिजा आउने दाबी गर्नुभयो।

**'जीवनको उत्तरार्द्धमा एउटा सपना देखेको छु, साच्चै समाजवादी नेपाल निर्माण गर्ने'**

शनिबार नै रोल्पाको लिवाङमा आयोजित अर्को चुनावी सभामा प्रचण्डले जीवनको उत्तरार्द्धमा समाजवादी नेपाल निर्माण गर्ने सपना देखेको सुनाउँदै जनसमर्थनका लागि अपिल गर्नुभयो।

माओवादी आन्दोलनको आधार इलाकाबाट नै समाजवादी अभियानलाई नयाँ ढंगले अघि बढाउने संकल्प गरेको उहाँको भनाइ थियो। 'हामी यसपटक हतियार लिएर होइन, मतपत्र लिएर मैदानमा उत्रिएका छौँ', प्रचण्डले भन्नुभयो, 'जनताको मतको शक्तिमा सिंहदरबार पुगेर नयाँ समाजवादी अभियान अघि बढाउने हाम्रो लक्ष्य हो।' देश अहिले संकटमा रहेको दाबी गर्दै उहाँले देशको एकता जोगाउने प्रतिबद्ध शक्ति नेकपा मात्रै भएको उल्लेख गर्नुभयो। आउँदो प्रतिनिधि सभा निर्वाचनबाट नेकपा पहिलो पार्टी बन्ने दाबी गर्दै उहाँले रुकुम, रोल्पालगायत देशभरका मतदातालाई सहयोग गर्न आग्रह गर्नुभयो।

स्वच्छ र निष्पक्ष निर्वाचन भएमा नेकपा पहिलो पार्टी बन्ने सम्भावना रहेको उल्लेख गर्दै प्रचण्डले केन्द्रीय आधार इलाकाबाट पुनः समाजवादी आन्दोलन सुरु गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्नुपर्ने बताउँदै प्रचण्डले सुरक्षा निकाय, राजनीतिक दल र कर्मचारीतन्त्रलाई राष्ट्र बचाउने कामलाई उच्च प्राथमिकता दिन आग्रह गर्नुभयो। उहाँले हालैका केही घटनाक्रमले जनतालाई चिन्तित बनाएको उल्लेख गर्दै निर्वाचन नै निकासको उत्तम विकल्प भएको दाबी गर्नुभयो।

## धनुषामा प्रेम सम्बन्धले लियो युवकको ज्यान

**जनकपुरधाम।** धनुषाको हंसपुर नगरपालिका वडा नं. ९ रुदौलीका १८ वर्षीय सुमित मण्डलको घाँटी रेटी हत्या गरेको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय धनुषाले प्रेस विज्ञप्ति जारी गर्दै घटनामा संलग्न रहेको आरोपमा मृतककी प्रेमिका, उनका दाजु र काकालाई सार्वजनिक गरेको हो। पक्राउ पर्नेमा २९ वर्षीय परमेश्वर मण्डल, २० वर्षीय दीपेश मण्डल र १८ वर्षीया काजल मण्डल रहेका छन्। प्रहरीका अनुसार, सुमित फागुन १३ गते साँझ आफ्नी प्रेमिका काजललाई भेट्न उनको घर पुग्नुभएको थियो। सो क्रममा घरमा अन्य सदस्य नभएको अवस्थामा काजलका काकाले सुमितलाई देखेपछि विवाद सुरु भएको बताइएको छ। त्यसपछि काकाले आफ्ना भतिज दीपेशलाई बोलाई दुवैले मिलेर सुमितमाथि कुटपिट गरेका थिए।


# Shuddhodhan Rural Municipality
## Office of the Rural Municipal Executive
### Labani, Kapilvastu

**Invitation of Bid**

**Date of Publication : 2082/11/17**

1. Shuddhodhan Rural Municipality, Office of the Rural Municipal Executive invites E-Bids from eligible and qualified bidders for the following construction works.

| S. N. | Contract No. | Description of works | Bid validity period / Bid security validity | Bid Security Amount (NRs) | Bid Document Fee (Non Refundable | Last date of Bid Submission and Time | Date of Bid Opening and Time |
|---|---|---|---|---|---|---|---|
| 1. | 04/SRM/BUILDING/ NCB/2082-083 | Construction of Samudaik Bhawan at Baskhor. | 90/120 days | 1,10,000.00 | 3000.00 | 2082/12/17 till 12:00 Hrs | 2082/12/17 at 13:00 Hrs |

2. Information to deposit the cost of Bidding document and bid bond in the bank:

| | | |
|---|---|---|
| Rajaswa Khata No. | 06300257CA | Prime Commercial Bank, Labani, Kapilvastu |
| Dharauti Khata No. | 06300272CA | |

3. Bidders have to submit their bid electronically through e-procurement section of PPMO's website **http://www.bolpatra.gov.np/egp.** (online) only.
4. Pre-bid meeting shall be held at Shuddhodhan Rural Municipality, Labani, Kapilvastu, **Date: 2082/12/06, Time: 13:00 hrs**
5. Any provisions which are not mentioned in this notice will be consistent with PPA 2063, PPR 2064 and other prevailing Nepalese laws.
6. Shuddhodhan Rural Municipality reserves the right to accept or reject, wholly or partially any or all the bids without assigning any reason, whatsoever.
7. If last date of purchasing and/or submission falls on government holiday, then next working day shall be considered as the last date.
8. Eligible Bidders may obtain further information from PPMO website **www.bolpatra.gov.np/egp.**

**Chief Administrative Officer**


# लुलाङका मतदाता भन्छन्– बालविवाह रोकिदिनेलाई भोट

**ध्रुवसागर शर्मा/हिटा**

म्याग्दी, १६ फागुन

म्याग्दीको धवलागिरि गाउँपालिका वडा नं. २ मा पर्छ लुलाङ गाउँ। भौगोलिक रूपमा विकट भएकाले विकासका पूर्वाधारहरूबाट टाढा रहेको यो गाउँ वर्षौंदेखि बालविवाहका कारण बदनाम भएको छ। यही गाउँमा बस्नुहुन्छ १८ वर्षीया उर्मिला सिर्पाली। आफ्ना साथीहरू सानै उमेरमा विवाह गरेर गएपछि सखी दौंतरीविहीन बन्नुभएको छ सिर्पाली। त्यस्तै, १९ वर्षीया मेनुका विकको पीडा पनि सिर्पालीको जस्तै छ। सबै साथीहरू सानै उमेरमा विवाह गरेर गएपछि गाउँका र बालविवाह गर्ने साथीहरूको जीवनमा नै नराम्रो प्रभाव परेको विकको अनुभव छ।

अधिकांश विपन्न र दलित समुदायको बसोबास रहेको लुलाङ गाउँमा अशिक्षा र गरिबीकै कारण बालविवाहजस्तो गैरकानुनी र अमानवीय समस्या उत्पन्न हुने गरेको स्थानीय बताउँछन्। 'परिवार धेरै, कमाइ केही नहुने, पढ्ने उमेरमा घाँसदाउराको भारी बोक्न जानुपर्ने, त्योभन्दा त बरु विवाह गरेर गएपछि हाइसन्चो हुने लोभले यहाँका छोरीचेलीहरू उमेर नपुग्दै विवाह गरेर जान बाध्य छन्,' लुलाङका ७२ वर्षीय टेकबहादुर सिर्पालीले भन्नुभयो, 'बालविवाह हाम्रा लागि ठूलो समस्या बनेको छ। चुनावका बेला गाउँ-गाउँमा प्रचारका लागि आउने नेताहरूले यो समस्या समाधान गरिदिन्छौं भने पनि अहिलेसम्म जस्ताको त्यस्तै छ। यो पटक त धेरै सोचविचार गरेरमात्रै भोट हाल्ने हो।' गाउँमा चुनाव प्रचार गर्दै भोट माग्न गएका उम्मेदवार र नेताहरूलाई यहाँका बासिन्दाहरूले 'बालविवाहको समस्या समाधान गरिदेऊ, भोट लैजाऊ' भन्ने गरेका छन्। केही दिनअघि लुलाङमा भोट माग्दै पुग्नुभएका नेपाली कांग्रेसका उम्मेदवार कर्णबहादुर भण्डारीलाई पनि उनीहरूले यही कुरा भने। उम्मेदवार भण्डारीले बालविवाहको रोकथामका लागि कानुनी व्यवस्था भए पनि गरिबी, बेरोजगारी र चेतनाको अभावका कारण यहाँ यो समस्या अन्त्य हुन नसकेको बताउँदै सबैभन्दा पहिला आर्थिकस्थिति बलियो हुने खालका कामहरू गर्नुपर्ने र त्यसका लागि आफूले रोजगारीको व्यवस्था गरिदिई बालविवाह न्यूनीकरणका लागि प्रयास गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, 'नेपालमा बालविवाह कानुनी रूपमा प्रतिबन्धित छ। मुलुकी फौजदारी संहिता, २०७४ अनुसार विवाहको कानुनी उमेर पुरुष र महिला दुवैका लागि २० वर्ष तोकिएको छ। यदि यसभन्दा कम उमेरमा विवाह गराइयो भने यो अपराध मानिन्छ। तर, अशिक्षा, गरिबीजस्ता बाध्यताले गर्दा बालविवाह हुने गरेको छ। यसलाई रोक्न आफू निर्वाचित भएर गएपछि सचेतना र रोजगारीलाई नै प्राथमिकता दिने उम्मेदवार भण्डारीले बताउनुभयो। त्यसैगरी गाउँमा भोट माग्न आएका सबै उम्मेदवारहरूलाई स्थानीयले बालविवाह रोकिदिने प्रतिबद्धता गर, भोट दिन्छौं भन्ने गरेका छन्। मुलुकी फौजदारी संहिता, २०७४ को धारा १७३ मा नाबालकलाई विवाह गर्न बाध्य पार्ने वा गराउनेलाई एकदेखि पाँच वर्षसम्म कैद र जरिवाना सजाय हुने व्यवस्था छ। त्यसैगरी बालविवाह निवारण ऐनले बालविवाहलाई रोक्न सरकारी निकायलाई कारबाही गर्ने अधिकार दिएको छ।


# राजेश मेटल क्राफ्टस लिमिटेड

**केन्द्रीय/ रजिष्टर्ड कार्यालयः का.म.न.पा. -११, थापाथली काठमाडौंको**

**विशेष साधारण सभा बस्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/११/१७**

आदरणीय शेयरधनी महानुभावहरु,
यस कम्पनीको संचालक समितिको मिति २०८२/११/१५ गते बसेको बैठकको निर्णयानुसार कम्पनीको विशेष साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा, सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**१. सभा हुने मिति, स्थान र समय :**

**मितिः** २०८२ साल चैत्र २ गते, सोमबार (तदनुसार १६ मार्च, २०२६)
**स्थानः** राजेश मेटल क्राफ्टस लिमिटेडको कार्यालय, थापाथलि, काठमाडौं
**समयः** दिउँसो २:०० बजे

**२. छलफलका विषयहरुः**

**क) विशेष प्रस्तावहरु :**

१. संचालक समितिबाट प्रस्ताव भए बमोजिम हाल कायम रहेको चुक्ता पुंजी रु ९९०,०००,००० (उनान्सय करोड) को १४२.४२ (निकटम २ अंक) प्रतिशत का दरले हुन आउने रु १,४१०,०००,००० (एक अर्ब एकचालीस करोड) बराबरको बोनस शेयर वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने।
२. संचालक समितिबाट प्रस्ताव भए बमोजिम हाल कायम रहेको चुक्ता पुंजी रु ९९०,०००,००० (उनान्सय करोड) को ७.५० (निकटम २ अंक) प्रतिशत का दरले हुन आउने रु ७४,२१०,५२६.३२ (सात करोड बयालीस लाख दश हजार पांच सय छब्बीस र पैसा बत्तीस) बराबरको नगद लाभांश (बोनस शेयरको कर प्रयोजनकालागि) वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने।
३. प्रबन्धपत्र तथा नियमावली को दफा २, र प्रबन्धपत्रको दफा ६ (क, ख र घ) मा संशोधन गर्ने प्रस्ताव स्वीकृत गर्ने।
४. विविध।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



# सिप्रदी हायर पर्चेज प्रा.लि. काठमाण्डौको कर्जा नतिर्ने ऋणीहरुलाई कर्जा रकम भुक्तान गर्न आउने तथा कालो सूचीमा समावेश गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**(मिति २०८२/११/१७ गते आइतबार हिमालय टाइम्स राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित)**

नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज कर्जा प्रदान गर्न इजाजतपत्र प्राप्त यस कम्पनीबाट हायर पर्चेज कर्जा शिर्षक अन्तर्गत कर्जा उपभोग गर्नुहुने तपशिलमा उल्लेखित तपाई ऋणीले कम्पनीसंग गरेको शर्त कबूलियत बमोजिम नियमित तिर्न बुझाउन पर्ने किस्ता सांवा ब्याज तथा हर्जना रकम नतिरी नबुझाई अनियमित गर्नुभएको र कर्जा रकम चुक्ता भुक्तान गर्ने सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सोको बेवास्ता तथा आलटाल गरी कर्जा लिंदाका वखत लेखाइदिएको कर्जा तमसुक शर्त कबुलियतको शर्त बन्देजहरु उल्लंघन गर्नुभएकोले कर्जाबाट खरिद गरी सञ्चालन गरेको सवारी साधन कम्पनीले बाध्य भई कब्जामा लिएका वा लिन बाँकी सवारी साधनको कर्जाको किस्ता रकम विगत एक वर्ष वा सो भन्दा कम समय देखी भुक्तानी हुन नसकी आएको ले कम्पनीको तर्फबाट तपाई ऋणीले लेखाइदिएको ठेगानामा ७ (सात) दिने सुचना पठाई कर्जाको लेना रकम चुक्ता गरी सवारी साधन फिर्ता लैजानका लागि गरेको अनुरोधको समेत वेवास्ता गर्नुभएकोले कर्जा रकम चुक्ता गर्नको लागि अन्तिम मौका स्वरुप यो ३५ (पैतिस) दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ। अत : यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कम्पनीमा सम्पर्क राखी भुक्तानी गर्न बाँकी साँवा, ब्याज र अन्य दस्तुर सहितको सम्पूर्ण लेना रकम चुक्ता भुक्तान गर्नुहुन अनुरोध गरिन्छ। सो अनुसार लेना रकम चुक्ता भुक्तान नगरेमा नेपाल राष्ट्र बैंक ऐन, २०५८, नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन, संस्थाको कर्जा असूली निर्देशिका तथा प्रचलित नियमानुसार कर्जा सुचना केन्द्रको कालोसूचीमा समावेश गर्न पठाउने र तपाई ऋणीहरुबाट नियन्त्रणमा लिइएको वा लिन बाँकी सवारी साधनहरुलाई नियन्त्रणमा लिई तपशिल बमोजिमका सवारी साधनहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा स्वतन्त्र मुल्यांकनकर्ताबाट पुनर्मूल्यांकन गराई, तपाईले साविकमा लेखाईदिएको मञ्जुरीनामा समेतको आधारमा सोझै अन्य खरिदकर्तालाई बिक्री गरी वा अन्य उपयुक्त व्यवस्था गरी कर्जा असूल उपर गरीने र कुनै कारणवश तपशिलमा उल्लेखित सवारी साधन बिक्री नभएमा वा सो सवारी साधन बिक्रीबाट लेना रकम असूल नभएमा नपुग रकमको हकमा प्रचलित कानून बमोजिम असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | ऋणीको नाम, थर र ठेगाना | धितोको सुरक्षणको विवरण | जमानतकर्ता/ शेयरधनिको को नाम, थर |
|---|---|---|---|
| १. | नाम : केशव हमाल<br>नागरिकता नं : ०४९२७५११<br>जारी मिति : २०६२/०२/१५ (महोत्तरी)<br>बाबु : ध्रुव बहादुर हमाल<br>बाजे : चक्र वहादुर हमाल<br>ठेगाना : बर्दिवास-०१, महोत्तरी | चेसिस नं : MAT623226FLH24281<br>इन्जिन नं : REVTRN01HUYP45242<br>सवारी दर्ता नं : BA14CHA2933<br>मोडल : ZEST REVOTRON XM<br>सवारीको किसिम : निजी कार | नाम : बिनिता राई<br>नागरिकता नं : ०७१०२१/४२९७<br>जारी मिति : २०६७/०१/३१ (धनकुटा)<br>ठेगाना : धनकुटा-०७, धनकुटा |
| २. | नाम : बाबुराम थापा मगर<br>नागरिकता नं : १७१०९६/७४५<br>जारी मिति : २०६८/०७/२५ (धनुषा)<br>बाबु : सूर्य बहादुर थापा मगर<br>बाजे : भक्तबहादुर थापा मगर<br>ठेगाना : ढल्केबर-०५, धनुषा | चेसिस नं : MAT460151KUR07582<br>इन्जिन नं : 2.2LDICOR27NPYJ13850<br>सवारी दर्ता नं : P203001KHA1100<br>मोडल : WINGER_15+D_MINI_BUS<br>सवारीको किसिम : भाडा मिनी बस | नाम : सूर्य बहादुर थापा मगर<br>नागरिकता नं : २५६६२०६०<br>जारी मिति : २०५९/०८/२७ (धनुषा)<br>ठेगाना : ढल्केबर-०५, धनुषा |
| ३. | कम्पनीको नाम : प्रज्वल जल उधोग<br>दर्ता नं : १०२८७/०७८/७९<br>दर्ता मिति : २०७८/०८/१७<br>स्थायी लेखा नं.: ११९७४४९८९<br>जारी मिति : २०७८/०८/१३<br>ठेगाना : राजविराज-०९, सप्तरी<br>प्रोप्राइटर/शेयरधनीको नाम : अन्नु कुमारी माझी<br>नागरिकता नं : १६१००१/४३५९<br>जारी मिति : २०६७/०५/११ (सप्तरी)<br>बाबु : मनोज कुमार माझी<br>बाजे : गणेश माझी<br>ठेगाना : रा.वि.न.पा.-०३, सप्तरी | चेसिस नं : MAT445082MZR10858<br>इन्जिन नं : 275IDI06EYXS42936<br>सवारी दर्ता नं : MP01001CHA0639<br>मोडल : ACE FACE LIFT HIDECK<br>सवारीको किसिम : निजी पिकअप | नाम : मनिष महासेठ<br>नागरिकता नं : ७७४१३८२२<br>जारी मिति : २०५९/११/०८ (सिराहा)<br>ठेगाना : रामपुरविर्ता-०९, सिराहा |
| ४. | कम्पनीको नाम :<br>संतोष किराणा एण्ड मदिरा पसल<br>दर्ता नं : ५६८८/०७४/०७५<br>दर्ता मिति : २०७४/१०/१५<br>स्थायी लेखा नं.: ६०६४९४३२२<br>जारी मिति : २०७४/०५/१९<br>ठेगाना : हनुमाननगर कंकालिनी-०१, सप्तरी<br>प्रोप्राइटर/शेयरधनीको नाम : संतोस कुमार मेहता<br>नागरिकता नं : १६३०१९/४<br>जारी मिति : २०६३/१०/०२ (सप्तरी)<br>बाबु : सुकदेव महतो<br>बाजे : मुनर महतो<br>ठेगाना : भारदह-०६, सप्तरी | चेसिस नं : MAT460151KUR07757<br>इन्जिन नं : 2.2LDICOR27NPYJ14120<br>सवारी दर्ता नं : P201001KHA0310<br>मोडल : WINGER_15+D_MINI_BUS<br>सवारीको किसिम : भाडा मिनी बस | नाम : गिता देवी मेहता<br>नागरिकता नं : १६१०२९/१६५<br>जारी मिति : २०७१/०१/१७ (सप्तरी)<br>ठेगाना : भारदह-०६, सप्तरी |
| ५. | नाम : सुशिला कार्की<br>नागरिकता नं : २९-०१-७२-०१९०३<br>जारी मिति : २०७२/०४/१९ (भक्तपुर)<br>बाबु : माहिला श्रेष्ठ<br>बाजे : बुद्धि बहादुर श्रेष्ठ<br>ठेगाना : सुर्यविनायक-०४, भक्तपुर | चेसिस नं : MAT544009N7R01976<br>इन्जिन नं : 497TC44AXX600870<br>सवारी दर्ता नं : BP01006KHA5252<br>मोडल : LPT_1412/42HDLB_ABS<br>सवारीको किसिम : भाडा ट्रक | नाम : प्रल्हाद कार्की<br>नागरिकता नं : ७२५९<br>जारी मिति : २०५९/०२/२३ (भक्तपुर)<br>ठेगाना : कटुञ्जे-०७, भक्तपुर<br>नाम : सुजन श्रेष्ठ<br>नागरिकता नं : २७३०/घु.सि.५०<br>जारी मिति : २०६९/०७/२२ (काठमाडौं)<br>ठेगाना : दक्षिणकाली-०२, काठमाडौं |
| ६. | कम्पनीको नाम : मामा कन्स्ट्रक्सन<br>उधोग दर्ता नं : ४२१/०८०/०८१<br>घ.द.नं : ११७८८/०४७/०४८<br>दर्ता मिति : २०८०/०६/३०<br>स्थायी लेखा नं.: ३००७८९२७८<br>जारी मिति : २०५८/११/२२<br>ठेगाना : बुटवल-०५, रुपन्देही<br>प्रोप्राइटर/शेयरधनीको नाम : रुद्र प्रसाद शर्मा<br>नागरिकता नं : ६२२६४<br>जारी मिति : २०३८/०५/१६ (रुपन्देही)<br>बाबु : गौरिस्वर शर्मा<br>बाजे : नन्दलाल शर्मा<br>ठेगाना : बुटवल-१५, रुपन्देही | चेसिस नं : THEWBAD1TH0010965<br>इन्जिन नं : 497TC40KTY840901<br>सवारी दर्ता नं : NA1KA6554<br>मोडल : TH86<br>सवारीको किसिम : निजी लोडर<br>चेसिस नं : MAT448137G3R29204<br>इन्जिन नं : 61M63564578<br>सवारी दर्ता नं : NA1KA7874<br>मोडल : LPK2518HD/38/BS3<br>सवारीको किसिम : निजी टिपर | नाम : सीता पोखरेल<br>नागरिकता नं : २७-०१-७२-०५७७५<br>जारी मिति : २०७२/०४/२८ (काठमाडौं)<br>ठेगाना : काठमाडौं-१०, काठमाडौं |
| ७. | नाम : शारदा न्यौपाने<br>नागरिकता नं : २३९०८<br>जारी मिति : २०६९/०९/१९<br>(उर्लाबारी)<br>बाबु : ललित बहादुर रायमाझी<br>बाजे : डिक बहादुर रायमाझी<br>ठेगाना : जलजला-०५, संखुवासभा | चेसिस नं : MAT445554JZR79823<br>इन्जिन नं : 275IDI06PRYSK5618<br>सवारी दर्ता नं : KO2CHA3076<br>मोडल : ACE EX<br>सवारीको किसिम : निजी पिकअप | नाम : फुल कुमारी रायमाझी<br>नागरिकता नं : १३६१/१८५९<br>जारी मिति : २०.../../.. (मोरङ)<br>ठेगाना : शनिश्चरे-०७, मोरङ |
| ८. | कम्पनीको नाम : के.एस.सप्लायर्स प्रा.लि.<br>दर्ता नं : १९१५९२/७४/०७५<br>दर्ता मिति : २०७५/०२/३०<br>स्थायी लेखा नं.: ६०६६८३९८८<br>जारी मिति : २०७५/०३/०८<br>ठेगाना : सूर्यविनायक-०५, भक्तपुर<br>प्रोप्राइटर/शेयरधनीको नाम : कल्पना दाहाल<br>नागरिकता नं : १२-०१-७३-०४९६६<br>जारी मिति : २०७३/०९/१३ (खोटाङ)<br>बाबु : राम वहादुर दाहाल<br>बाजे : विर्ख वहादुर दाहाल<br>ठेगाना : नेर्पा-०९, खोटाङ | चेसिस नं : MAT464602KSR03166<br>इन्जिन नं : 4SPCR10CPY611095<br>सवारी दर्ता नं : BA21CHA9018<br>मोडल : XENON YODHA SC 4X2<br>सवारीको किसिम : निजी पिकअप | नाम : दिपक बहादुर श्रेष्ठ<br>नागरिकता नं : १०४१४९<br>जारी मिति : २०५८/०९/२५ (काभ्रे)<br>ठेगाना : भुम्लुटार-०८, काभ्रे |
| ९. | नाम : अनिता नेवार<br>नागरिकता नं : ०३-०१-८०-०१९७५<br>जारी मिति : २०८०/०४/३० (इलाम)<br>बाबु : प्रदिप नेवार<br>बाजे : ...............<br>ठेगाना : सूर्योदय-१०, इलाम | चेसिस नं : MAT388116J2R28207<br>इन्जिन नं : 81M63752255<br>सवारी दर्ता नं : KO1KHA7403<br>मोडल : SK1613TC\36CAB BSIII<br>सवारीको किसिम : भाडा टिपर | नाम : निषा नेवार<br>नागरिकता नं : ०३-०१-७९-०३५६०<br>जारी मिति : २०७९/०९/१३ (इलाम)<br>ठेगाना : सूर्योदय-१०, इलाम |
| १०. | नाम : राज कुमार साह<br>नागरिकता नं : ९६६९/५७८<br>जारी मिति : २०५९/०९/२१ (मोरङ)<br>बाबु : मानिक साह<br>बाजे : राम लखन शाह<br>ठेगाना : राजघाट-०३, मोरङ | चेसिस नं : MAT464602KSR10714<br>इन्जिन नं : 4SPCR10HPY634246<br>सवारी दर्ता नं : P101001CHA7222<br>मोडल : XENON YODHA SC 4X2<br>सवारीको किसिम : निजी पिकअप | नाम : आरती कुमारी साह<br>नागरिकता नं : १५८५१<br>जारी मिति : २०६८/०१/१२ (मोरङ)<br>ठेगाना : राजघाट-०३, मोरङ |
| ११. | नाम : टिका श्रेष्ठ<br>नागरिकता नं : ३५७४४२६९<br>जारी मिति : २०५४/११/११ (झापा)<br>बाबु : खड्ग वहादुर श्रेष्ठ<br>बाजे : .......................<br>ठेगाना : गरामनी-०९, झापा | चेसिस नं : MAT445164JVH53902<br>इन्जिन नं : 0.8LTDICRAIL08HRYSC8173<br>सवारी दर्ता नं : ME1JA3167<br>मोडल : MAGIC MANTRA AW<br>सवारीको किसिम : भाडा भ्यान | नाम : प्रकाश श्रेष्ठ<br>नागरिकता नं : ४०४११४५४८<br>जारी मिति :२०../../.. (झापा)<br>ठेगाना : बुधवारे-०९, झापा |
| १२. | कम्पनीको नाम : बि.एस.ब्लक तथा कंक्रीट उद्योग<br>दर्ता नं : ४२३/०६७/०६८<br>दर्ता मिति : २०६७/०५/१०<br>स्थायी लेखा नं.: ३०५३८१९१०<br>जारी मिति : २०६८/०९/१२<br>ठेगाना : भिरकोट-०९, दोलखा<br>प्रोप्राइटर/शेयरधनीको नाम : सिताराम उप्रेती<br>नागरिकता नं : २२१४९४-१६९<br>जारी मिति : २०५२/०१/१२ (दोलखा)<br>बाबु : युवनाथ उप्रेती<br>बाजे : पदम नाथ उप्रेती<br>ठेगाना : भीरकोट-०९, दोलखा | चेसिस नं : THEWBAD1PJ0011301<br>इन्जिन नं : 497TC40BRY804344<br>सवारी दर्ता नं : BA3KA3166<br>मोडल : TH86<br>सवारीको किसिम : निजी Backhoe Loader | नाम : इश्वरी उप्रेती<br>नागरिकता नं : २२३०४७-११६<br>जारी मिति : २०६३/१०/२५ (दोलखा)<br>ठेगाना : तामाकोशी-०१, दोलखा<br>नाम : टेक कुमार योगी<br>नागरिकता नं : ३६१३५<br>जारी मिति : २०६१/०४/१० (दोलखा)<br>ठेगाना : मालु-०९, दोलखा |
| १३. | कम्पनीको नाम :<br>आमा अमर कन्स्ट्रक्सन प्रा.लि.<br>दर्ता नं : २३७३०२/७६/०७७<br>दर्ता मिति : २०७७/०३/०७<br>स्थायी लेखा नं.: ६०९७५०४६१<br>जारी मिति : २०७७/०३/०९<br>ठेगाना : मिक्लाजुङ-०४, मोरङ<br>प्रोप्राइटर/शेयरधनीको नाम : समिर राई<br>नागरिकता नं : ०५२०१७/२०८५६<br>जारी मिति : २०६९/०३/२७ (मोरङ्)<br>बाबु : पञ्चलाल राई<br>बाजे : गंगाराम राई<br>ठेगाना : टाँडी-०५, मोरङ् | चेसिस नं : MAT448137K3R17182<br>इन्जिन नं : 91F63797623<br>सवारी दर्ता नं : P102001KA3739<br>मोडल : LPK2518HD/38/BS3<br>सवारीको किसिम : निजी टिपर | नाम : पञ्चलाल राई<br>नागरिकता नं : ७२५/१९४६<br>जारी मिति : २०४३/११/०१ (मोरङ्)<br>ठेगाना : टाँडी-०५, मोरङ् |
| १४. | नाम : डोमाइ सदा मुसहर<br>नागरिकता नं : ०६-०१-७६-०५१८४<br>जारी मिति : २०७६/०३/३० (सुनसरी)<br>बाबु : भुट्ला मुसहर<br>बाजे : कुचाइ रिशीदेव<br>ठेगाना : इटहरी-०८, सुनसरी | चेसिस नं : MAT464602KSR10540<br>इन्जिन नं : 4SPCR10HPY633696<br>सवारी दर्ता नं : P101001CHA7198<br>मोडल : XENON YODHA SC 4X2<br>सवारीको किसिम : निजी पिकअप | नाम : वुनिता कुमारी सदा<br>नागरिकता नं : ०६-०१-७९-०६१३२<br>जारी मिति : २०७९/०४/०९ (सुनसरी)<br>ठेगाना : इटहरी-०८, सुनसरी |
| १५. | नाम : राज कूमार यादव<br>नागरिकता नं : १७११९/१९११९<br>जारी मिति : २०५०/०३/०३ (सुनसरी)<br>बाबु : रामफल यादव<br>बाजे : नैनी यादव<br>ठेगाना : इनरुवा-०६, सुनसरी | चेसिस नं : MAT448137M3R15534<br>इन्जिन नं : 12G63873912<br>सवारी दर्ता नं : P102001KHA9709<br>मोडल : LPK2518HD/38/BS3<br>सवारीको किसिम : निजी टिपर | नाम : मन्जु यादव<br>नागरिकता नं : ०६१०३७/१५३६२३<br>जारी मिति : २०६७/०५/२४ (सुनसरी)<br>ठेगाना : इनरुवा-०६, सुनसरी |


CMYK

## सम्पादकीय

# निर्वाचनमा सबैको अर्जुनदृष्टि आवश्यक

प्रतिनिधिसभाको निर्वाचन अब चार दिनपछि सम्पन्न हुँदैछ। दलहरू आ-आफ्नो अभियानमा सक्रिय छन् र प्रचारप्रसार अन्तिम चरणमा पुगेको छ। १८ गते रातिदेखि मौनअवधि सुरु भई ४८ घण्टापछि मतदान हुनेछ। प्रचारको समय छोटिँदै जाँदा राजनीतिक गतिविधि झनै तीव्र बन्दै जानु स्वाभाविक हो। यतिबेला त्यही चरम सक्रियता देखिएको छ।

मौनअवधिमा सार्वजनिक प्रचार निषेध भए पनि विभिन्न माध्यमबाट मतदातालाई प्रभावित पार्ने प्रयास हुने गरेको विगतका अनुभव छन्। फोन सम्पर्क, निकट सम्बन्धमार्फत मत तान्ने प्रयास, यहाँसम्म कि लेनदेनजस्ता गैरकानुनी गतिविधिका समाचारहरू अघिल्ला निर्वाचनहरूमा सुनिँदै आएका हुन्। कतिपय स्थानमा पैसा बाँड्दै गरेको अवस्थामा नेता फेला परेको, लखेटिएको वा रकम बरामद गरिएको घटनाले लोकतन्त्रको छविलाई धूमिल बनाएको थियो। यसपटक यस्ता गतिविधि दोहोरिन नदिनु नै सबैको चाहना र दायित्व हो।

समयक्रमसँगै हाम्रो निर्वाचन अभ्यास परिपक्व बन्दै गएको छ। प्रारम्भिक चरणमा देखिने जुलुस, भित्तेलेखन, ठूला पोष्टर-ब्यानर, तुल, झण्डाको व्यापक प्रयोग जस्ता गतिविधि क्रमशः निषेधित हुँदै गएका छन्। चुनाव चिह्न अंकित टोपी, टिसर्ट, स्टिकर आदिको प्रयोगमा पनि नियन्त्रण लगाइएको छ। यसले निर्वाचनलाई बढी मर्यादित र व्यवस्थित बनाएको छ।

झण्डै तीन दशकअघि प्रजातन्त्र पुनःस्थापना हुँदा जन्मिएको पुस्ता आज प्रौढ भइसकेको छ। शिक्षाको विस्तारसँगै राजनीतिक चेतना पनि बढेको छ। जनताले राजनीतिलाई नजिकबाट बुझ्न थालेका छन्। त्यतिबेला त्याग, जेल, निर्वासन र सर्वस्वहरण भोगेका इमानदार नेताहरूलाई सम्मानका साथ रोज्ने परम्परा थियो। समय बदलिएको छ, पुराना अनुहारहरू बिदा भइसकेका छन् र नयाँ नेतृत्व अगाडि आएको छ। अहिलेका धेरै युवा नेता शिक्षित र राजनीतिक रूपमा सचेत छन्।

निर्वाचन आयोग अनुभवले परिपक्व बनेको छ। निर्वाचन सम्पन्न गराउने दायित्व बोकेको सरकार पनि प्रतिबद्ध देखिन्छ। तथापि, सरकार र आयोगको प्रयास मात्र पर्याप्त हुँदैन। लोकतन्त्रको वास्तविक मालिक नागरिक नै हुन्। मतदानको दिनसम्म फैलाइने अफवाह, शंका र अनर्गल हल्लाले वातावरण धमिल्याउने प्रयास भइरहेका छन्। यस्ता भ्रममा नपरी शान्त र विवेकपूर्ण ढंगले असल उम्मेदवार छनोट गर्नु आजको आवश्यकता हो। एक दिनको लोभ वा आवेगले गरिएको निर्णयले पाँच वर्षसम्म पछुताउनुपर्ने अवस्था आउनसक्छ।

निर्वाचन सार्नुपर्छ भन्ने आवाज, बहिष्कार वा भाँड्ने चेतावनीजस्ता अभिव्यक्तिले लोकतान्त्रिक प्रक्रियालाई कमजोर बनाउँछ। पूर्वराजालाई सडकमा उतारेर आन्दोलन गर्ने हल्ला फैलाउनु वा अराजकता निम्त्याउने प्रयास गर्नु राष्ट्रहितविपरीत कदम हो। यस्ता अभिव्यक्तिले राजनीतिक वातावरण मात्र खलबल्याउँछ। शान्तिपूर्ण, निष्पक्ष र धाँधलीरहित निर्वाचन सुनिश्चित गर्नु नै सबैको साझा लक्ष्य हुनुपर्छ।

निर्वाचनलाई व्यवस्थित र मर्यादित बनाउन मतदाता, राजनीतिक दल, सुरक्षा निकाय र नागरिक समाज सबैले आ-आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्नुपर्छ। गलत व्यक्तिलाई केवल भावनात्मक आग्रह, व्यक्तिगत नजिकोपन वा प्रलोभनका आधारमा विजयी गराइयो भने त्यसको परिणाम राष्ट्रले दीर्घकालसम्म भोग्नुपर्छ।

भदौ २४ गते 'जेन-जी'का नाममा अराजक तत्वहरूले देखाएको हिंसात्मक गतिविधिको स्मरण अझै ताजा छ। यस्ता तत्व पुनः सक्रिय नहोलान् भन्ने ग्यारेन्टी छैन। त्यसैले सतर्कता, संयमता र राजनीतिक परिपक्वता आवश्यक छ। २१ गतेको मतदान केवल अधिकारको प्रयोगमात्र होइन, भविष्यको दिशानिर्धारण गर्ने जिम्मेवारी पनि हो।

लोकतन्त्रको बल जनताको विवेकमा निहित हुन्छ। शान्त वातावरणमा सम्पन्न, निष्पक्ष र विश्वसनीय निर्वाचनले नेपालको राजनीतिक परिपक्वताको परीक्षा पनि दिनेछ। त्यसैले अबको चार दिन र त्यसपछिको मतदान दिवसमा सबैको अर्जुनदृष्टि एउटै हुनुपर्छ- मर्यादित, शान्तिपूर्ण र निष्पक्ष निर्वाचनमार्फत योग्य नेतृत्वको चयन। यही बाटोले राष्ट्रलाई स्थिरता, सुशासन र समृद्धितर्फ डोऱ्याउनेछ।

प्रतिनिधिसभाको निर्वाचन केवल संवैधानिक दायित्व पूरा गर्ने औपचारिक प्रक्रियामात्र होइन, यो राष्ट्रको राजनीतिक परिपक्वता, नागरिक चेतना र लोकतान्त्रिक संस्कारको वास्तविक परीक्षण हो। निर्वाचनको मिति नजिकिँदै जाँदा फैलाइने अफवाह, प्रलोभन, दबाब र अराजक गतिविधिका सम्भावनालाई समयमै चिर्दै शान्त, निष्पक्ष र विश्वसनीय वातावरण निर्माण गर्नु आजको प्रमुख आवश्यकता हो।

लोकतन्त्रको सुन्दरता जनताको स्वतन्त्र निर्णयमा निहित हुन्छ। मतदाताले कुनै क्षणिक लाभ, भावनात्मक उत्तेजना वा व्यक्तिगत प्रभावमा नपरी विवेक, इमानदारी र राष्ट्रहितलाई केन्द्रमा राखेर निर्णय गर्नुपर्छ। किनभने मतदानको एक दिनको निर्णयले आगामी पाँच वर्षको राजनीतिक दिशा तय गर्छ। गलत छनोटले दीर्घकालीन अस्थिरता, अव्यवस्था र पछुतो निम्त्याउनसक्छ भने सही छनोटले स्थायित्व, सुशासन र विकासको ढोका खोल्नसक्छ।

निर्वाचनलाई सफल बनाउन सरकार, निर्वाचन आयोग, राजनीतिक दल र सुरक्षा निकायको भूमिका महत्त्वपूर्ण भए पनि अन्तिम निर्णायक शक्ति नागरिकमै निहित हुन्छ। प्रत्येक मतदाता आफ्नो स्थानबाट जिम्मेवार, सचेत र सतर्क बनेमा मात्र निर्वाचनको सार्थकता स्थापित हुन्छ। लोकतन्त्रलाई बलियो बनाउने काम केवल नेताहरूको होइन, आमजनताको सक्रिय सहभागिताबाट मात्र सम्भव हुन्छ।

यसैले अबको प्राथमिकता स्पष्ट हुनुपर्छ-निर्वाचनलाई कुनै बहाना, भ्रम वा उत्तेजनाले प्रभावित हुन नदिई मर्यादित र शान्तिपूर्ण ढंगले सम्पन्न गर्नु। योग्य, सक्षम र राष्ट्रप्रति प्रतिबद्ध नेतृत्वको चयन गर्नु। यही सचेत कदमले नेपालको लोकतान्त्रिक यात्रालाई सुदृढ बनाउँदै स्थिरता र समृद्धितर्फ अग्रसर गराउनेछ।

# विदेशीको क्रीडास्थल नबनोस् देश

**देश बिग्रियो। देशमा गणतन्त्र ल्याउन विभिन्न आन्दोलन भए। ती आन्दोलनमा कति शहीद भए। कतिका परिवार समाप्त भए। कतिको सर्वस्व हरण भयो। त्यो तथ्य बुझ्ने चाह त्यस पुस्तामा छैन। विकसित मुलुकमा बसेर त्यहाँको कानुनी राज्यको व्यवस्थापकीय पक्ष भोगेको त्यो युवा नेपालको हालतप्रति चिन्तित हुन्छ।**



डा.गणेशप्रसाद घिमिरे

प्रतिनिधिसभाको निर्वाचन नजिकियो। आउँदो बिहीबार जनताले आफ्नो मताधिकार प्रयोग गर्नेछन्। जनताको मताधिकारबाट नेपालको राजनीतिले स्थिरता पाउने आशा गरिएको छ। जनताको मौलिक हक यही निर्वाचनमा मतदान गर्नु रहेको छ। अन्य मौलिक हक त नेताहरूमा नै सुरक्षित छ। जनतामा होइन। यही हो राजनीति आज नेपालको। यही राजनीतिको तापमा तापिएका छन् नेपाली र नेपाल पनि। राजनीतिलाई स्वच्छ, स्वस्थ, सभ्य बनाउने जिम्मा राजनीतिक दलको हो। भयरहित वातावरणमा मतदान गर्ने वातावरण मिलाउने जिम्मा सरकारको हो। भयरहित वातावरण नभए निर्वाचन नै वैध मानिँदैन। यही वातावरणको पर्खाइमा रहेका नेपालीले संविधान आएपछि आफूलाई तेस्रोपटक प्रतिनिधिसभाको निर्वाचनमा उभ्याएका छन्।

यो निर्वाचन सावधिक होइन। २०८४ सालमा हुने निर्वाचन २०८२ सालमा हुन लागेको छ। यो अकस्मात भएको होइन। जननिर्वाचित सरकारलाई अपदस्थ गरेको युवाशक्ति आफूलाई निर्वाचनमा होम्न तयार देखियो। तत्कालीन प्रधानमन्त्रीमात्र होइन दुईतिहाइको सरकारलाई घुँडा टेकाएको युवा आज निर्वाचनको पूर्वसन्ध्यामा आफूलाई देशको अब्बल शक्ति मानिरहेको छ। संसारका कुनै पनि मुलुकमा दुई दिनमा सरकार परिवर्तन गरेको इतिहास छैन।

नेपालमा २०८२ सालको भदौ २३ र २४ गते भएको विद्रोहले सरकारलाई नै अपदस्थ गरेको तथ्यलाई कसैले पनि नकार्न सक्दैन। आन्दोलनको बहावमा बढारिएका पुराना नेता र पुराना पार्टीसित नयाँ भनिएका कतिपय पार्टी निर्वाचनमा उत्रेका छन्। तिनको अवस्था के हुने हो त्यो हेर्न बाँकी छ। आउँदा केही दिनमा नै तिनको हालत पनि देखिनेछ। जनताद्वारा अनुमोदित हुने हुन् वा होइनन् भविष्यको गर्भमै छ तर आउँदो निर्वाचन नेपालकै इतिहासमा सकसपूर्ण भने देखिएको छ। यो सकसबाट देशले निकास पाओस् यही कामना आमनेपालीमा देखापरेको छ।

## विदेशका नेपालीलाई देशको चिन्ता

समाज क्रमशः विकसित हुने हो। समाजमा परिवर्तन एकैपटक हुँदैन। विकास हुनका लागि केही परिवर्तनहरू अनिवार्य मानिएका हुन्छन्। देशका नागरिकको जीवनशैली, नागरिकले राज्यबाट पाउने सुविधा र उसले राज्यप्रति निर्वाह गर्ने कर्तव्यका आधारमा देशको परिवर्तन र विकासलाई रेखांकन गरेका हुन्छन्। यही मार्गचित्रमा देशको विकास र विकासका पूर्वाधारहरू निर्माण हुने गरेका हुन्छन्। नेपाली आज संसारका सबै मुलुकमा आफ्नो उपस्थिति जनाउन सफल भएका छन्। अमेरिका, अष्ट्रेलिया, युरोपियन मुलुकमा अध्ययनका लागि जाने नेपाली उच्च वा मध्यमवर्ग परिवारका सदस्य हुन्।

उनीहरू सामान्य परिवारका भए पनि लाखौं खर्च गरेर ती मुलुकमा अध्ययन वा कामका लागि गएका हुन्छन्। त्यहाँ उनीहरूको पहिलो उद्देश्य आफू गएको वा बसेको देशको नागरिक बन्नु हो। नागरिक बन्नका लागि भरमग्दुर प्रयास गर्नु उनीहरूको पहिलो मानसिक तयारी पनि हो। यही तयारीमा जुटेका ती युवाहरूलाई सबैभन्दा चिन्ता नेपालको रहेको हुन्छ। दुःख गरेर धन कमाउनु, आजसम्म आफूले खाएको थालसमेत नउठाउनै उनीहरू आफैं दुःख गरेर कमाएर बाँच्नु र जीवनशैलीलाई गतिलो बनाउँदै लैजानु दैनिकी बनेको हुन्छ।

आफू बसेको देशको नागरिक नभएसम्म नेपाल फर्केर नआउने उनीहरू नै देशका नेपालमा बस्ने नेपालीभन्दा बढी चिन्तित देखिएका हुन्छन्। यो स्वाभाविक पनि हो। देशको विकास र देशले उन्नति गरेको भए हामी विदेशका गल्लीमा यसरी भौंतारिनु पर्दैनथ्यो भन्ने चिन्ता पनि हुनसक्छ। यसलाई हामीले सहज रूपमा लिन सक्नुपर्दछ।

देश बिग्रियो। देशमा गणतन्त्र ल्याउन विभिन्न आन्दोलन भए। ती आन्दोलनमा कति शहीद भए। कतिका परिवार समाप्त भए। कतिको सर्वस्व हरण भयो। त्यो तथ्य बुझ्ने चाह त्यस पुस्तामा छैन। विकसित मुलुकमा बसेर त्यहाँको कानुनी राज्यको व्यवस्थापकीय पक्ष भोगेको त्यो युवा नेपालको हालतप्रति चिन्तित हुन्छ। यो चिन्ता उसले प्रत्यक्ष आफ्ना अभिभावक वा आफन्तसित राख्दैन। सामाजिक सञ्जालमार्फत आफूलाई पूर्ण राष्ट्रवादी बनाउँछ र फलाक्न थाल्छ। राजनीति बिग्रियो। यी पुराना भनाउँदाले केही गरेनन्। हामी भएको भए देशलाई कहाँ पुऱ्याउने थियौं आदि आदि। यिनका अभिव्यक्ति सामाजिक सञ्जालबाट बाहिरिने गरेका देखिन्छन्। देशको चिन्ता सबैमा हुनु राम्रो हो।

देशको चिन्तामा आफूभन्दा अग्रज पुस्ता जसले हामीलाई लेख्न, बोल्न र नारा लगाउने स्वतन्त्रता दियो त्यही पुस्तालाई सत्तोसराप गर्नु त्यो पुस्ताका लागि उपयुक्त थिएन र होइन पनि। विदेशमा दुःख गरिरहेका पुस्तामा नयाँ जोश, जाँगर र देशप्रतिको माया हुनुलाई अस्वभाविक मान्नु पनि हुँदैन। देशको अवस्था, आर्थिक सम्पन्नता, विकासका पूर्वाधार, नेपालको गरिबी र साधारण आमनेपालीले भोगेको पीडालाई त्यो पुस्ताले बुझेको छैन। उसले आमाबुबाको दुःख बुझेन, अभिभावकले ऋण गरेर पठाएको पैसा बुझेन। आमाबुबासित आफूले गरेका व्यवहार बुझेन। त्यो पुस्ताले राजाको जहाँनिया शासन बुझेन। त्यो शासनबाट मुक्त गराउनका लागि राजनीतिक दलका नेताले भोगेको कठोर जेल यातना देखेन।

**आउँदो निर्वाचन हामीले आफ्नो बजेटबाट गर्न नसकेर अमेरिकी सहयोग स्वीकार गरेका छौं। निर्वाचनमा प्रयोग हुने सवारीसाधन भारतले दिएको छ तर हामी कुर्लिरहेका हुन्छौं देशमा विदेशी हस्तक्षेप भयो। अर्काको ऋण खाने तिर्न नसक्ने तर विदेशी हस्तक्षेप बढी भयो भन्दै घोक्रो फुलाउने गरी भाषण गर्ने प्रवृत्तिको अन्त्य अरूले होइन हामी आफैंले गर्ने होइन र!**

बन्दुकका नालमा बाँचेका नेपालीको पीडा देखेन। उसले गणतन्त्र देख्यो। आफूलाई चित्त नबुझेका कुरा चर्को स्वरमा उठाउन पाइने समय बुझ्यो। आफ्ना कुरा उठाउँदा जस्तो सुकै अवस्था पनि पार गर्नुपर्दछ भन्ने भावना बुझ्यो। आफू बसेको मुलुकको कानुनीराज्य बुझ्यो। यो बुझेन नेपाल विदेशी अनुदानमा चलेको देश हो। यो देशको वार्षिक बजेटसमेत विदेशीले दिने अनुदानबाट निर्माण गर्ने गरिएको हुन्छ। विदेशी अनुदानबाट गरिने विकास निर्माणमा सदा विदेशी हस्तक्षेप नेपालका नेता वा पार्टीले मात्र बेहोर्न पर्ने होइन जो सरकारमा बस्यो उसले समेत बेहोर्ने गर्दछन् भन्ने तितो यथार्थलाई त्यो विकसित मुलुकमा भएको युवाले बुझेन।

एउटा वर्ग जो नेपालको निम्न वा निम्न मध्यमवर्गीय परिवारमा हुर्केको युवा छ। अरब, कोरिया, जापान जस्ता देशमा कामदारका रूपमा पुगेको छ। उसको मूल चाह भनेको आफूले भोगेको आर्थिक विपन्नता मेरा आउने सन्तानले भोग्न नपरोस् भन्ने नै हो। आफूले काम गर्दा पाएको दुःख मेरा छोराछोरीले नपाऊन् भन्ने हो। आफ्नो परिवार चलाउनु, आफ्ना सन्तानलाई उचित शिक्षा दिनु, घरको आर्थिक अवस्था सुधार गर्नुलाई उसले मुख्य लक्ष्य मानेको हुन्छ। लक्ष्य प्राप्त गर्ने उद्देश्यमा ऊ पनि वर्षौं विदेशका गल्लीमा भौंतारिएको हुन्छ। उसलाई देशको चिन्ता हुनु स्वाभाविक पनि हो। तर ऊ पनि कम छैन। देश खत्तम गरे। नेताले देश खाए भन्दै सामाजिक सञ्जालमा तथानामबाट बाहिर आउने गर्दछ।

आफूले पाएको दुःख सन्तानले नपाऊन् भन्ने पवित्र उद्देश्य भए पनि देशको राजनीतिलाई सत्तोसराप गर्नुलाई उसले पनि कर्तव्य नै ठानेको हुन्छ। अध्ययन गरिएन। विकसित मुलुकमा जान आर्थिक अवस्थाले भ्याएन। म कामदारका रूपमा आएको हुँ। मैले गरेको कामबाट नै म र मेरो परिवारको भविष्य सुरक्षित रहन्छ भन्ने चिन्ता हुनुलाई स्वाभाविक मान्न सकिन्छ तर जथाभावी सामाजिक सञ्जालबाट देश र हामीलाई यो स्वतन्त्रता दिने नेता वा पार्टीलाई सत्तोसराम गर्नुलाई उपयोगी र उपयुक्त भने मान्न सकिँदैन। कुनै नेपाली विदेशमा जानु नपरोस् यो देशको कल्पना हामी सबै नेपालीको चाहना पनि हो।

## क्रीडाभूमि बन्यो देश

विकसित मुलुक आफ्नो अर्थतन्त्रका माध्यमबाट आफूलाई सक्षम बनाएको हुन्छ। संसारका कतिपय मुलुक विकासोन्मुख देशका रूपमा रहेका छन्। हाम्रो मुलुक नेपाल पनि विकासोन्मुख मुलुक हो। केही आफैं र केही विदेशी सहयोगबाट आज हामीले देशको अर्थतन्त्रलाई चलायमान गराउनु परेको छ। सरकारले बजेट संसद्मा पेश गर्दा नै कुन देशले कति अनुदान वा ऋण दिन्छ भनेर मुख ताक्ने अवस्थाका हामी खोक्रो राष्ट्रवादको वकालत गरिरहेका छौं होइन र! नेपालमा हुने सडक विस्तार, विद्यालय र विश्वविद्यालयमा दिइने शिक्षा, विद्युत् विस्तार, सडक, पुलपुलेसा र खानेपानी योजनामा समेत विदेशीको मुखताक्ने हामी र हाम्रो देशको राजनीतिलाई कुन व्यक्ति वा पार्टीले अघि बढाउन सक्छ सोचौं त सबैले।

आउँदो निर्वाचन हामीले आफ्नो बजेटबाट गर्न नसकेर अमेरिकी सहयोग स्वीकार गरेका छौं। निर्वाचनमा प्रयोग हुने सवारी साधन भारतले दिएको छ तर हामी कुर्लिरहेका हुन्छौं देशमा विदेशी हस्तक्षेप भयो। अर्काको ऋण खाने तिर्न नसक्ने तर विदेशी हस्तक्षेप बढी भयो भन्दै घोक्रो फुलाउने गरी भाषण गर्ने प्रवृत्तिको अन्त्य अरुले होइन हामी आफैंले गर्ने होइन र!

आज हामी निर्वाचनका मुखमा छौं। नेता र पार्टीहरू चलायमान छन्। एउटाले अर्कोमाथि आरोप गढिरहेका छन्। यो त फलानोको एजेण्ट हो। विदेशी हस्तक्षेपले देश समाप्त भयो भनिरहेका छौं। देशको यो अवस्था आउनुमा नेतामात्र होइन हामी आफैं पनि दोषी होइनौं र! दश जोड दुई गरेर विदेशमा हुत्तिने तर देशको चिन्ता सधै गरिरहने पुस्ता नेपालमा नै सङ्घर्ष गरेर जीवन बिताउँछु किन भन्न सक्दैन। बिग्रेको राजनीतिलाई र भ्रष्टाचार गर्ने नेतालाई सुधारको बाटोमा ल्याउँछु किन भन्न सक्दैन। सत्तोसराप गरेरमात्र देश बन्दैन। देश बनाउन आफूले आफ्नो कर्तव्य निर्वाह गर्न अनिवार्य छ।

अधिकारमात्र खोज्ने र कर्तव्य गर्ने समयमा विदेशी भूमिमा पसिना बगाउने पुस्तालाई देशको राजनीति र जीवन राजनीतिमा समापन गरेका नेतालाई गाली गर्ने हैसियत हुन्छ र! आउँदो निर्वाचनमा असल नेता छानौं। आफूले पाएको मताधिकारलाई सदुपयोग गरौं। गाली र सत्तोसराप कसैलाई नगरौं। पुराना पुस्तालाई सम्मान गरौं। देशलाई विदेशी क्रिडाभूमि नबनाऔं। राजनीति देशका लागि गरौं। विदेशीका पछि नलागौं। विदेशीको उक्साहटमा लागेर देशमा वितण्डा नमच्चाऔं। यही कामना आजका नेपालीको पहिचान र आवश्यकता पनि हो।

देशलाई गति दिने आमनेपालीले होइन। राजनीति र राजनीति गर्ने व्यक्तिले हो। राजनीति जहिले पनि विचार, सिद्धान्त र भावी कार्ययोजनमा गतिशील हुन्छ। भीडले कहिले पनि सही बाटो लिन सक्दैन। भिडलाई पन्छाएर गतिलो नेतृत्व चुन्ने अधिकार सार्वभौमसत्ता सम्पन्न मतदातालाई नै छ। निर्वाचनका समयमा हामी जनता नै सार्वभौमसत्ता सम्पन्न छौं।

# सर्लाही-२ मा दुई पुराना प्रतिस्पर्धीको रोचक भिडन्त



श्रीमननारायण

सर्लाही जिल्लाको सदरमुकाम रहेको मलंगबालाई प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर २ को प्रमुख केन्द्र मानिन्छ। वैश्य, यादव, मुसलमानहरूको बाहुल्य रहेको सदरमुकाम क्षेत्रमा यहाँका मतदाताहरू मिश्रित रूपमै मतदान गर्छन्। कुनै एक पार्टी अथवा नेताको पक्षमा मात्रै यहाँका मतदाताहरू मतदान गर्दैनन्। विगतका निर्वाचनहरूमा महेन्द्र राय यादवले सर्लाही क्षेत्र नम्बर-२ बाट पटक-पटक चुनाव जित्ने अवसर प्राप्त गरे। उनी नेकपा एमाले, तराई मधेस लोकतान्त्रिक पार्टी, तराई मधेस सदभावना पार्टी, राष्ट्रिय जनता पार्टी र नेपाल समाजवादी पार्टीबाट चुनाव जितिसकेका छन्। यस निर्वाचनमा पनि नयाँ राजनीतिक पार्टी नेकपा र नयाँ चुनाव चिह्न 'तारा' लिएर जनतामाझ चुनावमा भोट माग्दैछन्। ८५ वर्षका महेन्द्र राय यादवलाई यस चुनावमा असहज परिस्थितिको सामना गरिराख्नु परेको छ।

उनका चीर-परिचित राजनीतिक प्रतिद्वन्द्वी, राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतो यसपटक उनलाई राम्रो टक्कर दिइरहेका छन्। राजेन्द्र महतोप्रति जनतामा एक किसिमको सहानुभूति देखिन्छ। गतवर्ष उहाँ दुई हजारभन्दा कम मतको अन्तरले पराजित हुनुभएको थियो। यस क्षेत्रबाट नेकपा एमालेका नागेश्वर साह, नेपाली कांग्रेसबाट लोकप्रिय स्थानीय डाक्टर सरोजकुमार यादव, जनता समाजवादी पार्टी नेपालबाट भरत चौधरी, राष्ट्रिय स्वतन्त्र पार्टीबाट रविन महतो तथा पूर्वगृहमन्त्री मोहम्मद रिजवान अन्सारीको पार्टीबाट रजी अहमद चुनाव लडिरहेका छन्। जिल्लाका देशका अन्य निर्वाचन क्षेत्रहरूमा जस्तै सर्लाही-२ मा पनि बहुकोणीय प्रतिस्पर्धा छ।

राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतो विगत साढे तीन दशकदेखि उहाँको पहिचान एउटा मधेसी नेताको रूपमा रहिआएको छ। मधेसका मुद्दालाई उनले चर्को र प्रभावकारी रूपमा उठाएका छन्, संसद्देखि सडकसम्म र सञ्चारमाध्यमहरूमा पनि प्रष्ट रूपमा मधेसका मुद्दाको उठान गर्ने राजेन्द्र महतोले कहिल्यै गैरमधेसी नेतृत्वको पार्टीमा काम गरेनन्। आफ्नो पार्टीका नेताहरूसित मित्रवत र कार्यकर्ताहरूसित स्नेहमुक्त व्यवहार गर्ने महतोलाई सञ्चारकर्मी मैत्री नेता पनि मानिन्छ। उनी चुनाव जिते पनि उनको पार्टीले राष्ट्रिय मान्यता प्राप्त गर्ने सम्भावना देखिँदैन। आफू स्वास्थमन्त्री हुँदा मलंगवाको जिल्ला अस्पताललाई सुविधामुक्त बनाउन आफूले निकै काम तथा परिश्रम गरेको उनको दाबी छ। सिंचाइ, सौर्य ऊर्जा, सडक निर्माण र विद्यालय भवनको निर्माणमा आफूले निकै काम गरेको भन्दै सर्लाहीका चारवटै निर्वाचन क्षेत्रमा आफूभन्दा बढी अन्य कसैले विकास नगरेको उनको दाबी छ। जाति, धर्म र समुदायको परिधिभन्दा बाहिर उठेर आफूले क्षेत्रको विकास गरेको उनको दाबी छ।

कुनै जमानामा उनको सहयोगी रहेका नागेश्वर साह नै यस चुनावमा एमालेको प्रत्यासी भएर चुनाव मैदानमा उत्रेका छन्। राजेन्द्र महतोको मतलाई कमोवेस नागेश्वर साहको उपस्थितिले प्रतिकूल प्रभाव पार्ने सम्भावना देखिन्छ। वैश्य समुदायबाटै नागेश्वर साह पनि आउनु र राष्ट्रिय स्वतन्त्र पार्टीका युवा प्रत्याशी रविन महतो पनि यहाँबाट चुनाव लड्नुले यस क्षेत्रमा कडा प्रतिस्पर्धा हुने देखिन्छ।

सर्लाही-२ मा यादवका 'ब्राण्ड' मानिएका महेन्द्र राय यादव विगत चार पटकदेखि यहाँबाट चुनाव जित्दै आएका छन्। पार्टीको नाम र चुनाव चिह्न जे भए पनि आफ्नो जातीय समर्थनका कारण पटक-पटक चुनाव जित्दैआएका महेन्द्र राय यादवसित यसपालि क्षेत्रका जनता प्रश्न पनि सोधिरहेका छन्। जेनजी आन्दोलनका कारण पनि महेन्द्र राय यादवलाई समस्या भइरहेको छ। नेपाली कांग्रेसले पनि यादव जातिबाट नै डा.सरोजकुमार यादवलाई प्रत्यासी बनाएको छ। डा.सरोज यादव पनि राजनीतिक पृष्ठभूमि भएकै परिवारबाट आएका छन्। जसपा नेपालका भरत चौधरी, चुनावमा खासै चर्चामा छैनन्।

जसपाका नेता अशोक यादव अहिले जसपा नेपालमा रहेका भए उनी यस क्षेत्रबाट प्रत्यासी बन्न सक्दथे तर हाल उनी नेकपामा छन् र पार्टीका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठलाई चुनाव जिताउनमा लागिपरेका छन्। जनमतका विपिन कुमारको पनि सांकेतिक उपस्थिति नै रहनेछ। सर्लाही-२ बाट पटक-पटक चुनाव जितेका बामपन्थी पृष्ठभूमि नेता महेन्द्र राय यादवले यस चुनावमा पनि आफूलाई कमजोर ठानिरहेका छैनन्। जनताको सुख-दुःखमा निरन्तर साथ दिने, कसैले बोलाएको अवस्थामा आइदिएको, जनताका समस्यालाई आफ्नै समस्या ठानेर काम गरेको तथा जाति र धर्मभन्दा माथि उठेर आफूले काम गरेको, क्षेत्रमा विकास निर्माणका काम पनि गराएकोले पुनः यस क्षेत्रका जनताले आफूलाई विजयीश्री दिलाएर नै विदा गर्ने उनको तर्क छ।

कतिपय उम्मेदवारहरू झैं उनी पनि आफ्नो निर्वाचनलाई अन्तिम पटकको प्रयास भनिरहेका छन्। यादव बाहुल्य यस क्षेत्रमा महेन्द्र राय यादव, अहिलेसम्म यादव नेताकै रूपमा चुनाव जित्दै आएका छन्। दलित र मुसलमान वर्गको समर्थन पनि उनको पाउने गरेका छन्। नेकपा प्रत्यासी महेन्द्र राय यादवका लागि पनि यस पटकको चुनाव सहज छैन। उमेरको उत्तरार्धमा उनले फलामको च्युरा चपाउनु परेको छ। बालेन साहको कारण ठूला राजनीतिक दलहरूलाई देशैभरि भ्रमित र त्रसित बनाइदिएको छ। यो प्रभाव यहाँ पनि परेकै छ तर रवि लामिछाने र बालेन साहका कमजोरी पनि धेरै छन्। सर्लाही-२ मा रविन महतो पनि प्रतिस्पर्धामा छन्।

# नेपालमा युवा वर्गको वर्तमान अवस्था



गम्भीरबहादुर हाडा

युवा सहभागिता र व्यवस्थापन विकासको एक महत्त्वपूर्ण आयाम हो। नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयको राष्ट्रिय युवा नीति २०७२ ले १६-४० वर्षसम्मको उमेरलाई युवा मानेको छ विकासमा युवा सहभागिताबाट समृद्ध राष्ट्रको निर्माण गर्ने र युवाहरूलाई राष्ट्रको सर्वांगीण विकासमा मूलप्रवाहीकरण गर्ने सोच र लक्ष्यका साथ निर्मित युवा ऐन र योजना आयोगका आवधिक योजनाहरूले विकास र युवालाई अभिन्न अंगका रूपमा लिएका छन्।

नेपालमा युवाको सरोकारका लागि राष्ट्रिय स्तरमा सरकारी एवं गैरसरकारी तहबाट र स्थानीयस्तरमा पनि तिनै निकायहरूबाट विविध युवा लक्षित कार्यक्रम भएका छन्। यिनको ठोस कार्यान्वय र नतिजामा आधारित अनुगमन एवं सार्वजनिक सुनुवाइ गर्न सकेमा नेपाली युवाविकासले अझै धेरै फड्को मार्ने कुरा निश्चित छ। विश्व युवाविकास सूचकांकमा नेपालको स्थान १४५ बाट सुधार भई सन् २०१६ को तथ्यांकमा ७७औं स्थानमा परेको सन्दर्भ छ।

विश्वमा भएका राजनीतिक क्रान्तिमा पनि त्यस्तो देखिन्छ। २३ र २४ भदौ ०८२ मा जेन-जी प्रदर्शन हुनुमा सुशासन र नागरिक अधिकारको मुद्दा पेचिलो रह्यो। विचार, दर्शन, सिद्धान्त र संगठनद्वारा निर्देशित नभएका सुवालाई तत्कालै आमूल परिवर्तन चाहिन्छ। भूराजनीतिमा हेर्ने हो भने झूट आन्दोलन, पट परिवर्तन भएको विश्व इतिहास छैन। मुलुकमा युवा नै भ्रष्टाचार सुशासन न्यून भएका कारण नै न्यूनीकरण चुनौती बन्दै आयो। विश्वमा त्यस्ता धेरै देश छन्, जहाँ राजनीतिक परिवर्तनपछि पनि सुशासन र सुरक्षाको अपेक्षा पूर्ति नहुँदा पुनः विद्रोह भएका छन्।

आर्थिक तथा सामाजिक विकासमा युवा वर्गको आवश्यकता तथा महत्वहरूमा समाजमा जान्ने, बुझ्ने, अनुभवी, परिपक्व, बुज्रुग व्यक्तिको अनुभव र ज्ञान र विचारलाई ग्रहण गर्दै राष्ट्र निर्माणको महान कार्यमा अगाडि बढ्नुपर्दछ। युवाको ज्ञान, सीप र क्षमतालाई विशिष्ट उद्देश्यका साथ उपयोग गर्दै नवीन तथ्यहरूको शोधखोजमूलक जानकारीसहित अन्य विषय क्षेत्र तथा सवालहरूमा युवावर्गको नेतृत्वदायी भूमिका हुनुपर्दछ।

समाजमा विद्यमान कुसंस्कार, कुरीति, आडम्बरी, पूर्वाग्रहको भावनालाई परिवर्तन गर्न युवा सदैव सकारात्मक, आशावादी, चिन्तनशील, अध्यात्मिक एवं दृढ आत्मशक्तियुक्त हुनुपर्दछ। युवा सहभागिताले राजनीतिमा पारदर्शिता र जबाफदेहिता बढाउन मद्धत गर्छ। धेरै युवाहरू प्रविधिमा दख्खल राख्छन् र सूचना प्रवाहलाई छिटो, सुलभ र प्रभावकारी बनाउन सक्छन्।

गणतन्त्रलाई उन्नत बनाउने, समुन्नत लोकतन्त्र र समाजवादी व्यवस्था निर्माणको नेतृत्व युवाले गर्नुपर्छ।

सत्ताबाट अकूत फाइँदा लिइरहेको राजनीतिक नेतृत्व युवाले चाहेजस्तो आमूल परिवर्तन चाहँदैन, त्यसैले युवा पुस्ताले राजनीतिक हस्तक्षेप गर्नैपर्छ। मानव समाज नै राजनीतिको उपज हो, त्यसैले राजनीति आफैंमा फोहोरी खेल होइन। राजनीतिबिना राज्य सञ्चालन सम्भव छैन भने जनताले अधिकारको उपभोग गर्न पनि सम्भव छैन। त्यसैले राजनीति मानव जीवनको अपरिहार्य आवश्यकता हो, त्यसैले राजनीतिबारे जनताले चासो राख्नुपर्छ। हाम्रा जीवनका हरेक पाइला राजनीतिले प्रभावित पार्ने हुनाले युवा राजनीतिबाट निरपेक्ष रहन असम्भव छ।

नेपालमा युवाहरू बेरोजगार छन्। युवा बेरोजगार हुनुभनेको मात्र आर्थिक समस्या होइन, यो सामाजिक, मानसिक र राष्ट्रिय सुरक्षासँग जोडिएको विषय हो। लाखौं युवा अवसरविहीन हुन्छन्, तब उनीहरू असन्तोष, हताशा र क्रोधको मनोविज्ञानमा प्रवेश गर्छन्। अपराध, अवैध गतिविधि मानव तस्करी वा कट्टर सोचको विकास हुने जोखिम उच्च हुन्छ। यसले सामाजिक संरचना र शान्तिलाई समेत चुनौती दिनसक्छ। लाखौं युवा विदेशी भूमिमा कम तलबमा श्रम बेच्न बाध्य हुँदा राष्ट्रले उनीहरूको सीप, उर्जा र सम्भावनाको उपयोग गर्न सक्दैन।

नेपालीहरू काम गर्न आवश्यक र उपयुक्त तालिमको अभावले अदक्ष मानिन्छन्। सरकारले विभिन्न किसिमका तालिमहरूको व्यवस्था गरिनु अति आवश्यक छ। लगानी नगरी प्रतिफल प्राप्त गर्न सकिने र वैदेशिक मुद्रा आर्जन गर्ने यो अत्यन्त राम्रो पेशा मानिन्छ र यसको गलत रूपमा प्रयोग भएको हुँदा सरकारले यसलाई बढी व्यवस्थित गराउन नराम्रो काम गर्ने व्यक्तिलाई उचित किसिमको दण्ड सजाय दिइनुपर्दछ। नेपाली कामदार वैदेशिक रोजगारमा पठाउँदा हाल अपनाउनुपर्ने प्रक्रिया ज्यादै लामो र झन्झटपूर्ण भएकोले कामदार छनौटदेखि लिएर सबै व्यवस्था सम्बन्धित कम्पनीले नै आफ्नै जिम्मेबारीमा गर्नुपर्ने र कुन मुलुकमा के कस्तो काम र सुविधामा पठाउने हो सो विवरण अनिवार्य रूपमा श्रम विभागलाई जानकारीमात्रै गराए पुग्ने व्यवस्था हुनुपर्ने आवश्यक छ।

# चार सर्जकलाई झपट पुरस्कार

हिमालय टाइम्स
काठमाडौं, १६ फागुन

झपट पुरस्कार व्यवस्था समितिले विभिन्न विधामा क्रियाशील चारजनालाई पुरस्कार प्रदान गर्ने निर्णय गरेको छ। समितिका अध्यक्ष अरुण राणाको अध्यक्षतामा बसेको बैठकले पुरस्कारको निर्णय गर्दै साहित्यकार सनत रेग्मी र गीतकार राजेन्द्र थापालाई जनही एक-एक लाख रुपैयाँ नगद राशिसहितको पुरस्कार प्रदान गर्ने घोषणा गरेको हो।

त्यस्तै डा.गोपालप्रसाद शर्मा र डा.कान्छी महर्जनलाई संयुक्त रूपमा एक लाख रुपैयाँ राशिको पुरस्कार प्रदान गरिने पनि समितिद्वारा जारी गरिएको विज्ञप्तिमा जनाइएको छ।



नेपाली आख्यानका माध्यमबाट नेपाली साहित्यको श्रीवृद्धिमा विशिष्ट योगदान दिएबापत सनत रेग्मीलाई ‘झपट पुरस्कार २०८२’ प्रदान गरिन लागिएको हो।

त्यस्तै, नेपाली भाषालाई जनप्रिय बनाउन उद्यत् गीतकार राजेन्द्र थापालाई ‘यज्ञ केशर पुरस्कार’ प्रदान गरिने जानकारी गराइएको छ।

नेपाली भाषा साहित्यमा विद्यावारिधि गर्ने डा.गोपालप्रसाद शर्मा र डा.कान्छी महर्जनलाई संयुक्त रूपमा ‘सैनध्वज नन्दकुमारी शोध पुरस्कार’ प्रदान गरिने पनि विज्ञप्तिमा उल्लेख छ।

इन्दिरा प्रसाईंको संयोजकत्वमा गठित पुरस्कार छनौट समितिले पुरस्कृत स्रष्टाहरूको नाम सिफारिस गरेको पुरस्कार व्यवस्था समितिका सदस्यसचिव रेखा राणाद्वारा प्रेषित विज्ञप्तिमा उल्लेख छ।

# विश्वव्यापी वक्तृत्व कला प्रतियोगिता गर्दै सिद्धिचरण प्रतिष्ठान

हिमालय टाइम्स
काठमाडौं, १६ फागुन

युगकवि सिद्धिचरण प्रतिष्ठानले विश्वका विभिन्न महादेशमा बसोवास गर्ने नेपाली मूलका बालबालिकाबीच वक्तृत्व कला प्रतियोगिता आयोजना गर्ने भएको छ। प्रतिष्ठानले नेपालभित्र सीमित रहेको साहित्यिक कार्यक्रमलाई अन्तर्राष्ट्रियस्तरमा विस्तार गर्दै नयाँ पुस्तालाई नेपाली भाषा, साहित्य र संस्कृतिसँग जोड्ने उद्देश्यका साथ प्रतियोगिता आयोजना गर्न लागेको जनाएको छ।



प्रतियोगितामा १८ वर्षसम्मका नेपाली मूलका बालबालिकाले सहभागिता जनाउन सक्नेछन्। प्रतिष्ठानका अनुसार, यस कार्यक्रममार्फत नेपाली भाषा र साहित्यप्रति बालबालिकामा रुचि विकास गराउने साथै सांस्कृतिक पहिचान जोगाइ राख्ने लक्ष्य राखिएको छ।

प्रतिष्ठानले कार्यक्रममा युगकवि सिद्धिचरण श्रेष्ठको योगदानबारे नयाँ पुस्तालाई जानकारी गराउने उद्देश्य पनि राखेको छ। नेपाली वाङ्मयको विकासमा सिद्धिचरण श्रेष्ठले कविता, कथा, निबन्ध र यात्रा संस्मरण लगायतका विविध विधामा महत्त्वपूर्ण योगदान दिनुभएको थियो।

राणाशासनविरुद्ध चेतनात्मक साहित्य सिर्जना गर्दै उहाँले परिवर्तनकारी विचार अभिव्यक्त गर्नुभएको थियो।

प्रतियोगिताको पहिलो चरण अमेरिका, क्यानडा र अष्ट्रेलियामा आयोजना गरिनेछ भने दोस्रो चरणमा अन्य महादेशहरूमा विस्तार गरिने योजना रहेको छ। अमेरिका र क्यानडामा रहेका नेपाली मूलका बालबालिकालाई सहभागी गराउन प्रतिष्ठानले अभिभावकलाई आग्रह गरेको छ। कार्यक्रमको संयोजन प्रतिष्ठानका डायस्पोराका लागि काव्यदूत सुरेन उप्रेतीले गर्ने जनाइएको छ।

# शब्दशिल्पी रजनीको ‘विस्मृति’

सरल र सुबोध भाषाशैलीमा बुनिएको यो कथामालाले नेपालका गाउँ-शहरदेखि अमेरिका र बेलायतसम्मको भौगोलिक परिवेशलाई समेटेको छ। व्यावसायिक अनुशासनको स्पष्टता र साहित्यको गहिरो भावात्मकताको अद्भूत संगम रहेको कृति ‘विस्मृति’ले समकालीन नेपाली समाज र डायस्पोराको जटिल मनोविज्ञानलाई सफलतापूर्वक उतारेको छ।



● रोहिणीराज तिमिल्सिना


पुस्तक

अमेरिकाको भर्जिनियामा बसोवास गर्दै आउनुभएकी कथाकार रजनी श्रेष्ठको नवीन कथाकृति ‘विस्मृति’ सानेपा-स्थित ढुंगेधारामा आयोजित एक समारोहबीच लोकार्पित भएको छ। रवीन्द्रभक्त श्रेष्ठद्वारा प्रकाशित यस कृतिमा जम्मा पृष्ठ २०८ छन् भने यसको मूल्य ३५० रुपैयाँ राखिएको छ। काठमाडौंको वटुटोलमा हुर्कनुभएकी एवं वाणिज्यशास्त्रमा स्नातकोत्तर गरी नेपाल राष्ट्र बैंकमा लामो समय सेवा गर्नुभएकी र हाल अमेरिकाको आर्लिंटन लाइब्रेरीमा कार्यरत उहाँको यस कृतिमा सहप्राध्यापक हरि घिमिरे, अनेसासका संस्थापक अध्यक्ष होमनाथ सुवेदीजस्ता विशिष्ट साहित्यिक तथा समालोचक व्यक्तित्वहरूको समीक्षात्मक मन्तव्यसमेत समाविष्ट छन्।

चालीसवटा कथाहरूको यो विपुल संग्रहमा लेखिकाले मानवीय सम्बन्धहरूको खडेरी, भौतिकवादको हावीपन र आधुनिक जनजीवनका नैतिक विचलनलाई प्रमुख विषय बनाउनुभएको छ। ‘विस्मृति’ शीर्षकको कथामा अल्जाइमरले ग्रसित पात्र ठूली र उनका पति सुरेशको सेवाभावमार्फत स्मृतिको भौतिक क्षय र प्रेमको उदात्त रूपलाई चित्रण गरिएको छ तापनि संग्रहको शीर्षक ‘विस्मृति’ केवल कथामा चित्रित अल्जाइमर रोगसँग सम्बन्धित जैविक क्षयमात्र नभई नैतिक, सामाजिक र भावनात्मक मूल्यहरूको विस्मृति पनि हो।

कृतिभित्र ‘परिस्थिति’, ‘वृद्धाश्रम’ र ‘अल्झिएको जीवन’जस्ता कथाहरूले सन्तानले माता-पिताप्रतिको कर्तव्य बिर्सिएको मार्मिक वर्तमान अवस्थालाई उजागर गरेका छन्। त्यस्तै ‘किन यस्तो हुन्छ ?’ र ‘विश्वास’जस्ता कथाहरूले वैदेशिक धनको लोभमा मानवीय सम्बन्धमा आउने दरार र विश्वासघातको चित्रण गरेका छन्। डायस्पोरिक पीडालाई समेट्ने क्रममा ‘परदेश’ कथामा राजीवको दुःखद् मृत्यु र ‘बाझिएको सपना’मा देखिएको सांस्कृतिक द्वन्द्वले प्रवासको निर्मम यथार्थलाई पाठकका सामु पस्केको छ।

नारी-अस्तित्व र संघर्षका दृष्टिले पनि यो कृति सशक्त छ। ‘नारीभावना’की उषाले पतिको विश्वासघातपछि गरेको विद्रोह र पुनरुत्थानको गाथा होस् वा ‘भगवती देवी’मा देखाइएको पितृसत्तात्मक समाजको भोगाइ, श्रेष्ठका कथाहरूले नारीशक्तिको विविध आयामलाई प्रस्तुत गरेका छन्। कृतिकारले पात्रहरूको चित्रणमा पनि नवीनता देखाउनुभएको छ, जहाँ पुरुषहरू वैदेशिक मोह र विश्वासघातको सिकार भएका छन्।



सरल र सुबोध भाषाशैलीमा बुनिएको यो कथामालाले नेपालका गाउँ-शहरदेखि अमेरिका र बेलायतसम्मको भौगोलिक परिवेशलाई समेटेको छ। व्यावसायिक अनुशासनको स्पष्टता र साहित्यको गहिरो भावात्मकताको अद्भूत संगम रहेको कृति ‘विस्मृति’ले समकालीन नेपाली समाज र डायस्पोराको जटिल मनोविज्ञानलाई सफलतापूर्वक उतारेको छ। महाकवि देवकोटाले भनेझैँ जीवनको ‘सानो आँखीझ्याल’ बनेर आएको यो कृति नेपाली कथा-साहित्यको श्रीवृद्धिमा एक उल्लेखनीय कोशेढुंगा सावित हुने देखिन्छ।


Government of Madhesh Province
Ministry of Energy, Irrigation and Water Supply

**WATER SUPPLY & SANITATION DIVISION OFFICE**

**Malangwa, Sarlahi**

**INVITATION OF BIDS**

**Date of Publication: 01 March 2026 ( 2082-11-17)**

**Water Supply and Sanitation Division Office Malangwa, Sarlahi** invites electronic bids from eligible bidders for the following **works** under National competitive bidding procedures. Eligible Bidders may obtain further information and inspect the bidding documents at PPMO egp system www.bolpatra.gov.np/egp.

**For Bid Fee**
**Office Name :** Water Supply and Sanitation Division Office Malangwa, Sarlahi
**Office Code :** 3130019012 **Revenue Content No.** : 14229 (Other Administration Fee)
**Revenue Account No.:** 27102000001001000001 **Name of Bank :** Nepal Bank Ltd. Malangwa, Sarlahi
**For Bid Security**
**Account Name :** Pradesh Lekha Ikai Karyalay Chandrapur, Rautahat
**Account No.:** 02902000002003000001 **Office Code :** 3130119012
**Name of Bank :** Nepal Bank Ltd. Malangwa, Sarlahi

| IFB No. | Name of Project | Description of work | Cost Estimate (Inclusive Vat & P.S.) | Bid Fee Rs. | Bid Bond Amount Rs. |
|---|---|---|---|---|---|
| 07/082/083/GOODS/SQ/ WSSDO/SARLAHI | Banke Khola Lifting WSP,Ishwarpur-12 | Supply and Procurement of HDPE pipe & Fittings | 1931,565.91 | 1000/- | 48,500/- |
| 8/082/083/GOODS/NCB/ WSSDO/SARLAHI | Inarwa Utarwari WSP, Rautahat | Supply and Procurement of HDPE pipe & Fittings | 3429,306.78 | 3000/- | 85,000/- |
| 9/082/083/GOODS/NCB/ WSSDO/SARLAHI | Katani Bazar WSP, Rautahat | Supply and Procurement of HDPE pipe & Fittings | 3412,265.34 | 3000/- | 85,000/- |
| 10/082/083/WORKS/NCB/ WSSDO/SARLAHI | Judibela 4,8 WSP, Rautahat | Drilling & Installation of Deep Tubewell | 4,170,443.31 | 3000/- | 100,000/- |
| 11/082/083/WORKS/NCB/ WSSDO/SARLAHI | Paroha Na.pa.-4 Laukahama Khanepani Cluster Boring Yojana,Rautahat | Drilling & Installation of Deep Tubewell | 3,947,305.82 | 3000/- | 100,000/- |
| 12/082/083/WORKS/NCB/ WSSDO/SARLAHI | Rautahat Chhetra No.4,Chandrapur 1 ma Overhead Tank Nirman | Construction of 225cum RCC Overhead Tank | 11,114,756.77 | 3000/- | 275,000/- |

**Sanjit Raut**
**Deputy Division Chief**



**विर्तामोड नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**विर्तामोड झापा**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८२/११/१७**

यस कार्यालयबाट मिति २०८२/१०/०२ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा आव्हान गरिएको तपशिल वमोजिमका ठेक्कामा पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल वमोजिमका बोलपत्रदाता न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा यस कार्यालयको मिति २०८२/११/१५मा निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बद्ध सबै बोलपत्रदातारुको जानकारीका लागि सात (७) दिने सूचना प्रकाशित गरिएको छ।

तपशिल

| सि.नं | योजनाको नाम र ठेक्का नं | छनौट भएको बोलपत्रदाता र ठेगाना | कबोल अंक (मु.अ. कर र पि. एस. सहित) | कैफियत |
|---|---|---|---|---|
| 1 | Procurement, Supply and Delivery of School Uniforms for Grades 1 to 5 at Birtamode Municipality (BTMMUN/GOODS/NCB-10/082-83) | Fitwell Exim Pvt. Ltd, Kathmandu Metropolitan-32, Koteshwor, Kathmandu | NRs.27,14,400.00 | |
| 2 | Procurement, Supply, and Delivery of Lab Chemicals and Materials (BTMMUN/GOODS/NCB-11/082-83) | O.A.Q. Multimed International Private Limited, Birtamode, Jhapa | NRs. 1,90,29,004.47 | |
| 3 | Construction of Plum Wall, RCC Drain, and Pavers on Different Roads of Ward No. 8, Birtamode Municipality, Jhapa (BTMMUN/WORKS/NCB-13/082-83) | Jorpokhari Nirman Sewa, Barhadashi-05 Jhapa | NRs. 35,13,490.24 | |
| 4 | Construction of Paver Block Roads in Ward No. 1, Birtamode Municipality, Jhapa (BTMMUN/WORKS/NCB-14/082-83) | Shiv Shivalaya Construction Pvt Ltd, Birtamode-4 Jhapa | NRs. 31,32,986.36 | |

**प्रमुख प्रशासकीय अधिकृत**



“प्राकृतिक सम्पदा युक्त हराभरा सहर, सम्पुर्ण नगरबासीको एउटै रहर”

**परशुराम नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जोगबुडा, डडेल्धुरा**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मितिः २०८२/११/१७)**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट सौर्य दैनिक पत्रिकामा मिति २०८२/१०/०९ गते प्रकाशित सुचना अनुसार विद्दुतीय खरिद प्रणालि मार्फत निर्धारित समयभित्र यस कार्यालयमा दर्ता हुन आएका बोलपत्रहरुको मुल्याङकन समितिबाट तपशिल बमोजिमको बोलपत्र न्युन मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही हुन आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम बोलपत्र स्विकृत गर्ने आशयको ७ दिने सुचना सम्बन्धित सबै बोलपत्रदाताको जानकारीको लागि प्रकाशन गरिएको छ।

**तपसिलः**

| ठेक्का नं. | कामको विवरण | स्विकृतिको लागि छनोट भएको बोलपत्रदाताको नाम, ठेगाना | कबोल रकम (मु.अ. कर र PS सहित) |
|---|---|---|---|
| 11/WORKS/NCB/ PM/2082/083 | Construction of Gaura Ghar Parshuram-07, Dadeldhura | GG Construction, Baitadi | 14,13,012.25 |
| 12/WORKS/NCB/ PM/2082/083 | Construction Works of Saleta Patal Sadak Parshuram -11, Dadeldhura | Kalika Devi Construction, Kailali | 18,80,866.83 |
| 13/WORKS/NCB/ PM/2082/083 | Construction of Manikadham Liude Khoriya Gairipatal Sadak Parshuram -11, Dadeldhura | Kalika Devi Construction, Kailali | 17,83,008.94 |
| 14/WORKS/NCB/ PM/2082/083 | Construction of Sadani Khelmaidan Nirman Parshuram - 07, Dadeldhura | Mahadev Samaiji (M.S) Construction & Suppliers, Kanchanpur | 12,61,301.36 |
| 15/WORKS/NCB/ PM/2082/083 | Construction of Bhageswor Ma Vi Basauti 4 Room Building Plaster, Painting and Other Work Parshuram - 02, Dadeldhura | G G Construction,Baitadi | 8,98,788.89 |
| 16/WORKS/NCB/ PM/2082/083 | Construction of Pokana Mel Matela and Surkhal Doli Damautak Ladauli Sadak Parshuram - 02, Dadeldhura | New Bishnu Nirman Sewa, Dadeldhura | 15,70,779.1 |

**प्रमुख प्रशासकीय अधिकृत**

## 'लोकदोहोरी स्टार' फिनालेमा आठ प्रतिष्पर्धी



**काठमाडौं/हिटा।** नेपालको पहिलो प्रतिस्पर्धात्मक राष्ट्रियस्तरको लोकदोहोरी गायन रियालिटी शो 'लोकदोहोरी स्टार सिजन-१' अन्तिम चरणमा प्रवेश गरेको छ। आयोजक एभेन्टोज डिजिटल ले उत्कृष्ट आठ प्रतिस्पर्धी सार्वजनिक गरेको हो।

आयोजकका अनुसार स्याङ्जाका लिलबहादुर थापा मगर, धादिङकी रितु कुमाल, धादिङकै अमृत जर्घा मगर, दोलखाकी निशा लामा, बाँकेका मानव रावत क्षेत्री, चितवनका नरन पौडेल, कास्कीका अनिल चापागाईं र दोलखाका दीपक थापा मगर अन्तिम प्रतिस्पर्धाका लागि छनोट हुनुभएको छ।

देशका विभिन्न जिल्लाबाट सहभागी भएका गायक-गायिकाले आ-आफ्नो जिल्लाको प्रतिनिधित्व गर्दै नेपाली लोकदोहोरी संगीतलाई राष्ट्रियस्तरमा चिनाउन महत्त्वपूर्ण योगदान दिएको आयोजकले जनाएको छ। नयाँ प्रतिभालाई राष्ट्रिय मञ्चमा प्रस्तुत गर्ने उद्देश्यका साथ कार्यक्रम सञ्चालन गरिएको पनि बताइएको छ। शोको ग्राण्ड फिनाले आगामी चैत १७ गते काठमाडौंमा हुँदैछ।

## निफको दशौं संस्करण तयारी 'प्रि–इभेन्ट'मा महिला निर्देशकले सुनाए अनुभूति

**हिमालय टाइम्स**

काठमाडौं, १६ फागुन

आगामी चैत १९ देखि २३ सम्म हुनलागेको नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ) को दशौं संस्करणको तयारी तीव्र भइरहेको छ। अहिले निफ 'प्री-इभेन्ट'मा प्रवेश गरेको छ। यसअन्तर्गत रहेर निफले चलचित्रसँग सम्बन्धित विभिन्न व्यक्तित्वहरूसँग अन्तर्क्रिया कार्यक्रम जारी राखेको छ।

नक्सालस्थित कान्तिपुर थिएटरमा निफले 'हर सिनेमा, हर भोइस' शीर्षकमा तीन महिला निर्देशक समुन्द्र भट्ट, उषा रजक र संगीता श्रेष्ठसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ।

निफका अध्यक्ष केपी पाठकका अनुसार महिला मेकरहरूले फिल्म क्षेत्रमा भोग्नु परेको समस्या उजागर गर्न यो कार्यक्रम राखिएको हो। उहाँले भन्नुभयो, 'पुरुष प्रधान भनिदै आएको नेपाली फिल्म क्षेत्रमा महिला निर्देशकहरूले लिंगकै कारण कस्ता-कस्ता समस्या भोग्ने रहेछन् भन्ने कुरा उनीहरूबाटै सुनाउन खोजिएको हो। उनीहरूको आवाज बहसमा विकास होस् भन्ने हाम्रो उद्देश्य हो।'

कार्यक्रममा तीन निर्देशकहरूले कामका दौरान महिला भएकै कारण आफूहरूले भोगेको 'अपमान' र कठिनाइ शेयर गरे। संगीता श्रेष्ठले महिला निर्देशकहरूको बौद्धिकता र रचनात्मक क्षमताको कदर नभएको यथार्थ सुनाउनुभयो। 'एउटा भिडियो वा फिल्म तयार हुन्छ तर, त्यसको जस महिला निर्देशकले पाउँदैनन्। 'क्यामेराम्यानले खिचिदियो होला, सम्पादकले भिडियो तयार गऱ्यो होला। त्यसले के भूमिका छ र ?' भन्ने कुरा सुनिन्छ। यो महिला निर्देशकको क्षमतालाई शून्यमा झार्ने काम हो,' उहाँले भन्नुभयो।

महिला भएकै कारण आफूले छायांकनस्थलमा निर्देशकको दर्जा नपाएको समुन्द्र भट्टले सुनाउनुभयो। उहाँले भन्नुभयो, 'एक फिल्मको सुटिङ सकिएपछि निर्माता र क्यामेराम्यानले अनुमतिबिनै अर्को पुरुष निर्देशक खोजेर बेड सिन खिच्नुभएको छ, जुन फिल्ममा म निर्देशक थिएँ।' यस विषयको प्रतिकार गर्दा आफूलाई बदनाम गराउने प्रयास भएको उहाँको दाबी छ।

अर्को चलचित्रमा भिडियो सम्पादकले 'एक साता घरमा गएर सुत्नु, बुहारी मान्छे, म आफैं फिल्म सम्पादन गर्छु' भनेर रचनात्मक अधिकार र पदीय मर्यादाको सम्मान नगरेको उहाँले सेयर गर्नुभयो। महिला निर्देशकलाई विश्वास गर्ने बजारको खाँचो रहेको उनीहरूको भोगाइ छ।

निर्देशक उषा रजकले सेयर गर्नुभयो, 'महिला निर्देशकहरूलाई बजारले पत्याउँदैन। स्पोन्सर र लगानीकर्ता भेट्नै सकिँदैन।' यही विषयसँग सम्बन्धित अर्को यथार्थ समुन्द्रले सेयर गर्नुभयो। 'बजारमा महिला निर्देशकको प्रोजेक्टमा लगानी गर्ने निर्माता पाइँदैनन्। मैले आफ्नै श्रीमान्लाई निर्माता बनाउँदा, 'मूर्ख बुढाको सम्पत्ति सकाउने भई' भन्ने टिप्पणी गरेको सुनेको छु।'

चलचित्र क्षेत्रमा महिला निर्देशकको बौद्धिकता र रचनामा अविश्वास प्रमुख समस्या रहेको उनीहरूको भनाइ छ। महिला भएका कारण सहकर्मीबाट अपमानजनक व्यवहार खेप्नुपर्ने दुःखद् विषय रहेको उनीहरूले भोगाइ सुनाए।

'हर सिनेमा, हर भोइस' निफको दोस्रो 'प्री इभेन्ट' अन्तर्क्रिया कार्यक्रम हो। यसअघि 'द न्यू वेभ इन नेपाली सिनेमा' शीर्षकमा अन्तर्क्रिया गराएको थियो, जहाँ युवा फिल्म मेकरहरूबीच अन्तर्क्रिया भएको थियो।




निफले लेखकहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले 'निफ फिचर पिच' शीर्षकको कार्यक्रम तय गरेको छ। 'निर्माताको खोजीमा रहेका लेखकहरूका लागि अवसर' बन्न सकोस् भन्ने उद्देश्यले यो कार्यक्रम राखिएको अध्यक्ष पाठकले बताउनुभयो। उहाँले भन्नुभयो, 'यो कार्यक्रममा लेखकहरूले आफ्नो कथा निर्माताहरूलाई सुनाउन पाउनेछन्। हामी लेखकहरूलाई कथा सुनाउने मञ्च दिन्छौं, जहाँ निर्माताहरूको उपस्थिति रहनेछ।' यो कार्यक्रम निफको तेस्रो दिन अर्थात् चैत २१ गते हुने निफले बताएको छ।

यसका लागि लेखकहरूले चैत ६ गतेभित्र निफमा आवेदन दिइसक्नुपर्नेछ। त्यस्तै, युवाहरूलाई फिल्म महोत्सवसँग जोड्ने उद्देश्यले 'फ्रेम योर फ्युचर' शीर्षकको प्रतियोगिता ल्याइएको छ।

यस प्रतियोगितामा सहभागी हुन आफ्नो कथामा दुई मिनेटको भिडियो बनाउनुपर्ने छ। विजेताले पन्द्र हजार, उपविजेताले दश हजार र तेस्रो हुनेले पाँच हजार नगद पुरस्कार जित्नेछन्। प्रतियोगितामा सहभागी हुनका लागि चैत ११ सम्म आवेदन दिन सकिन्छ।


Local Government

**Sunkoshi Rural Municipality**

**Ramtar, Sindhuli**

**NOTICE FOR INVITATION OF BIDS**

**Date of publication: 2082/11/17**

1. The **Sunkoshi Rural Municpality, Sindhuli** invites sealed electronic bids from eligible bidders for the Procurement of Works under bidding procedures specified in Public Procurement Act and Regulations.

| S. N. | Contract No. | Description of work | Bid Security Amount Nrs. | Last Date of Bid Submission | Cost of Bid Document Nrs. | Estimated amount (with VAT and PS) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | SUNRM/ SQ/01/ 082/083 | Ek Ghar Ek Dhaara Antargaat Amaare Khanepani Yojana at Sunkoshi-06, Sindhuli | 50,000/- | 2082/12/02 12:00 Hours | Nrs.1000/- | 1999864.89/- | First Notice/ Online bid only |

2. Bidding Documents is available Online and can be downloaded from **e-GP System www.bolpatra.gov.np/egp**. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.
**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: **Rastriya Banijaya Bank, Ratamata Branch, Sindhuli**
Name of Office: **Sunkoshi Rural Municipality Office, Sindhuli**
Account no :- **1480100301010002**
Office Code no:- **801032508**
Revenue code no:- **14229**
3. The detailed information of the bid can be obtained from the **Office of Rural Municipal Executive** or studied respectively from **www.bolpatra.gov.np/egp**.

**Chief Administrative Officer**

**देवघाट गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**देवघाट, तनहुँ**

**गण्डकी प्रदेश, नेपाल**

**नदिजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा) उत्खनन, संकलन तथा व्यवस्थापनका लागि ई-बिडिङ मार्फत बोलभाउपत्र आह्वानको सूचना**

(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/११/१७)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, देवघाट गाउंपालिकाको आर्थिक ऐन, २०७७, प्राकृतिक श्रोत तथा वातावरण संरक्षण ऐन, २०७७, ढुंगा, गिट्टि, वालुवा उत्खनन, विक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ बमोजिम देवघाट गाउंपालिका, तनहुँको क्षेत्राधिकार भित्र पर्ने देहाय बमोजिमका नदि तथा घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम तपसिलमा उल्लेखित नदि/घाटहरुबाट नदिजन्य पदार्थ उत्खनन् गरि देवघाट गाउंपालिकाले तोकेको दरमा बिक्रि तथा व्यवस्थापन गर्ने गरी आ.व. २०८२/०८३ का लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाण-पत्र, मूल्य अभिबृद्धिकर दर्ता प्रमाण-पत्र र आ.व. २०८१/०८२ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी र संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही ई-बिडिङ मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल**

| सि. नं. | ठेक्का नं. | नदिको नाम | वडा नं. | घाटको नाम | बोलपत्र फाराम दस्तुर रू. | उत्खनन परिमाण (घ.मि) | न्युनतम अङ्क (मूल्य अभिबृद्धि कर र वातावरण शुल्क वाहेक) रू. |
|---|---|---|---|---|---|---|---|
| १. | ११-२०८२/०८३ | कालिगण्डकी नदि | ५ | कालिभतेरी घाट | ३,०००।- | १८,०००।- | ४४,५०,३२०।- |
| २. | १२-२०८२/०८३ | त्रिसुली नदि | ५ | सेतिभतेरी घाट | ३,०००।- | १५००० | ३७०८६००।- |

**ई- विडिङ मार्फत हुने बोलपत्र सम्बन्धी शर्तहरुः-**

१. बोलपत्र फारम यो सूचना प्रकाशन भएको मितिले ३० औं दिनसम्म बोलपत्र फाराम दस्तुर वापतको रकम देवघाट गाउंपालिकाको नाममा सिद्धार्थ बैंक लिमिटेड, देवघाट शाखामा रहेको ग १.१ आन्तरिक राजश्व खाता नं. ००८१५४१२९२१ मा तोकिएको दस्तुर तिरेको बैक भौचर पेश गरि सार्वजनिक खरिद अनुगमन कार्यालयको website http:// www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी सबै कागजातहरु मयधलयिबम गर्न सकिनेछ।
२. बोलपत्र सम्बन्धी पेश गर्नुपर्ने सबै कागजातहरु ३१ औं दिनको १२:०० बजेसम्म Scan गरि PDF Format मा सोही website मा पेश (Upload) गर्नुपर्नेछ। ई- बिडिङ मार्फत पेश हुन आएका बोलपत्रहरु सोही दिनको १:०० बजे यस देवघाट गाउंपालिकाको कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन।
३. उल्लेखित ठेक्काहरुको ठेक्का अवधीसम्झौता मिति देखि लागू भै २०८३ जेष्ठ मसान्त सम्म हुनेछ।
४. बोलपत्र फाराम पेश गर्दा आफुले कवुल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ। साथै, जम्मा हुन आउने कबोल रकममा १३ % मुल्य अभिबृद्धि कर जोडी सो रकमको कम्तिमा ५% (पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम यस कार्यालयको नाममा सिद्धार्थ बैंक लिमिटेडमा रहेको धरौटी खाता नं. ००८१५१६९८६३ मा रकम जम्मा गरेको बैंक भौचर वा कुनै बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बोलपत्र को लागि बोलपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तिमा १२० दिन म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) को Scan गरि PDF बनाई बोलपत्र कागजातमा संलग्न राखी सोही website मा पेश गर्नुपर्नेछ।
५. बोलपत्र स्वीकृत भएपछि बोलपत्रदाताले ठेक्का संझौता गर्न आउदा सम्झौता रकमको स्वीकृत अङ्कको ५% ले हुने रकम यस कार्यालयको नाममा सिद्धार्थ बैंक लिमिटेडमा रहेको धरौटी खाता नं. ००८१५१६९८६३ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त कुनै बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०८३ आषाढ मसान्तसम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ। एक मुष्ठ रकम भुक्तानी गरिएकोमा बैक धरौटी पेश गर्नुपर्ने छैन।
६. ठेक्का सम्झौता गर्दा कवुल अङ्कमा १३% मुल्य अभिबृद्धि कर, वातावरण शुल्क र १.५% अग्रिम आयकर जोडी कुल सम्झौता रकम कायम गरिने छ।
७. यो सूचनाको मितिले २१ औं बिहानको ११:०० बजे यस देवघाट गाउंपालिकाको कार्यालयमा Pre-Bid Meeting राखिएकोले ईच्छुक सम्पूर्ण बोलपत्रदाताहरुलाई छलफलका लागि उपस्थित हुन जानकारी गराईन्छ।
८. सम्झौता गर्दा स्वीकृत ठेक्का अङ्कलाई (दुई) किस्तामा विभाजन गरिनेछ। पहिलो किस्ता ५०% र अन्तिम किस्ता ५०% हुनेछ। पहिलो किस्ता ५०% सम्झौता गर्न अगावै दाखिला गरि बाँकी ५०% को हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त कुनै बाणिज्य बैकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०८३ श्रावण मसान्त सम्म मान्य हुने बैंक ग्यारेण्टी पेश गर्नुपर्नेछ। किस्ता अनुसार १३ % मुल्य अभिबृद्धि कर ,बातावरण शुल्क र १.५ % अग्रिम आयकर समेत जोडि कार्यालयमा रकम वुझाउनु पर्नेछ।
९. तोकिएको किस्ता म्याद भित्र नवुझाएमा ठेक्का तोडी वाँकी रहेको किस्ता वैक ग्यारेण्टीवाट असुल उपर गर्न सकिनेछ। अशुल गर्न वाँकी रकममा १०% थप क्षतीपूर्ति समेत जोडी सरकारी वाँकी सरह अशुल उपर गरिनेछ।
१०. कुनै शर्त राखी पेश गरेको, म्याद भित्र प्राप्त नभएको र रित नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
११. ठेक्का स्वीकृत भई कार्यादेश दिई सकेपछि वन्द, हडताल, चक्का जाम, वा अन्य कुनै कारण देखाई मिन्हा वा छुट माग दावी गर्न पाईने छैन।
१२. ठेक्का सम्झौता गर्दा राखेको ५% धरौटी रकम आ.व. २०८२/०८३ को करचुक्ता पेश गरेपछि फिर्ता दिईने छ।
१३. बोलपत्रदाताले ढुङ्गा, गिट्टी, वालुवा, उत्खनन गरि विक्रि गर्दा उक्त आ.व. को लागी देवघाट गाउंपालिकाले तोकेको दररेट/परिमाण भन्दा वढी हुने गरी उत्खनन् गर्न पाईने छैन। उक्त दररेट/परिमाण भन्दा वढी हुने गरी उत्खनन् गरेमा ठेक्का सम्झौता तोड्न सकिनेछ।
१४. बोलपत्रदाताले दैनिक/मासिक रुपमा आफुले उत्खनन् गरेका परिमाणको विवरण अनिवार्य रुपमा देवघाट गाउंपालिकामा पेश गर्नुपर्नेछ।
१५. पेश भएका बोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
१६. यस कार्यालयबाट गरिएको सम्बन्धित नदि/घाटहरुको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिने छ।
१७. यस सूचना र बोलपत्र फारममा उल्लेख भए वाहेक अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ।
१८. बिस्तृत जानकारीका लागी यस कार्यालयमा कार्यालय समय भित्र फोन नं. ९८४४२०९९४१ मा सर्म्पक गरी जानकारी लिन सकिनेछ। साथै, यस कार्यालयको website www.devghatmun.gov.np बाट समेत जानकारी लिन सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

**नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान, चिकित्सा शास्त्र महाविद्यालयको लागि आवश्यक विभिन्न किसिमका ल्याब केमिकल्स तथा शैक्षिक सामाग्रीहरुको खरिद सम्बन्धी दरभाउपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८२/११/१७ गते)

१. नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान, चिकित्सा शास्त्र महाविद्यालयमा आ.व.२०८२/८३ को लागि आवश्यक पर्ने विभिन्न किसिमका ल्याब केमिकल्स तथा शैक्षिक सामाग्रीहरुको e-GP System को माध्यमबाट ठेक्का बन्दोबस्त कार्यमा सहभागी हुन ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुबाट यो दरभाउपत्र आव्हान गरिएको छ।

**दरभाउपत्रको विवरण**

| ठेक्का नं. | दरभाउपत्र जमानत अंक ने.रु. | दरभाउपत्र दस्तुर रु. | विड गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|
| NAWF/COM.NAIHS/GOODS/ BKHL/2082/83/70 | ५८,०००।०० | १,०००।०० | २०८२/१२/०२ १२:०० बजे | २०८२/१२/०२ १३:०० बजे |

२. माथि उल्लेखित ठेक्का "विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका २०८०" अनुसार www.bolpatra.gov.np/egp सिष्टमबाट बिड गर्नु पर्नेछ।

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**कृषि सूचना तथा प्रशिक्षण केन्द्र**

हरिहरभवन, ललितपुर

**विधुतीय माध्यमबाट सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/११/१७**

| सि. नं. | सूचना नं. | कामको विवरण |
|---|---|---|
| १ | AITC/SQ/2082-83/05 | कृषि तथा पशुपन्छी डायरी २०८३ प्रकाशन |

विस्तृत विवरणको लागि: www.aitc.gov.np र www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ।

**Social Development Office**

**Doti**

**Invitation for Electronic Bids**

**Second Date of publication: 2082-11-17 (2026 March 1)**

1. Social Development Office, Doti invites electronic bids through eGP-System from Nepalese eligible bidders for the following works

| S. N. | Contract No. | Works Description | Bid Security and Validity | Estimated Amount (Exclusive of vat and Contingencies ) |
|---|---|---|---|---|
| 1. | SDODOTI/ SQ/SB/ 2082/83-1 | Construction of 2 Room School Building at Saraswati AaVi Shikhar-4 Doti | NRs. 30000.00 Validity 75 Days | NRs. 12,56,953.59 |
| 2. | SDODOTI/ SQ/SB/ 2082/83-2 | Construction of 2 Room School Building at Saraswati AaVi Aadarsh RM-1 Doti | NRs. 30000.00 Validity 75 Days | NRs 12,45,285.47 |
| 3. | SDODOTI/ SQ/SB/ 2082/83-5 | Construction of 2 Room School Building at Laxmi AaVi Jorayal RM-6 Doti | NRs. 50000.00 Validity 75 Days | NRs 17,04,348.03 |
| 4. | SDODOTI/ SQ/SB/ 2082/83-6 | Construction of 2 Room School Building at Malika AaVi Badikedar RM-1 Doti | NRs. 30000.00 Validity 75 Days | NRs 12,26,019.60 |
| 5.. | SDODOTI/ SQ/SB/ 2082/83-7 | Construction of 2 Room School Building at Chanukada Aavi at Bogtan Fudsil RM-7 Doti | NRs. 50000.00 Validity 75 Days | NRs 1,633,916.72 |
| 6. | SDODOTI/ SQ/SB/ 2082/83-8 | Construction of 2 Room School Building at Amarghatti AaVi Badikedar RM-3 Doti | NRs. 30000.00 Validity 75 Days | NRs 12,61,290.38 |

Eligible Bidders may obtain further information from **www.bolpatra.gov.np/egp** Conatct no.: 9862790665.

**Office Chief**

# एक महिना पछाडि सऱ्यो जय ट्रफीको फाइनल

**हिमालय टाइम्स**

काठमाडौं, १६ फागुन

नेपाल क्रिकेट संघ (क्यान)को आयोजनामा काठमाडौंको मूलपानी र कीर्तिपुर क्रिकेट रंगशालामा जारी जय ट्रफीको फाइनल खेल एक महिना पछाडि सरेको छ। क्यानले आज (आइतबार फागुन १७)का लागि फाइनल तय गरेको थियो। फागुन २१ गते बिहीबार हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका कारण फाइनल खेल एक महिना पछाडि सारेको क्यानले जनाएको छ।

क्यानले जनाएअनुसार अब फाइनल आउँदो चैत २२, २३ र २४ गते हुने भएको छ। जय ट्रफीको लिग चरणका खेलहरू दुईदिने भए पनि फाइनल खेल भने तीनदिवसीय हुने तालिका छ। फाइनलमा त्रिभुवन आर्मी क्लब र नेपाल पुलिस क्लबले प्रतिस्पर्धा गर्नेछन्।

पुलिसले फाइनलमा स्थान बनाउने क्रममा शुक्रबार भएको खेलमा बागमती प्रदेशलाई आठ विकेटले



पराजित गरेको थियो। शुक्रबार नै भएको सशस्त्र प्रहरी बलको एपिएफ क्लबविरुद्धको खेल बराबरीमा टुंगिएपछि आर्मी फाइनलमा प्रवेश गरेको हो।

राउण्ड रोविन लिगमा भएको खेलका आधारमा सबै चार टोलीले समान तीन खेल खेलेपश्चात् त्रिभुवन आर्मी क्लब कुल ६६ अंकका साथ शीर्षस्थानमा रहँदा ६५.५ अंकका साथ पुलिस दोस्रो स्थानमा रह्यो। ५३ अंक जोडेको एपिएफले तेस्रो स्थान बनाउँदा पुछारको बागमती ४० अंकमा सीमित भयो।

# विश्वकप लिग-२ : २० सदस्यीय नेपाली टोली बन्द प्रशिक्षणमा

**हिमालय टाइम्स**

काठमाडौं, १६ फागुन

नेपाल क्रिकेट संघ (क्यान)ले आइसिसी मेन्स क्रिकेट विश्वकप लिग-२ को तयारीका लागि २० सदस्यीय टोलीलाई पहिलो चरणको बन्द प्रशिक्षणमा बोलाएको छ। लिग-२ फागुन २६ देखि चैत ६ गते (मार्च १० देखि २०) सम्म नेपालमा हुनेछ। नेपाल, ओमान र युएईबीच हुने खेलमा प्रत्येक टोलीले एकअर्कासँग दुई-दुई खेल खेल्नेछन्।

प्रशिक्षक स्टुअर्ट ललले चयन गरेको टोलीमा ५० ओभरको खेलका लागि योग्य मानिएका भीम सार्की फर्किनुभएको छ। शेर मल्लले एकदिवसीयमा पनि नाम सुरक्षित गर्दा कुशल मल्लले टोलीमा स्थान बनाउन सक्नुभएन। त्यस्तै, राष्ट्रिय टोलीका नियमित सदस्यहरूबाहेक अर्जुन साउद, इशान पाण्डे, आकाश चन्द, शाहब आलम, रिजन ढकाल र हेमन्त धामी थपिनुभएको छ।

क्यानले सार्वजनिक गरेको खेलाडीको सूचीमा रोहितकुमार पौडेल (कप्तान), दीपेन्द्रसिंह ऐरी (उपकप्तान), सन्दीप लामिछाने, कुशल भुर्तेल, आसिफ शेख, अर्जुन साउद, भीम सार्की, आरिफ शेख, बसिर अहमद, गुल्सन झा, सोमपाल कामी, करण केसी, नन्दन यादव, रिजन ढकाल, ललित राजवंशी, शाहब आलम, शेर मल्ल, इशान पाण्डे, आकाश चन्द र हेमन्त धामी हुनुहुन्छ।

# केभिकेएसएस र एन्जल्स हार्टलाई तेजस्वी कप

**हिमालय टाइम्स**

काठमाडौं, १६ फागुन

एन्जल्स हार्ट र काठमाडौं विद्या कुन्ज सेकेण्डरी स्कुल (केभिकेएसएस)ले प्रथम तेजस्वी कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि चुमेका छन्। एन्जल्स हार्ट ब्वाइज तथा केभिकेएसएस गर्ल्समा च्याम्पियन बनेका हुन्। तारकेश्वर नगरपालिकाको थापागाउँस्थित आयोजक तेजस्वी एकेडेमीमा भएको ब्वाइजको फाइनलमा एन्जल्स हार्टले ह्वाइट हेभेन एकेडेमीलाई ३७-३३ ले पराजित गऱ्यो। एन्जल्स हार्टका रूपेश पौडेलले २४ अंक जोड्नुभएको थियो। हिमालय बोर्डिङ स्कुलले संस्कृति शिक्षा सदनलाई ४८-२७ ले हराउँदै तेस्रो भयो। हिमालयका अरुण कार्कीले २३ स्कोर गर्नुभयो।

गर्ल्सको उपाधि भिडन्तमा केभिकेएसएसले आयोजक तेजस्वीलाई २५-१४ ले पाखा लगायो। केभिकेएसएसकी मुस्कान मिफोकले आठ अंक जोड्नुभयो। तेस्रो स्थानका लागि भएको खेलमा बेलमोन्ट इन्टरनेसनल स्कुलले मानसिंहलाई १५-१२ ले पन्छायो। बेलमोन्टकी क्रिस्टिना घिमिरेले नौ अंक बटुल्नुभएको थियो।

ब्वाइजमा एन्जल्स हार्टका रूपेश पौडेल तथा गर्ल्समा केभिकेएसएसकी रोजी श्रेष्ठ 'मोस्ट भेलुएबल प्लेयर' घोषित हुनुभयो। ब्वाइजमा ह्वाइट हेभेनका राहुल सुनार तथा गर्ल्समा बेलमोन्टकी क्रिस्टिना घिमिरे उत्कृष्ट 'थ्री प्वाइन्टर' चुनिनुभयो।

ब्वाइजमा हिमालयका अरुण कार्की तथा गर्ल्समा तेजस्वीकी एस्थर बरुवाल सर्वाधिक स्कोरकर्ता बन्नुभयो। ब्वाइजमा सिद्धार्थ मोडेल स्कुल तथा गर्ल्समा एन्जल्स हार्ट नेसनल स्कुलले अनुशासित टिमको ट्रफी हात पारे। विजेतालाई सिनियर बास्केटबल प्रशिक्षक पूर्ण न्यौपाने, तेजस्वीका संस्थापक प्रिन्सिपल थिरबहादुर बस्नेत, तेजस्वीका संस्थापक प्रबन्ध निर्देशक राजकुमार केसी र तेजस्वीका भाइस प्रिन्सिपल विश्व पाण्डेले पुरस्कृत गर्नुभएको थियो। छदिने प्रतियोगिताको ब्वाइज/गर्ल्समा समान १२-१२ गरी २४ टिम सहभागी थिए।

# च्याम्पियन्स लिगको अन्तिम-१६ ड्र सार्वजनिक



**एजेन्सी**

लण्डन, १६ फागुन

युरोपेली फुटबलको सबैभन्दा प्रतिष्ठित प्रतियोगिता, च्याम्पियन्स लिगको २०२५-२६ सिजनको अन्तिम-१६ को ड्र सार्वजनिक भएको छ। सार्वजनिक ड्रअनुसार फुटबल जगत्‌ले केही बहुप्रतिक्षित र रोमाञ्चक खेलहरू हेर्न पाउने भएको छ, जसमा इंग्लिस क्लब म्यानचेस्टर सिटीले स्पेनिस महारथी रियल मड्रिडको सामना गर्नेछ।

पछिल्ला केही वर्षयता युरोपेली प्रतियोगितामा एकअर्काका चिरपरिचित प्रतिद्वन्द्वी बनेका सिटी र रियलबीचको भिडन्तलाई यस चरणको सबैभन्दा ठूलो खेलका रूपमा हेरिएको छ। पेप ग्वार्डिओलाको टोलीले यसै सिजनको समूह चरणमा रियललाई उसैको घरेलु मैदान सान्टियागो बर्नाबेउमा २-१ ले पराजित गरिसकेको छ। लगातार पाँच युरोपेली सिजनमा यी दुई टोली आमनेसामने हुन लागेका हुन्।

त्यस्तै, अर्को इंग्लिस क्लब चेल्सीले उपाधि विजेता पेरिस सेन्ट-जर्मेन (पिएसजी) जस्तो बलियो टोलीको सामना गर्नुपर्ने भएको छ। चेल्सीले २०२५ को फिफा क्लब विश्वकपको फाइनलमा पिएसजीलाई हराएको थियो, जसले गर्दा यो खेल पनि प्रतिस्पर्धात्मक हुने अपेक्षा छ।

अन्य प्रिमियर लिग क्लबहरूमध्ये आर्सनलले सन् २००२ पछि पहिलोपटक बायर लेभरकुसेनसँग खेल्नेछ भने लिभरपुलले टर्किस क्लब गालातासारेको सामना गर्नेछ। लिभरपुल यसै सिजन गालातासारेसँग पराजित भइसकेकाले इस्तानबुल भ्रमण उसका लागि चुनौतीपूर्ण हुने देखिन्छ।

ला लिगाको महारथी बार्सिलोनासँग न्युक्यासल युनाइटेडको भेट पनि रोचक हुनेछ। न्युक्यासलका लागि फाउस्टिनो एस्प्रिलाले बार्सिलोनाविरुद्ध गरेको ह्याट्रिक अझै पनि समर्थकहरूले सम्झिरहेका छन्। घरेलु लिगमा संघर्ष गरिरहेको टोटनह्यामले भने आफ्नो ध्यान च्याम्पियन्स लिगमा केन्द्रित गर्दै एट्लेटिको मड्रिडको सामना गर्नेछ।

प्रतियोगितामा बाँकी रहेको एकमात्र इटालियन टोली एटलान्टाले जर्मन च्याम्पियन बायर्न म्युनिखसँग प्रतिस्पर्धा गर्नेछ। अन्तिम-१६ को पहिलो लेगका खेलहरू मार्च १० र ११ मा हुनेछन्। दोस्रो लेगका खेलहरू एक हप्तापछि मार्च १७ र १८ मा आयोजना हुनेछन्। वरीयतामा अगाडि रहेका टोलीहरूले दोस्रो लेगको खेल आफ्नो घरेलु मैदानमा खेल्नेछन्।

# आइपिएल दुई दिन ढिला सुरु हुने

**एजेन्सी**

नयाँदिल्ली, १६ फागुन

इण्डियन प्रिमियर लिग (आइपिएल) क्रिकेट २०२६ यसअघि तोकिएकोभन्दा दुई दिन ढिला सुरु हुने भएको छ। आसाम, पश्चिम बंगाल र तमिलनाडुमा हुने प्रदेशसभा निर्वाचनको मिति घोषणा नभएकाले तालिका सार्वजनिक गर्न ढिलाइ भएको हो। भारतीय क्रिकेट बोर्ड (बिसिसिआई)ले यसअघि मार्च २६ बाट प्रतियोगिता सुरु गर्ने जानकारी फ्रेन्चाइजहरूलाई दिएको भए पनि अब मार्च २८ बाट सुरु गर्ने आन्तरिक निर्णय गरेको क्रिकइन्फोले जनाएको छ। फाइनल भने मे ३१ मा हुनेछ। आइपिएल गभर्निङ काउन्सिलले आगामी साता बस्ने बैठकमा तालिका सार्वजनिक गर्नेबारे अन्तिम निर्णय गर्नेछ।

कोलकाता र चेन्नई क्रमशः कोलकाता नाइट राइडर्स (केकेआर) र चेन्नई सुपर किंग्स (सिएसके) का घरेलु मैदान हुन् भने गुवाहाटी राजस्थान रोयल्स (आरआर) को दोस्रो घरेलु मैदान हो। यसअघि सन् २००९, २०१४, २०१९ र २०२४ मा आमनिर्वाचन हुँदा आइपिएलको तालिका दुई चरणमा सार्वजनिक गरिएको थियो। यसपटक पनि त्यही मोडेल अपनाउने वा निर्वाचन आयोगले मिति घोषणा गरेपछि मात्र पूर्ण तालिका सार्वजनिक गर्ने भन्नेबारे काउन्सिलले निर्णय गर्नेछ। उद्घाटन खेल साबिक विजेता रोयल च्यालेन्जर्स बैंगलुरु (आरसिबी) ले खेल्ने भएकाले खेल कहाँ



आयोजना गर्ने भन्ने विषयमा पनि छलफल हुनेछ।

गत वर्ष बैंगलुरुको एम चिन्नास्वामी रंगशालामा आरसिबीको उपाधि उत्सवका क्रममा भागदौड मच्चिँदा ११ दर्शकको मृत्यु भएको थियो। त्यसपछि आरसिबीले कर्नाटक राज्य क्रिकेट संघसँग आफ्ना सात घरेलु खेल सोही मैदानमा खेल्ने वा अन्यत्र सार्ने विषयमा छलफल गरिरहेको छ। आरसिबीले वैकल्पिक मैदानका रूपमा नवी मुम्बई, रायपुर र पुणेलाई छनोट गरेको जनाएको छ।

सुरक्षाको कारण देखाउँदै आरसिबीले वैकल्पिक स्थानका रूपमा नवी मुम्बई, रायपुर र पुणेलाई सर्टलिस्ट गरेको छ। गभर्निङ काउन्सिलको आगामी बैठकले निर्वाचनको मिति र बैंगलोरको सुरक्षा अवस्थालाई मध्यनजर गर्दै प्रतियोगिताको सुरुवात र स्थानबारे अन्तिम टुंगो लगाउनेछ।


## PANCHKHAL MUNICIPALITY
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
**PANCHKHAL, KAVREPALANCHOK**
**BAGAMATI PROVINCE, NEPAL**

### Invitation for Bids

Date of publication: 2082/11/17

Panchkhal Municipality invites electronic bids from Nepalese eligible bidders for the Supply of Goods (as mentioned in the table below) under National Competitive Bidding procedures.

| S. N. | IFB NO. | Description of work | Bid security amount (NRs) | Bid document fee (NRs) |
|---|---|---|---|---|
| 1 | PM/NCB/GOODS/ AGRI/01/2082/083 | Supply and Delivery of Agriculture Equipments | 3,90,000/- | 3,000/- |

| Code | Name of the bank, office account no | Time and place for Pre-bid meeting | Last date for bid submission | Bid opening date | Bid/ Bid security Validity period (days) |
|---|---|---|---|---|---|
| **Office code** 30-365-15 **Rajashwa Shirshak no.** 11691 | Nepal Bank ltd., Panchkhal Branch **For Bid Fee** Account No.- 12403000001001000001 Account Name :- Panchkhal GA 1.1 AANTARIK RAJASWA KHATA **For Bid Security** Account No.- 12403000003000000001 Account Name :- GA3.1 PANCHKHAL NA.PA. DHARAUTI KHA | Panchkhal Municipality Office at 1:00 PM, 2082/12/08 | on or before 12:00 Noon on 2082/12/17 | 2082/12/17 at 1:00 PM, at the office of Panchkhal Municipality. | 90/120 |

Eligible Bidders may obtain further information at the office of Panchkhal Municipality, Panchkhal, panchkhal.municipality@gmail.com, 011499453 or may visit PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

Government Of Nepal
Ministry of Physical Infrastructure and Transport
**Department of Roads, Mechanical Branch,**
***Chakupat, Lalitpur***

### Invitation for Bids

Date of publication: **March 1, 2026 (2082-11-17)**

1. Government of Nepal (GoN) has received a credit from the World Bank towards the cost of Strategic Road Connectivity and Trade Improvement Project and intends to apply part of the funds to cover eligible payments under the Contract for Supply and Delivery of Supervision Vehicle. Bidding is open to all eligible Bidders from all countries as defined in the World Bank's Procurement Regulations for IPF Borrowers, July 2016, revised November 2020.
2. The Department of Roads, Mechanical Branch invites electronic bids from eligible bidders for the procurement of ***Supply and delivery of following items*** *under* **National competitive bidding**.

| SN | IFB Number | Descriptions | Bid Validity | Bid Document fee | Bid security amount | Bidding Procedure |
|---|---|---|---|---|---|---|
| 1 | SRCTIP-DOR-G-SV-NCB-49-RE. | Supply and Delivery of Supervision Vehicle -4 Units | 90 Days | NRs. 5,000 | NRs. 9,00,000.00 | Single stage two envelope |
| 2 | SRCTIP-MECH-P-3 | The Procurement of Crane mounted truck with Recovery Platform | 90 Days | NRs. 5,000 | NRs. 8,50,000.00 | Single stage two envelope |

**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank**: Rastriya Banijya Bank, Teku, Kathmandu, Nepal, **Office Code no**.: 337013520
**Office Account no**.: 1000100200010000 **Rajaswa (revenue) Shirshak no**. :14229
**Name of Office**: Department of Roads, Mechanical Branch, Chakupat, Lalitpur

3. Electronic bids must be submitted through PPMO's e-GP system **www.bolpatra.gov.np/egp** on or before **12:00 pm** on **March 31, 2026** and the bids will be opened at **1:00 PM on March 31, 2026** at the Department of Roads, Mechanical Branch, Chakupat, Lalitpur
4. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Department of Roads Mechanical Branch, Chakupat, Lalitpur or may visit PPMO e-GP system **www.bolpatra.gov.np/egp.**

**Notice regarding Price Bid Opening:**

This is to inform to undermentioned qualified bidder (after technical bid evaluation) under IFB mentioned below,that the "Price Bid" shall be opened at DoR, Mechanical Branch on **March 15, 2026 at 1:00 pm.**

| S.N. | Contract Identification No. | Descriptions | Bidder's Name & Address |
|---|---|---|---|
| 1. | SRCTIP-MECH-P-2 | The Procurement of Truck Crane – 50 ton | 1. M/S Albelo Multi Trading Pvt. Ltd.,Lalitpur, Nepal 2. M/S United Heavy Equipment and Earth Movers Pvt. Ltd.,Kathmandu, Nepal |

## दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**दिक्तेल, खोटाङ**
**कोशी प्रदेश, नेपाल**

### बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२।११।१७**

यस नगरपालिकाद्वारा तपसिल अनुसारको निर्माण कार्यहरू राष्ट्रियस्तरको खुल्ला बोलपत्र खरिद प्रक्रिया eGP को माध्यमबाट मात्र खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक योग्य नेपाली बोलपत्रदाताहरुका लागि बोलपत्र कागजातमा उल्लेखित शर्तहरूको अधिनमा रही रितपूर्वकको बोलपत्र आह्वान गरिन्छ। यस सम्बन्धी सम्पूर्ण कुराहरू बुझ्नको लागि यस कार्यालयको वेब साईट www.rupakotmajhuwagadhimun.gov.np, सार्वजनिक खरिद अनुगमन कार्यालयको वेब साईट www.bolpatra.gov.np/egp, यस कार्यालयको सूचना पाटी तथा कार्यालय समयमा कार्यालयको पूर्वाधार विकास शाखामा सम्पर्क गर्न सकिनेछ।

**बोलपत्रहरू सम्बन्धी विवरण**

| सि. नं. | ठेक्का नं. | बोलपत्रको विवरण | बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय | लागत अनुमान रकम रू. (भ्याट, कन्टिन्जेन्सि बाहेक, पि.एस. सहित) | बोलपत्र जमानत रकम रू. | बोलपत्र फारम खरिद दस्तुर रू. | बोलपत्र मान्य अवधि |
|---|---|---|---|---|---|---|---|---|
| १. | 11/DRMM/ NCB/W/ 2082/083 | Construction of Basic Health Service Center Building, Ward No. 3, Ratapani | २०८२।१२।१८ दिनको १२:०० बजे सम्म | २०८२।१२।१८ दिनको १७:०५ बजे | ३२,८३,५८८।९० | ९५,०००।- | ३,०००।- | ९० दिन |
| २. | 12/DRMM/ NCB/W/ 2082/083 | Construction of Basic Health Service Center Building, Ward No. 8, Buwalung | २०८२।१२।१८ दिनको १२:०० बजे सम्म | २०८२।१२।१८ दिनको १७:१५ बजे | ३२,८२,१०७।६८ | ९५,०००।- | ३,०००।- | ९० दिन |
| बैंक विवरण | | | बोलपत्र फारम खरिद दस्तुर जम्मा गर्ने प्रयोजनका लागि: Rastriya Banijya Bank, Diktel Branch, Khotang Name of Account: DIKTEL NA.PA.(GA–1–1)–AANTARIK RA Account No.:2060100301010003 | | | बोलपत्र जमानत नगद जम्मा गर्ने प्रयोजनका लागि: Rastriya Banijya Bank, Diktel Branch, Khotang Name of Account: DIKTEL NA.PA.(GA-3)-DHARAUTI ACCOUNT Account No.: 2060100303000003 | | |

**प्रमुख प्रशासकीय अधिकृत**

# निर्वाचनका लागि हिउँले बन्द सडक खुलाउन सुरु

**दाने बोहरा/हुम्ला ।** प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा हिमपातका कारण अवरुद्ध बनेका उत्तरी हुम्लाका सडकहरू खुलाउन तीव्र पहल सुरु गरिएको छ। माघ दोस्रो साता परेको भारी हिमपातले नाम्खा गाउँपालिकाअन्तर्गत पर्ने वडा नम्बर ५ को हिल्सा-सिमकोट सडकखण्ड तथा वडा नम्बर ६ मा पर्ने न्यालु सडकखण्ड अवरुद्ध बनेका थिए। हिउँ जमेर सडक पूर्ण रूपमा बन्द भएपछि सर्वसाधारणको आवतजावत र सवारी साधन सञ्चालन ठप्पजस्तै भएको थियो। निर्वाचनको मिति नजिकिँदै गर्दा मतदातालाई मतदान केन्द्रसम्म सहज पहुँच सुनिश्चित गर्न स्थानीय प्रशासनले सडक खुलाउने कार्यलाई प्राथमिकतामा राखेको छ। सहायक प्रमुख जिल्ला अधिकारी राजेन्द्रकुमार चन्दका अनुसार, बन्द रहेका सडक अबको दुईदेखि तीन दिनभित्र सञ्चालनमा ल्याउने लक्ष्यसहित काम अघि बढाइएको छ। 'निर्वाचनका बेला मतदातालाई आवतजावतमा कुनै अवरोध नहोस् भन्ने उद्देश्यले सडक खुलाउने काम तीव्र गतिमा भइरहेको छ,' उहाँले बताउनुभयो।

हिल्सा-सिमकोट सडकखण्ड खुलाउन हिल्सा सिमकोट सडक आयोजनाले आफ्नो स्काभेटर परिचालन गरिसकेको छ। सडकमा बाक्लो हिउँ जमेर बरफ बनेकाले त्यसलाई पन्छाउन समय लागे पनि काम निरन्तर रूपमा अघि बढिरहेको प्रशासनले जनाएको छ। हिउँ हटाइएसँगै अत्यावश्यक सामग्री ढुवानी र यात्रु आवतजावत सहज हुने अपेक्षा गरिएको छ।

त्यस्तै, वडा नम्बर ६ अन्तर्गत पर्ने लिमी गाउँ जाने सडक खुलाउन नाम्खा गाउँपालिका कार्यालय र पूर्वाधार विकास कार्यालयले संयुक्त रूपमा दुईवटा स्काभेटर परिचालन गरेका छन्। लिमीका वडाध्यक्ष पाल्जोर तामाङका अनुसार, न्यालु क्षेत्रमा जमेको बाक्लो हिउँ पन्छाउने कार्य भइरहेको छ। 'छिटोमा दुई दिन र ढिलोमा तीन दिनभित्र सडक सञ्चालनमा ल्याउने लक्ष्य छ,' उहाँले बताउनुभयो।

हिमपातका कारण यस क्षेत्रमा सडकमा जमेको हिउँ बरफमा परिणत भएकाले सवारी साधन सञ्चालन जोखिमपूर्ण बनेको थियो। स्थानीय बासिन्दा, व्यापारी तथा यात्रुहरूले लामो समयदेखि आवतजावतमा समस्या झेल्दै आएका थिए। सडक अवरुद्ध हुँदा दैनिक उपभोग्य सामग्रीको ढुवानीसमेत प्रभावित भएको थियो। प्रशासनका अनुसार, मौसम अनुकूल रहेमा तोकिएको समयसीमाभित्रै सडक खुलाइनेछ। सडक सञ्चालनमा आएपछि निर्वाचन तयारीका लागि आवश्यक सामग्री ढुवानी, सुरक्षाकर्मी परिचालन तथा मतदाताको आवागमन सहज हुने विश्वास गरिएको छ। हिमाली जिल्लामा हिउँका कारण बारम्बार सडक अवरुद्ध हुने समस्या दोहोरिरहँदा दीर्घकालीन समाधानका लागिसमेत योजना आवश्यक रहेको स्थानीयको माग छ।

## Bethanchok Rural Municipality
## Office of Rural Municipal Executive
**Dhungkharka, Kavrepalanchowk**
**Bagamati Province, Nepal**

**Invitation for Sealed Quotation**

**Date of publication: 2082/11/17**

Bethanchok Rural Municipality, Office of Rural Municipal Executive, Dhungkharka Kavre invites online electronic bids only from Nepalese eligible bidders for the following bids under sealed quotation procedures.

| S.N. | Contract Identification No:- | Name of Contract | Estimated Amount (Including VAT, PS and Contingencies NRs) | Bid Submission Last Date & Time | Bid Opening Date & Time | Bid Security (Nrs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1. | BRM/082/83/ WORKS/17 | Golgaun Tawari Bhugdeu Road | 19,49,270.00 | 2082/12/02 12:00 | 2082/12/02 13:00 | 49,000.00 | SQ |
| 2. | BRM/082/83/ WORKS/18 | Mulkhola Khaharekhola Patikharka River Training | 12,10,180.00 | 2082/12/02 12:00 | 2082/12/02 13:00 | 31,000.00 | SQ |

1. Eligible Bidders may obtain further information at the office of Bethanchok Rural Municipality, Office of Rural Municipal Executive, Dhungkharka Kavrepalanchowk.
2. Bidder may download the bidding document for e-submission from PPMO's website. Bidder should deposit the cost of bidding document Rs 1,000 for Bids in the Rajaswa (Revenue) account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of submission of bids.
   Name of bank: Global IME Bank Ltd, Name of Office: Bethanchowk Rural Municipality, Account Number: 12204010000005, Account Name: GA. 1. 1. AANTARIK RAJASWO KHATA BETHANCHOWK, Reveune Head No: 14229
3. Sealed Quotation must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of as mentioned in above table which shall be valid for 30 days beyond the validity period of the bid.

**Chief Administrative Officer**

## Sunkoshi Rural Municipality
## Office of Rural Municipal Executive
**Pangretar, Sindhupalchok**
**Bagmati Province, Nepal**

**Invitation for Bids**

***First Date of Publication : 2082/11/17 (1st March, 2026)***

***Sunkoshi Rural Municipality, Office of Rural Municipal Executive, Pangretar, Sindhupalchok*** invites *electronic bids* for the following works under ***National Competitive Bidding (NCB).***

| Contract Identification No. | Description | Estimate Amount (without VAT, PS and contingencies) | Bid Security Amount | Price of Bid Document | Bid Submission Last Date, Time | Bid Opening Last Date, Time |
|---|---|---|---|---|---|---|
| SRM/Works/ Park/NCB/ 082/83-17 | Infrastructure Construction Works of Multipurpose Community Park, Sunkoshi RM-06 | NRs. 20,77,209.55 | NRs. 62,500 | NRs. 3000 | 2082/12/17 at 12:00 hrs | 2082/12/17 at 13:00 hrs |
| SRM/Works/ Temple/NCB/ 082/83-18 | Infrastructure Construction of Thumpakhar Salbalaghari Park & Mandir, Sunkoshi RM-06 | NRs. 20,78,299.40 | NRs. 62,500 | NRs. 3000 | 2082/12/17 at 12:00 hrs | 2082/12/17 at 13:00 hrs |

Eligible Bidders may obtain further information from PPMO's website **www.bolpatra.gov.np/egp** or Sunkoshi Rural Municipality, Office of Rural Municipal Executive, Pangretar, Sindhupalchok.

**(CHIEF ADMINISTRATIVE OFFICER)**

**नेपाल सरकार**
**उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय**
**जलश्रोत तथा सिंचाइ विभाग**

## नारायणी सिंचाइ व्यवस्थापन कार्यालय
**वीरगंज, पर्सा**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०८२/११/१७**

यस कार्यालयबाट मिति २०८२/०९/३० गते हिमालयन टाइम्स रास्ट्रिय दैनिकमा प्रकाशित E-bid मार्फत बोलपत्र आह्वानको सूचना अनुसार तपशिलमा उल्लेखित ठेक्का नं र कार्यविवरण संग सम्बन्धित निर्माण कार्यको लागि रितपुर्वक e-submission हुन आएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही पाइएकाले उक्त बोलपत्रहरु स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

| S. N. | Contract ID | Description of Work | Name & Address of Successful Bidders | Bid Amount (Including VAT & PS) |
|---|---|---|---|---|
| 1 | NIMO/NCB-13/ Bipad-01/2082-83 | Canal Bank Strengthening cum RCC Lining Work in different locations of NEC (ch. in between 16+450 to 22+500 | Anjali And Simran Construction, Jagarnathpur, Parsa | 2130125.25 |
| 2 | NIMO/NCB-14/ Bipad-02/2082-83 | Bank Strengthening Cum Canal Lining work at Different locations between Feta & Matewarwa, NEC, Bara | Aakriti construction, Sakhuwa Parsauni -05, Baluwa, Parsa | 4328396.66 |
| 3 | NIMO/NCB-15/ Sukha-01/2082-83 | Construction of 8"/6" dia. 1 Nos. of Deep Tubewell, Installation of Submersible Pump, Electrification Work and MS Box Installation in Block 4 of Parsa District | shankat Mochan Nirman Sewa/ Bhupendra Suppliers, Birgunj-14, Parsa | 2007606.59 |
| 4 | NIMO/NCB-16/ Sukha-02/2082-83 | Construction of 8"/6" dia. 2 Nos. of Deep Tubewells, Installation of Submersible Pump, Electrification Works and MS Box Installation in Block 9 and 10 of Bara District | shankat Mochan Nirman Sewa/ Bhupendra Suppliers, Birgunj-14, Parsa | 4084090.81 |


**कार्यालय प्रमुख**

# रूपन्देही-३ मा नयाँ अनुहारको भिडन्त

## डाक्टर, पाइलट, विद्यार्थी नेता र निवर्तमान सांसदबीच कडा प्रतिस्पर्धा


सुशील गुरुङ-कांग्रेस


वासुदेव घिमिरे-एमाले


फैज अहमद खाँ-नेकपा


डा. लेखजंग थापा-रास्वपा


पाइलट गौरव बोहोरा-राप्रपा

**चन्द्रकान्त खनाल/हिटा**
बुटवल, १६ फागुन

हरेक निर्वाचनमा 'हेभिवेट' नेताका कारण राष्ट्रिय चर्चा पाउने रूपन्देही-३ यसपटक फेरि राजनीतिक ध्यानको केन्द्रमा छ। फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा यहाँ डाक्टर, पाइलट, विद्यार्थी नेता र निवर्तमान सांसदबीच रोचक तथा कडा प्रतिस्पर्धा देखिएको छ।

अघिल्ला निर्वाचनहरूमा पूर्वगृहमन्त्री बालकृष्ण खाँण र दीपक बोहोराबीचको प्रतिस्पर्धाले चर्चामा रहेको यो क्षेत्रमा यसपटक भने दुवै प्रभावशाली व्यक्तित्व चुनावी मैदानमा छैनन्।

खाँण भुटानी शरणार्थी प्रकरणपछि सक्रिय राजनीतिबाट बाहिरिनुभएको छ भने बोहोराको गत चैतमा निधन भएको थियो। परिणामतः यसपटक नयाँ अनुहारहरूबीचको प्रतिस्पर्धाले यो क्षेत्रको राजनीतिक समीकरण नै फेरिएको छ।

### को-को छन् मैदानमा ?

नेपाली कांग्रेसबाट क्षेत्रीय सभापति तथा विद्यार्थी राजनीतिबाट उदाएका युवा नेता सुशील गुरुङ उम्मेदवार बन्नुभएको छ। प्रतिनिधिसभा सदस्यका लागि उहाँ पहिलोपटक चुनावी मैदानमा हुनुहुन्छ। जनतासँग प्रत्यक्ष सम्पर्क, स्थानीय मुद्दा र संगठन सुदृढीकरणलाई उहाँले आफ्नो बलियो आधारका रूपमा प्रस्तुत गर्नुभएको छ। २०७९ सालको निर्वाचनमा समानुपातिकतर्फ कांग्रेसले यस क्षेत्रमा २० हजार २७८ मत प्राप्त गरेको थियो। स्थानीय तहमा पनि कांग्रेसको प्रभाव बलियो रहेकाले गुरुङ आफूलाई प्रतिस्पर्धामा सहज स्थिति रहेको दाबी गर्नुहुन्छ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट वरिष्ठ न्युरो सर्जन डा. लेखजंग थापा उम्मेदवार बन्नुभएको छ। स्वास्थ्य क्षेत्रबाट राजनीतिमा प्रवेश गर्नुभएका थापाले स्वास्थ्य, शिक्षा र रोजगारीलाई मुख्य चुनावी एजेण्डा बनाउँदै मतदातामाझ पुगिरहनुभएको छ। २०७९ को निर्वाचनमा रास्वपाले समानुपातिकतर्फ १४ हजार १५४ मत प्राप्त गरेको थियो। यद्यपि स्वतन्त्र उम्मेदवारहरूको उपस्थितिका कारण मत विभाजन हुने सम्भावना पनि औंल्याइएको छ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट गौरव बोहोरा उम्मेदवार बन्नुभएको छ। स्वर्गीय दीपक बोहोराका छोरा तथा लामो समय पाइलटको अनुभव बोकेका बोहोराले पारिवारिक राजनीतिक विरासत र राप्रपाको परम्परागत पकेट क्षेत्रलाई आफ्नो चुनावी आधार बनाउनुभएको छ। २०७९ मा राप्रपाले समानुपातिकतर्फ नौ हजार १८३ मत प्राप्त गरेको थियो।

नेकपा एमालेबाट निवर्तमान सांसद तथा तिलोत्तमा नगरपालिकाका पूर्वमेयर वासुदेव घिमिरे उम्मेदवार हुनुहुन्छ। २०७९ मा रूपन्देही-५ बाट निर्वाचित घिमिरे यसपटक क्षेत्र-३ मा उम्मेदवार बन्नुभएको छ। स्थानीय तहमा विकासमुखी छवि बनाउनुभएका उहाँ संगठन संरचना र मत आधारलाई आफ्नो मुख्य शक्ति मान्नुहुन्छ। अघिल्लो निर्वाचनमा एमालेले समानुपातिकतर्फ १६ हजार ९८६ मत पाएको थियो।

यसैगरी नेपाली कम्युनिष्ट पार्टीबाट फैज अहमद खाँ उम्मेदवार रहनुभएको छ। 'तारा चिह्न'बाट चुनाव लडिरहनुभएका उहाँ समुदायगत आधारमा मत आकर्षित गर्ने रणनीतिमा देखिनुहुन्छ। उल्लेखनीय कुरा के छ भने यस क्षेत्रमा राजनीतिक दल र स्वतन्त्र गरी कुल ३६ जना उम्मेदवार चुनावी मैदानमा छन्।

### अघिल्लो निर्वाचनको परिणाम

२०७९ सालको निर्वाचनमा एमाले-राप्रपा तालमेलबाट दीपक बोहोरा ३६ हजार ७१७ मतसहित विजयी हुनुभएको थियो भने कांग्रेसका बालकृष्ण खाँणले ३४ हजार ३६ मत प्राप्त गर्नुभएको थियो। अत्यन्त कडा प्रतिस्पर्धा भएको उक्त निर्वाचनमा तालमेल निर्णायक बनेको थियो। यसपटक भने सबै दल आ-आफ्नै शक्ति परीक्षणमा उत्रिएका छन्। समानुपातिक मत परिणामलाई आधार मान्दा कांग्रेस, एमाले, रास्वपा र राप्रपाबीच प्रतिस्पर्धा सन्तुलित देखिन्छ। त्यसैले सानो मत अन्तरले नै परिणाम निर्धारण हुने विश्लेषण भइरहेको छ।

### मतदाता र भूगोल

रूपन्देही-३ मा करिब एक लाख ५० हजार मतदाता छन्। बुटवल उपमहानगरपालिकाका वडा नं. १४ देखि १९, सिद्धार्थनगर नगरपालिका, शुद्धोधन गाउँपालिका, मायादेवी गाउँपालिकाका केही वडा, ओमसतिया-२, सियारी गाउँपालिकाका वडा नं. १, २, ३, ६ र ७ तथा तिलोत्तमा-१३ र १४ यस क्षेत्रमा पर्छन्। शहरी, अर्धशहरी र ग्रामीण क्षेत्रको मिश्रित भूगोल भएकाले विकास, रोजगारी, शिक्षा, स्वास्थ्य, पूर्वाधार निर्माण र युवाको विदेश पलायन प्रमुख चुनावी मुद्दा बनेका छन्। स्थानीय तहको परिणाम हेर्दा बुटवल, सिद्धार्थनगर, शुद्धोधन, मायादेवी, सियारी र तिलोत्तमा नगरपालिकामा नेपाली कांग्रेसले जितेको छ भने ओमसतिया गाउँपालिकामा एमालेका अध्यक्ष निर्वाचित भएका थिए।

### बदलिँदो जनमत

स्थलगत रूपमा मतदातासँग गरिएको कुराकानीमा परम्परागत दलप्रति निष्ठा कायम राख्ने कि परिवर्तनको पक्षमा उभिने भन्ने दोधार देखिएको छ। विशेषगरी 'जेन-जी' पुस्ताका मतदाताले नयाँ अनुहार र वैकल्पिक शक्तिलाई अवसर दिनुपर्ने धारणा व्यक्त गरिरहेका छन्। तर, पुराना संगठन संरचना, परम्परागत मत आधार र गाउँ-टोलसम्मको पार्टी सञ्जालले स्थापित दलहरूलाई अझै पनि बलियो बनाइरहेको छ।

विगतमा तालमेल निर्णायक बन्ने गरेको यस क्षेत्रमा यसपटक सबै दल एक्लाएक्लै चुनावी मैदानमा छन्। त्यसैले डाक्टर, पाइलट, विद्यार्थी नेता र निवर्तमान सांसदबीचको प्रतिस्पर्धाले अन्तिम परिणामसम्म रोमाञ्चक मोड लिने देखिन्छ। खाँण र बोहोराको गृहनगरसमेत रहेको यस क्षेत्रमा अब कसले बाजी मार्ला भन्ने चासो चुलिएको छ। नयाँ अनुहारहरूबीचको यो भिडन्तले रूपन्देही-३ को आगामी राजनीतिक दिशा तय गर्ने निश्चित छ।

# भोजपुरमा मतदाता शिक्षा कार्यक्रम प्रभावकारी बन्दै

**निरोज कोइराला/हिटा**
भोजपुर, १६ फागुन

आसन्न फागुन २१ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै गर्दा पहाडी जिल्ला भोजपुरमा मतदाता शिक्षा कार्यक्रम प्रभावकारी बन्दै गएको छ। प्रतिस्पर्धामा रहेका उम्मेदवार तथा दलहरू आफनो पक्षमा मत माग्न व्यस्त भइरहँदा जिल्ला निर्वाचन कार्यालय भने अहिले मतदाता शिक्षा कार्यक्रम प्रभावकारी बनाउन जुटेको छ।

जिल्ला निर्वाचन कार्यालय भोजपुरका प्रमुख डिकेन्द्रप्रसाद सुवेदी मत बदर हुन नदिनका लागि मतदाता सचेतनालाई प्राथमिकतामा राखेर अहिले कार्यक्रम सञ्चालन भइरहेको बताउनुहुन्छ। उहाँले भन्नुभयो, 'हामीले मतदाता शिक्षा प्रभावकारी बनाउन, खटिने स्वयंसेवक र अनुगमनकर्तालाई पनि कडा निर्देशन दिएर पठाएका छौं, हामी पनि निरन्तर अनुगमन गरिरहेका छौं।

मतदाता शिक्षा कार्यक्रमका लागि भोजपुरका नौवटा स्थानीय तहका ८१ वटै वडाहरूमा त्यत्तिकै संख्यामा मतदाता शिक्षा स्वयंसेवक परिचालन गरिएको छ भने नौ जना अनुगमनकर्तासमेत खटाइएको छ। कार्यालयले नियुक्ति गरेका स्वयंसेवकहरूले अहिले घरदैलो तथा समुदायस्तरमा दैनिक अभियान सञ्चालन गरिरहेका छन्।

दैनिक रूपमा घर-घर पुगेर मतदाता शिक्षकहरूले मतदान गर्ने तरिका, मतपत्रमा सही छाप लगाउने विधि, बदर मत हुन नदिन अपनाउनुपर्ने सावधानी तथा मतदान समयबारे जानकारी लिएको मतदाता शिक्षा स्वयंसेवक शर्मिला खत्रीले बताउनुभयो। विगतमा पनि मतदाता शिक्षा प्रभावकारी नहुँदा मत बदरको संख्यामा कमी नआएका कारण त्यसलाई यसपटकको निर्वाचनमा कम गराउन निर्वाचन कार्यालय सक्रिय बनेको हो।

विशेष गरी वृद्धवृद्धा, पहिलोपटक मतदान गर्ने युवा तथा महिलाहरूलाई लक्षित गरेर व्यावहारिक अभ्याससहित शिक्षा दिइँदा सकारात्मक प्रभाव परेको मतदाता स्वयंसेवक यशोदा प्रधानले बताउनुभयो। सचेत मतदाता निर्माण गर्न सके बदर मत कम हुने र निर्वाचन प्रक्रिया अझ व्यवस्थित हुने अपेक्षा गरिएको प्रमुख जिल्ला अधिकारी राजन पौडेलले बताउनुभयो।

घरजग्गा कारोबार फागुन २५ गतेदेखि कम्पनीमार्फत्

# विभिन्न ३६ कम्पनीलाई घरजग्गा कारोबार अनुमति




**हिमालय टाइम्स**

काठमाडौं, १६ फागुन

सरकारले घरजग्गा कारोबार कम्पनीमार्फत् मात्र गर्न पाउने व्यवस्था गरेको छ। भूमि व्यवस्थापन तथा अभिलेख विभागले २५ फागुनदेखि अनुमतिपत्र प्राप्त कम्पनी/संघ संस्थामार्फत् मात्र तीन करोड रुपैयाँभन्दा बढीको घरजग्गा कारोबार गर्न सकिने व्यवस्था सार्वजनिक गरेको हो। विभागले हालसम्म ३६ कम्पनीलाई लाइसेन्स उपलब्ध गराइसकेको छ भने ९९ कम्पनीले राजस्व बुझाउन नसक्दा अनुमतिपत्र पाउन सकेका छैनन्। तीन करोडभन्दा बढीको कारोबार गर्ने कम्पनीले पाँच लाखदेखि १० लाख रुपैयाँसम्म शुल्क बुझाएर अनुमतिपत्र लिनुपर्नेछ। लाइसेन्स पाइसकेका कम्पनीले छ महानगरपालिका र ११ उपमहानगरपालिकाभित्र कारोबार गर्न सक्नेछन्। सरकारले गत असोज २७ मा राजपत्रमा प्रकाशित सूचनाअनुसार तीन करोड रुपैयाँभन्दा बढीको कारोबार गर्ने कम्पनीले अनुमति लिनुपर्ने व्यवस्था लागू गरेको थियो। विभागले उक्त व्यवस्था कार्यान्वयनका लागि मालपोत कार्यालयलाई परिपत्रसमेत गरिसकेको छ। सो सम्बन्धमा विभागले काठमाडौंको डिल्लीबजारस्थित मालपोत कार्यालय, ललितपुरको लगनखेल, मोरङको विराटनगर, सुनसरीको इनरुवा, पर्साको वीरगञ्ज, बाराको कलैया, धनुषाको जनकपुरधाम, बाँकेको नेपालगञ्ज, दाङको घोराही, कैलालीको धनगढी मालपोत कार्यालयलाई परिपत्र गरेको हो। त्यस्तै, काठमाडौंको कलंकी, चाबहिल, सुनसरीको धरान, बाराको सिमरा, मकवानपुरको हेटौंडा, चितवनको भरतपुर र चनौली, कास्कीको पोखरा र लेखनाथ, दाङको तुल्सीपुर र रूपन्देहीको बुटवल मालपोत कार्यालयलाई परिपत्र गरेको हो।

विभागका अनुसार, इजाजत प्राप्त ३६ कम्पनीहरूमा हिमालयन रियल्टर्स प्रालि, कन्टिनेन्टल रियल इस्टेट प्रालि, एसके होम रियल स्टेट कम्पनी प्रालि, रुवि क्राउन प्रोपर्टिज प्रालि, नन्दी रियल इस्टेट प्रालि, इ-गुरास प्रोपर्टी सोलुसन्स प्रालि, जमिन्दार रियल इस्टेट प्रालि, तिलोत्तमा बिल्डर्स प्रालि, रियल इस्टेट एजेन्सी प्रालि, बुस्पाइरप रियल इस्टेट प्रालि रहेका छन्। त्यस्तै, अशोक घर संसार नेपाल प्रालि, पानस विज सर्भ प्रालि, लुम्बिनी रियल स्टेट एण्ड मल्टिपर्पोज, कृष्णा डेभलपर्स प्रालि, ज्ञान इको इन्नोभेसन इन्भेष्टमेन्ट नेपाल, भूमिराज एस्टेट्स, दले भाइ रियल इस्टेट प्रालि, स्काइ वर्ल्ड रियल स्टेट सोलुसन प्रालि, एम्पायर रियल स्टेट डेभलपमेन्ट प्रालि र नेपाल ल्याण्ड ब्रोकर रहेका छन्। त्यसैगरी डिएन ग्रुप अफ कम्पनी प्रालि, भोजपुर सिद्धकाली हाउजिङ प्रालि, प्रुडेन्सियल डेब्लपर्स प्रालि, चार्टर्ड रियल स्टेट, घरजग्गा सेवा प्रालि, ओमेगा क्यापिटल एडभाइजर्स प्रालि, ऋतम्भरा मल्टिपर्पोज इन्भेस्टमेन्ट प्रालि, मेट्रो लिंक प्रोपर्टिज प्रालि, विराट रियल स्टेट एण्ड हाउजिङ, सम्पत्ति रियल इस्टेट प्रालि, रियल इस्टेट सारथी, प्रसिद्ध इन्भेष्टमेन्ट कम्पनी प्रालि, एकर्स नेपाल स्टेट प्रालि, मर्स्याङ्दी डेभलपमेन्ट एण्ड रिसर्च, सेरेन इस्टेट्स प्रालि र घरबारी सेवा रहेका छन्।

भूमि व्यवस्थापन अभिलेख विभागले प्रकाशन गरेको नियमावलीअनुसार इजाजतपत्रका लागि आवेदन दिने कम्पनीले दर्ता प्रमाणपत्र, प्रबन्धपत्र, अद्यावधिक सेयर लगत, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, व्यावसायिक कार्ययोजना, कम्पनी सञ्चालक समितिको निर्णय, वेबसाइट, इमेल र सम्पर्क व्यक्तिको नम्बर बुझाउनुपर्ने व्यवस्था थियो।

# मौद्रिक नीति समीक्षामार्फत् नीतिगत सुधारको स्वागत

**हिमालय टाइम्स**

काठमाडौं, १६ फागुन

बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल(सिबिफिन)ले नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिको अर्धवार्षिक समीक्षाको स्वागत गरेको छ। केन्द्रीय बैंकले मौद्रिक नीति समीक्षामार्फत् थप लचिलो व्यवस्था गरेको भन्दै स्वागत गरेको हो। विश्वका अधिकांश उदीयमान अर्थतन्त्रहरूमा देखिएको क्रमिक सुधारको रणनीतिसँग मेल खाने गरी मूल नीतिगत मापदण्ड यथावत् राख्दै पछिल्लो आर्थिक परिवेशअनुसार लक्षित संरचनात्मक सुधारका कदमहरू अघि बढाइनु सकारात्मक संकेत भएको सिबिफिनको भनाइ छ। जसले वित्तीय स्थिरता थप सुदृढ र सबल बनाउने विश्वास सिबिफिनले व्यक्त गरेको छ। समीक्षामार्फत् क्षेत्रगत कर्जाको दायरा विस्तारका साथै लघु, घरेलु तथा साना उद्यम कर्जा विस्तारलाई प्रोत्साहन गरिएको बताइएको छ। सिबिफिनले कार्यशील पुँजी व्यवस्थापनमा नगद प्रवाहमा आधारित मूल्यांकन प्रणालीलाई प्राथमिकता दिइनु, लक्षित पुनर्संरचना सुविधा उपलब्ध गराइनु तथा विदेशी विनिमय जोखिममा सीमा वृद्धि गरिनुजस्ता व्यवस्थालाई उदार र समयानुकूल कदम भनेको छ। त्यस्तै, कालोसूची व्यवस्थामा लचकता अपनाइनुले संकुचित बन्दै गएको कर्जा तथा लगानी विस्तारलाई सहजता प्रदान गर्ने बताइएको छ। उल्लेखित व्यवस्थाले उत्पादनमूलक, निर्यातमूलक तथा रोजगार मूलक क्षेत्रमा लगानी अभिवृद्धि गर्न सहयोग पुऱ्याउने, समग्र आर्थिक क्रियाकलाप चलायमान बनाउने, वित्तीय बजार विकासमा टेवा दिने तथा बैंकिङ क्षेत्रको क्रमिक आधुनिकीकरणलाई गति दिने सिबिफिनद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ।

डिजिटल पूर्वाधारमा लगानी प्रोत्साहन तथा विद्युतीय भुक्तानी प्रणालीको तीव्र विस्तारका लागि अवलम्बन गरिएका रणनीतिक पहलहरूले नेपालको वित्तीय प्रणालीलाई विश्वव्यापी आधुनिकीकरणसँग तादात्म्यता मिलाउनसमेत महत्त्वपूर्ण योगदान पुऱ्याउने सिबिफिनको विश्वास रहेको छ। साथै अल्पकालीन तरलता व्यवस्थापन र दीर्घकालीन संरचनात्मक सुधारबीच सन्तुलन कायम गर्दै अघि बढाइएका सुधारात्मक पहलकदमी प्रभावकारी रूपमा कार्यान्वयन गर्न संस्थागत सुशासन, विश्लेषणात्मक




क्षमता अभिवृद्धि तथा जोखिम व्यवस्थापन र न्यूनीकरणमा संयमता अपनाउनुपर्ने आवश्यकता औंल्याएको छ। जसबाट वित्तीय स्थिरतासहित समग्र आर्थिक तथा बैंकिङ क्षेत्रको आधुनिकीकरण, दिगो विकास र अर्थतन्त्रको सवलीकरणमा रचनात्मक योगदान पुग्ने सिएनआईको ठहर छ। बैंक तथा वित्तीय संस्थाहरूमा निष्क्रिय तथा खराब कर्जाको बढ्दो दर, गैरबैंकिङ सम्पत्तिमा भएको वृद्धि र तरलता व्यवस्थापनसम्बन्धी चुनौती न्यूनीकरण गर्न सरोकारवाला पक्षसँगको निरन्तर छलफल र रायसुझावका आधारमा राष्ट्र बैंकले थप निर्णायक नीतिगत कदम चाल्नेमा सिबिफिन विश्वस्त रहेको पनि विज्ञप्तिमा उल्लेख छ।

# सरकारको ऋण दायित्व २९ खर्ब नजिक

**काठमाडौं/हिटा।** सरकारको ऋण दायित्व २९ खर्ब नजिक पुगेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले प्रकाशित गरेको गत माघसम्मको सार्वजनिक ऋणको प्रतिवेदनअनुसार चालु आर्थिक वर्षको सुरुमा कुल सार्वजनिक ऋण २६ खर्ब ७४ अर्ब चार करोड रहेकामा माघसम्ममा एक खर्ब ८४ अर्ब ९३ करोड थपिएर ऋण दायित्व २८ खर्ब ५८ अर्ब ९७ करोड पुगेको हो। जुन कुल गार्हस्थ्य उत्पादन(जिडिपी)को ४६.८१ प्रतिशत हो। तिर्न बाँकी ऋणमध्ये आन्तरिक ऋण दायित्व १३ खर्ब ४९ अर्ब १३ करोड र बाह्य ऋण दायित्व १५ खर्ब नौ अर्ब ८४ करोड रहेको छ। कुल सार्वजनिक ऋणमा माघसम्ममा वैदेशिक ऋण हिस्सा ५२.८१ प्रतिशत तथा आन्तरिक ऋण हिस्सा ४७.१९ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ। चालु आर्थिक वर्ष सरकारले पाँच खर्ब ९५ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेको माघसम्ममा दुई खर्ब ५५ अर्ब ४८ करोड प्राप्ति भएको छ। वार्षिक लक्ष्यको तुलनामा हालसम्मको कुल सार्वजनिक ऋण प्राप्ति ४२.८९ प्रतिशत हो। प्रतिवदेनअनुसार आन्तरिकतर्फ तीन खर्ब ६२ अर्ब ऋण उठाउने लक्ष्य रहेकामा ६०.१३ प्रतिशत अर्थात् दुई खर्ब १७ अर्ब ६६ करोड उठिसकेको र एक खर्ब ४४ अर्ब ३३ करोड उठाउन बाँकी रहेको छ।

बाह्य ऋणतर्फ दुई खर्ब ३३ अर्ब ६६ करोड उठाउने लक्ष्य रहेकामा हालसम्म लक्ष्यको १६.१८ प्रतिशत अर्थात् ३७ अर्ब ८१ करोड प्राप्त भइसकेको छ भने एक खर्ब ९५ अर्ब ८४ करोड बाँकी रहेको छ। सरकारी ऋणको साँवा-ब्याज तिर्न सरकारले चालु आर्थिक वर्ष चार खर्ब ११ अर्ब एक करोड विनियोजन गरेकामा माघसम्ममा दुई खर्ब तीन अर्ब ६५ करोड भुक्तानी भइसकेको छ। जुन वार्षिक बजेट विनियोजन आधारमा ४९.५५ प्रतिशत हो। जिडिपीका आधारमा माघसम्ममा कुल ऋण सेवा खर्च ३.३३ प्रतिशत रहेको छ।

# बाइक भाडामा दिने 'आरवाइडी'को आफ्नै वर्कसप

**काठमाडौं।** अब कमाउने पालो तपाईंको भन्ने नाराका साथ बाइक भाडामा उपलब्ध गराउँदै आएको 'आरवाइडी नेपाल' ले पहिलो वर्कसप सञ्चालनमा ल्याएको छ। शुक्रबार एक कार्यक्रमबीच कम्पनीले सेवा थप सुदृढ बनाउन अत्याधुनिक वर्कसप कपनमा सञ्चालनमा ल्याएको हो।

वर्कसप उद्घाटन काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले गर्नुभएको थियो। उद्घाटन कार्यक्रममा नाडाका पूर्वअध्यक्ष कृष्णप्रसाद दुलाल, एसटिसी ग्रुपका प्रबन्ध निर्देशक सुरेन्द्रकुमार उप्रेती, भेन्चर हायर पर्चेज प्रालिका प्रमुख कार्यकारी अधिकृत बाबुराम शर्मा, सिजी मोटर्सका प्रमुख कार्यकारी अधिकृत कपिल शिवाकोटीलगायतको उपस्थिति थियो। ग्राहकलाई गुणस्तरीय र छिटोछरितो सेवा प्रदान गर्ने उद्देश्यसाथ वर्कसप सञ्चालनमा ल्याएको आरवाइडी नेपालका अध्यक्ष अभिषेक खतिवडाले बताउनुभयो। आफ्नै वर्कसप सञ्चालनमा आएपछि सेवा अझ व्यवस्थित र प्रभावकारी हुने उहाँको भनाइ थियो।

कम्पनीले आगामी दिनमा सेवा विस्तार गर्दै शाखा तथा प्राविधिक केन्द्र स्थापना गर्ने योजना बनाएको छ। हिरो सुपर स्प्लेन्डरका ५० बाइकबाट सेवा सुरु गरेको कम्पनीले हाल क्षमता बढाएर बाइक संख्या एक सय पुऱ्याएको जनाएको छ। नयाँ वर्कसपमा अनुभवी प्राविधिक टोलीमार्फत् बाइकको नियमित सर्भिसिङ, इञ्जिन जाँच, ब्रेक तथा टायर परीक्षण, पार्ट्स प्रतिस्थापनलगायतका सेवा उपलब्ध हुने बताइएको छ। आरवाइडी नेपाल काठमाडौंका सडकमा हजारौं युवालाई रोजगारी अवसर दिने उद्देश्यसाथ नयाँ बाइक भाडामा दिने एक प्लेटफर्म हो। राइडरलाई पहिलो दिनदेखि नै कमाइ सुरु गर्ने अवसर दिने कम्पनीले प्रतिदिन आठ सय रुपैयाँदर भाडा तोकेको छ। कम्पनीले राइडरलाई केवल भाडामा मात्र सीमित नगरी डेढ वर्षमा आफ्नै बाइकको मालिक बन्न सक्ने मोडल पनि तयार गरेको छ।


Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
Federal Urban Development and Building Construction Office, Kailali

**Invitation for Online-Bids**

**Date of Publication: 2082/11/17 (1st March, 2026)**

FUDBCO, Kailali invites electronic bids from eligible bidders for the following works under NCB Bidding Procedure. For more details, Eligible bidders may visit and download from e-GP system www.bolpatra.gov.np/egp.

| Contract No./ID | Description of Works | Bid Validity/Bid Bond Validity Peroid | Total Estimated Amount NRs. (Including PS Without VAT & Contingencies) | Bid Security Amount (NRs.) | Bid-Price (NRs.) |
|---|---|---|---|---|---|
| FUDBCO/ KAILALI/Works/ NCB/22-2082/083 | Construction of School Building for Janta Ma. Vi. 1 Ganyapdhura, Field Construction for Latamandu Ma. Vi. -04 Ganyapdhura and Asigram Ma. Vi. -01 Ganyapdhura Dadeldhura. | 90 days/120 days from the date of Bid Opening. | Single Stage Two Envelope Bidding Procedure | 7,00,000.00 | 5,000.00 |

**FINANCIAL BID OPENING NOTICE**

Persuant to rule No. 64 of Public Procuments Regulation -2064 it is notified to all concerned that financial bid of the works Mentioned below will opened publically in the presence of Bidder's representative who choose to attend Bidder's presence in opening will appreciated.

| Name of Contract and Contract ID | Qualified Bidder in Technical Evaluation | Financial Bid Opening Date |
|---|---|---|
| 1) Construction of Annex Building for Water Supply and Sanitation Office at Amargadhi Dadeldhura. FUDBCO/KAILALI/Works/ NCB/03-2082/083 | 1. Jagnath R.B. Constructio Pvt. Ltd., Mahakali Municipality-05, Darchula.<br>2. Pasamasta Nirman Sewa, Ajayameru-01, Dadeldhura.<br>3. R.B./M.S./Prem JV, Amargadhi, Dadeldhura<br>4. Ratala/Pant JV, Dodhara-08, Kanchanpur.<br>5. Brightsun/Ankit JV, Dhangadhi, Kailali.<br>6. Basuling/Swami Jagannath JV, Mahendranagar, Kanchanpur. | 2082-11-25 (March-09-2026) at 13:00 PM |

Office Chief

नेपालगंज उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नेपालगंज, बाँके
लुम्बिनी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति : २०८२/११/१७

यस उप-महानगरपालिकाको तपशिल बमोजिमको ठेक्कामा पर्न आएका बोलपत्रहरु मध्ये न्यूनतम् मुल्यांकित सारभुत रुपमा प्रभावग्राही देखीएका तपशिल बमोजिमका बोलपत्रदाता छनौट भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्रं. सं. | काम र ठेक्काको विवरण | स्वीकृत बोलपत्रदाताहरूको नाम र ठेगाना | स्वीकृत कबोल रकम रू. |
|---|---|---|---|
| १. | Khop Kendra Tatha Yoga Hall Nirman Ward No 1, Nepalgunj Banke. बोलपत्र नं. NSMC/SQ/W26/2082/83 | श्री रोयल योगी कन्स्ट्रक्सन | रु. ११,८१,१४२/०४ (भ्याट र पि.एस. सहित) |
| २. | Ward n Dailekhi Bangalama Bhautik Nirman, Nepalgunj Banke. बोलपत्र नं. NSMC/NCB/W28/2082/83 | श्री Shuva Apib Construction and Suppliers Pvt. Ltd. Raptisonari, Banke | रु. २४,६९,६००/७१ (भ्याट र पि.एस. सहित) |
| ३. | Construction Renovation and Maitainance of Different Blocks of NSMC Office, Nepalgunj 12 Banke. बोलपत्र नं. NSMC/NCB/W24/2082-83 | श्री NTS Construction Pvt. Ltd./ Sabina Construction and Suppliers, JV Nepalgunj Banke | रु. २,३५,२०,२४३/६९ (भ्याट र पि.एस. सहित) |
| ४. | Nepalgunk Upa Mahanagarpalika Bhitra Cheteko Sadak Nirman Thatha Starunnati Various Location of Nepalgunj. बोलपत्र नं. NSMC/NCB/W25/2082/83 | श्री Shuva Apib Construction and Suppliers Pvt. Ltd. Raptisonari, Banke | रु. ८९,४७,९९२/६६ (भ्याट र पि.एस. सहित) |

प्रमुख प्रशासकीय अधिकृत

Mandandeupur Municipality
Office of Municipal Executive
Mahadevsthan, Kavre
Bagamati Province, Nepal

**INVITATION FOR ONLINE BIDS(RE-Bid)**

(Date of Publication: 1st March 2026)

Mandandeupur Municipality invites electronic bids from eligible bidders for the construction of works mentioned below under National Competitive Bidding procedures. Eligible bidders may obtain further information through PPMO e-GP system www.bolpatra.gov.np/egp or may visit Mandandeupur Municipality website www.mandandeupurmun.gov.np.

| S/n | Project Name | Contract Id | Last Date of Bid Submission | Date of Bid Opening | Bid Document Fee (Nrs) | Bid security Amount (Nrs.) | Cost Estimate (Including PS & Excluding Vat) |
|---|---|---|---|---|---|---|---|
| 1 | Wada no 8 ka Bibhinna Yojanaharu | 41/Works/NCB/ MDM/082/83 | 16/03/2026 12:00 hrs. | 16/03/2026 13:00 hrs. | Nrs. 3000.00 | Nrs. 69,000.00 | Nrs.2359404.24 |
| 2 | Ward No. 5 Ka Sichai yojanaharu | 42/Works/NCB/ MDM/082/83 | 16/03/2026 12:00 hrs. | 16/03/2026 13:00 hrs. | Nrs. 3000.00 | Nrs. 50,000.00 | Nrs.1693546.81 |

Chief Administrative Officer


CMYK

# नेपालको स्तरोन्नति समय थप्नुपर्नेमा जोड

**हिमालय टाइम्स**
काठमाडौं, १६ फागुन



नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नोभेम्बर २०२६ का लागि तय गरिएको अतिकम विकसित मुलुकबाट नेपालको स्तरोन्नतिको समय थप गर्नुपर्ने बताउनुभएको छ । संयुक्त राष्ट्रसंघकी नवनियुक्त आवासीय संयोजक लिला पिटर याहियासँग शुक्रबार काठमाडौंमा भएको भेटवार्तामा उहाँले मुलुक अझै संरचनात्मक रूपमा विद्यमान संक्रमणका लागि तयार नभएकाले व्यावसायिक समुदायसँगको व्यापक परामर्शका आधारमा महासंघले स्तरोन्नतिलाई तीन वर्ष ढिलो गरी नोभेम्बर २०२९ सम्म सार्न औपचारिक माग गरेको बताउनुभयो ।

अध्यक्ष ढकालले नेपालको स्तरोन्नति केवल सांकेतिकमात्र नभई दिगो र जनताका लागि लाभदायक होस् भन्ने सुनिश्चित गर्न महासंघ संयुक्त राष्ट्रसंघसँग मिलेर काम गर्न तयार रहेकोसमेत बताउनुभयो । उहाँले नेपालले प्रतिव्यक्ति आयको मापदण्ड सुरुमा पूरा नभएको र यस वर्षमात्र आएर थोरैले मात्र पार गरेको भन्दै आर्थिक संवेदनशीलता अझै उच्च रहेकाले पनि निजी क्षेत्रले उक्त माग गरिरहेको स्पष्ट पार्नुभयो । अध्यक्ष ढकालले भन्नुभयो, 'हाम्रो उद्देश्य प्रगति रोक्नु होइन, बरु स्तरोन्नति दिगो र आर्थिक रूपमा रूपान्तरणकारी होस् भन्ने सुनिश्चित गर्नु हो । बैंकहरूमा तरलता भए पनि निजी लगानीको इच्छाशक्ति कमजोर छ । यस्तो बेला हतारमा गरिने स्तरोन्नतिले अवरोध निम्त्याउन सक्छ ।'

उहाँले नेपालसँगै अतिकम विकसित बंगलादेशले पनि तीन वर्ष थप समय माग गरेको सन्दर्भमा नेपालको निजी क्षेत्रको माग पनि सान्दर्भिक भएको बताउनुभयो ।

ढकालले साना तथा मझौला उद्योगले सामना गरिरहेका चुनौतीबारे जानकारी दिँदै कृषिमा आधारित करिब तीन लाख उद्योगहरू युरोपेली बजारमा बढ्दो लागत र सहुलियत कटौतीबाट प्रभावित हुन सक्ने उल्लेख गर्नुभयो । संयुक्त राष्ट्रसंघकी नवनियुक्त आवासीय संयोजक लिला पिटर याहियाले संयुक्त राष्ट्रसंघ नेपालको निजी क्षेत्र सुदृढ साझेदारीका लागि सधैं सकारात्मक रहेको बताउनुभयो । उहाँले २०२६ का लागि तय गरिएको अतिकम विकसित मुलुकबाट नेपालको स्तरोन्नतिको समय थप गर्नुपर्ने सन्दर्भमा संयुक्त राष्ट्रसंघ, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, नेपाल सरकार र निजी क्षेत्र बसेर छलफल गरी निष्कर्षमा पुग्न सकिने धारणा राख्नुभयो । याहियाले भन्नुभयो, 'हामी नेपालको स्तरोन्नति होस् भन्ने चाहन्छौं तर यसका लागि मुख्य सरोकारवालाहरूको धारणा महत्त्वपूर्ण रहन्छ । त्यसैले सबै सरोकारवालाबीच छलफल गरौं ।' उहाँले नेपालमा युवा जनशक्ति भएको, विभिन्न क्षेत्रमा सम्भावना रहेकाले आर्थिक विकासका लागि नीतिगत स्थिरताका लागि पूर्वानुमानयोग्य नीति र राष्ट्रिय संस्थाहरूमाथिको विश्वास आवश्यक रहेकोमा जोड दिनुभएको थियो । महासंघका अनुसार, उहाँले आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनका लागि सोहीअनुरूपको रणनीति तय गर्नुपर्ने सुझाव दिँदै आसन्न निर्वाचन र त्यसपछिको आर्थिक परिदृश्यबारेमा समेत चासो राख्नुभएको थियो ।

महासंघ अध्यक्ष ढकालले विगतमा महासंघको पहलमा नीतिगत स्थायित्व र लगानीमैत्री वातावरण निर्माणका लागि कानुन संशोधन गरिएको जानकारी गराउँदै आसन्न निर्वाचनमा पनि सबै राजनीतिक दललाई अर्थतन्त्र केन्द्रमा राख्न र आर्थिक प्राथमिकताहरू राजनीतिक चक्रभन्दा बाहिर पनि स्थिर रहने सुनिश्चित गर्न महासंघले आग्रह गरेको उल्लेख गर्नुभएको थियो ।

# टेलि-डिजिटलको खबरदारी

TELE DIGITAL Google Cloud Partner

**Risk of Permanent Data Loss**

Tele Digital Services Warns Against
'Too Good to be True' Google Plans in Nepal

काठमाडौं । नेपालमा गुगल वर्क्स स्पेसको अधिकृत रिसेलर टेलि-डिजिटल सर्भिसेस प्रालिले अनधिकृत सदस्यतासँग सम्बन्धित खाता निलम्बनका घटना बढ्दै गएकोप्रति गम्भीर चासो व्यक्त गर्दै देशभरका संस्थाहरूलाई तत्काल सतर्कता अपनाउन आग्रह गरेको छ । कम्पनीका अनुसार, अधिकृत रिसेलर संरचनाबाहिर सञ्चालन गर्ने बिक्रेतामार्फत् जानकारीबिना सदस्यता खरिद गरेका व्यवसायहरूले अचानक सेवा अवरोध, इमेल तथा साझा ड्राइभमा पहुँच प्रतिबन्ध र गम्भीर सञ्चालन अवरोधको सामना गरिरहेका छन् । केही अवस्थामा संस्थाभित्र पूर्वजानकारी नै नदिई कारबाही प्रक्रिया अघि बढेको देखिएको छ । नेपालका लागि गुगल वर्क्स स्पेसको आधिकारिक सूचीबद्ध दर प्रतिप्रयोगकर्ता प्रतिमहिना अमेरिकी डलर सात रहेको छ । सो दरभन्दा कम मूल्यमा उपलब्ध गराइने सदस्यतालाई गम्भीर चेतावनी संकेतका रूपमा लिनुपर्ने कम्पनीले जनाएको छ ।

कम्पनीका अनुसार, उक्त मूल्य निर्धारण सदस्यता गुगलको स्वीकृत लाइसेन्स तथा वितरण संरचनाअन्तर्गत नहुन सक्ने संकेत हो । साथै शैक्षिक प्रयोजनका लागिमात्र मान्य योजनाहरू गैर-शैक्षिक संस्थालाई छुट दरमा उपलब्ध गराइएका घटनाहरू पनि फेला परेका छन् । यस्तो व्यवस्थामा लाइसेन्स नीति अनुरूप नहुन सक्ने र कारबाहीको जोखिम बढाउने सम्भावना रहन्छ ।

कम्पनीले स्पष्ट पारेको छ कि धेरै व्यवसायले जानाजानी नीति उल्लंघन गरेका थिएनन् । तर, नियत जस्तोसुकै भए पनि परिणाम गम्भीर हुन सक्छ । गुगल क्लाउटका सेवा शर्त उल्लंघन भएमा खाता निलम्बन र सम्भावित डाटा गुम्ने जोखिम हुन सक्छ । कम्पनीका व्यवसाय तथा मार्केटिङ प्रमुख निखिल खेराडीले भन्नुभयो, 'आज प्रभावित भइरहेका सबै व्यवसायले गलत नियतसाथ सदस्यता लिएका थिए भन्ने होइन, धेरैले पर्याप्त जानकारी नभएका कारण यस्तो निर्णय गरेका हुन सक्छन् । नियत जे भए पनि परिणाम समान रूपमा गम्भीर हुन सक्छ । हामी नेपालका हरेक संस्थालाई आफ्नो वर्क स्पेस सदस्यता तुरुन्त परीक्षण गर्न आग्रह गर्दछौं । हाम्रो टोली हालको अवस्था मूल्यांकन गर्न, वैध सदस्यतामा सहज स्थानान्तरण गराउन र सञ्चालनसम्बन्धी जोखिमबाट जोगाउन पूर्ण रूपमा सक्षम छ ।' कम्पनीले वित्तीय सेवा, शिक्षा, स्वास्थ्य सेवा, खुद्रा व्यापार तथा व्यावसायिक सेवा क्षेत्रका ६० भन्दा बढी ग्राहकलाई सेवा प्रदान गरिसकेको छ ।

# कर्णाली बैंकका सञ्चालकहरूलाई बर्खास्त गर्ने तयारी

**हिमालय टाइम्स**
काठमाडौं, १६ फागुन

समस्याग्रस्त कर्णाली डेभलपमेन्ट बैंकका तत्कालीन सञ्चालक समितिलाई नेपाल राष्ट्र बैंकले स्पष्टीकरण सोधेको छ । कारबाही प्रक्रिया सुरु गरेको केन्द्रीय बैंकले उक्त बैंकका सञ्चालकहरूलाई कारबाही गर्नुनपर्ने कारण भए पेश गर्न १० दिने अल्टिमेटम दिएको छ । राष्ट्र बैंकले जनताको निक्षेप हिनामिना गरेको भन्दै कारबाही सुरु गरेको हो । केन्द्रीय बैंकले सञ्चालकहरूलाई स्पष्टीकरणका लागि व्यक्तिगत रूपमा पत्र काटेको तर पत्रको कुनै जवाफ नपाएपछि सार्वजनिक सूचना निकालेको हो ।

कारबाहीमा पर्नेमा तत्कालीन बैंक सञ्चालक समितिका अध्यक्ष डा. ओमप्रकाश मिश्र, सदस्यहरू युवराज अधिकारी, उषाकुमारी भण्डारी, टंकबहादुर बस्नेत, निसार अहमद दर्जी रहेका छन् । उनीहरूलाई सञ्चालकबाट बर्खास्त गर्नुनपर्ने कुनै कारण भए सफाइ तथा स्पष्टीकरण १५ दिनभित्र दिन गत असोज २८ गते पत्राचार गरेको थियो । उक्त पत्रमा कुनै जवाफ नदिएपछि पाँच महिना पुनः सूचना प्रकाशित गरेर १० दिनको अल्टिमेटम दिएको हो । राष्ट्र बैंकको २०८१ पुस १० गते बसेको सञ्चालक समितिको बैठकले कर्णाली डेभलपमेन्ट बैंकलाई समस्याग्रस्त संस्था घोषणा गरेको थियो । केन्द्रीय बैंकले राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ (ख) बमोजिम उक्त बैंकलाई

कर्णाली डेभलपमेन्ट बैंक लिमिटेड
Karnali Development Bank Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको मान्यता प्राप्त"
समृद्धिको आधार

समस्याग्रस्त संस्था घोषणा गर्ने निर्णय गरेको हो । उक्त बैंक सञ्चालनका लागि बैंक तथा वित्तीय संस्था नियमन विभागका उपनिर्देशक टीकाराम खतिवडाको संयोजकत्वमा तीन सदस्यीय व्यवस्थापन समूह गठन गरिएको छ । जसमा वित्तीय संस्था सुपरीवेक्षण विभाग उपनिर्देशक विष्णुकुमार विश्वकर्मा र कानुन महाशाखाका उपनिर्देशक जुगलकिशोर कुशवाहलाई सदस्य तोकिएको छ ।

**निर्वाचनलाई वातावरणमैत्री बनाऔं**

- सभा, जुलुस, र्‍याली वा घरदैलोजस्ता कार्यक्रममा प्रयोग भएका सामग्रीको व्यवस्थापन गरौं ।
- निर्वाचन प्रचारप्रसार कार्यक्रम गर्दा वातावरणमैत्री सामग्रीको प्रयोग गरौं ।
- निर्वाचन प्रचारप्रसारमा आमसञ्चार तथा डिजिटल माध्यमलाई प्राथमिकता दिऔं ।
- निर्वाचन प्रचारप्रसारमा सभा, जुलुस वा र्‍यालीमा ध्वनि तथा वायु प्रदूषण न्यून गर्ने उपाय अपनाऔं ।
- निर्वाचन प्रचारप्रसारमा प्लाष्टिकजन्य सामग्रीको प्रयोग नगरौं ।
- निर्वाचनका समयमा विद्युतीय सवारीसाधनलाई प्राथमिकता दिऔं ।
- निर्वाचनका समयमा पर्चा/पोष्टर टाँस्ने वा भित्तेलेखन जस्ता कार्य नगरौं/नगराऔं ।
- निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं ।

**हरित निर्वाचन अभियानलाई सफल पारौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

Government of Lumbini Province
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate

## Road Infrastructure Development Office

Butwal, Rupandehi

**Invitation for Bids**

**IFB No: -5/RIDORUP/082-83**

**Date of Publication: March 1, 2026 (2082-11-17)**

1. Road Infrastructure Development Office, Rupandehi invites electronic bids only from eligible bidders for following works under NCB/SQ bidding procedure.

| S. N. | Name of Project | Contract ID | Bid Fee | Estimated Amount (NRs) (excluding VAT) | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|
| 1 | Upgrading of Ramnagar Bayarkatti Jodne Apuro Sadak, Sainamaina-07, Rupandehi | RIDO/RUP/134/NCB/082-83/113 | 3,000.00 | 55,18,975.54 | 1,55,000.00 |
| 2 | Upgrading of (i) Lumbini Road Dekhi Sangam Path Jodne Apuro Sadak kalopatre, Sainamaina-7, Rupandehi & (ii) Sahid Narayan Pokharel Ramapur Campus Gate Dekhi Dakshin Santaunnapur Ghola samma dohoro drain Nirman, Sainamaina-06, Rupandehi | RIDO/RUP/134/NCB/082-83/114 | 3,000.00 | 34,51,780.84 | 97,000.00 |
| 3 | Upgrading of Tarkullah Baghella Pul Dekhi Talwapur Jaane Sadak Samm Rohani, Rupandehi | RIDO/RUP/134/SQ/082-83/97 Re | 1,000.00 | 13,79,364.16 | 39,000.00 |
| 4 | Upgrading of Pragyan Tole Jane Batoma Parne Kullo Dekhi Sunil Pandey ko Ghar Dekhi Gyan Prasad Poudel ko Ghar Samm Sadak, Rupandehi | RIDO/RUP/134/SQ/082-83/105 Re | 1,000.00 | 6,89,932.47 | 19,000.00 |

2. Bid Validity Period and Bid Security Validity Period.

| Bid No. | Bid Validity Period | Bid Security Validity Period |
|---|---|---|
| NCB (For S.N. 1 & 2) | June 30, 2026 | July 30, 2026 |
| SQ (For S.N. 3 & 4) | May 1, 2026 | May 31, 2026 |

3. Submission and Opening:

| | Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Bidders download the bidding document and submit their bids electronically through e-procurement section of PPMO's website www.bolpatra.gov.np/egp. Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified. |
| NCB (For S.N. 1 & 2) | April 1, 2026 | 12:00 hrs | April 1, 2026 | 13:00 hrs | |
| SQ (For S.N. 3 & 4) | March 17, 2026 | 12:00 hrs | March 17, 2026 | 13:00 hrs | |

4. Revenue Account Details:

| Office Name | Bank Name | Bank Address | Account Number | Office code/ Revenue Heading No. |
|---|---|---|---|---|
| Provincial Treasury and Controller Office, Butwal Rupandehi | Rastriya Banijya Bank | Butwal Branch | 1000100200010000 (Rajaswa) | **Office code:** 3370148025, Road Infrastructure Development Office, Rupandehi **Revenue Heading no:** 14229 |

5. Pre-bid meeting shall be held at the office on March 22, 2026, at 11:00 AM at the office premise.
6. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue.
7. Bidders are requested to read the bid document carefully and submit the required documents in a clear and understandable form and as per the instructions given in the bid document. Failure in the submission of the required document demanded in the bid document may lead to disqualification.
8. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

## Baragadhi Rural Municipality

**Office of Rural Municipal Executive**
Khopawa, Bara
Madhesh Province, Nepal

# Invitation for electronic Bid

**Date of Publication: 01-03-2026 00:00**

1. Baragadhi Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the Following Works. A complete set of Bidding Documents are available online and can be downloaded from PPMO's Web Site www. bolpatra.gov.np./egp.

| Contract No. /IFB No.: | Description of Works | Estimated Amount (Exclusive of VAT) (in NRs) | Bid Security Amount (NRs) | Bid Fee ( NRs) |
|---|---|---|---|---|
| BGRM / 082-083/02 | The Procurement of Furniture Items for different Schools of Baragadhi Rural Municipality | 15220600/- | 450000/- | 3000 |
| **Contract Type** | **Last Bid Purchase and Submission Date and time** | **Bid Opening Date and time** | **Bid Validity Period** | **Pre Bid Meeting** |
| NCB Goods | 1st April 2026, 12:00 Hrs. | 1st April 2026, 14:00 Hrs. | 90 Days after Bid opening | 20th March 2026, 12:00 Hrs. |

| Name Of Bank | Office Account Name | | Office Account No. | | Bid Security Amount Validity |
|---|---|---|---|---|---|
| | For Bid Fee | For Bid Security | For Bid Fee | For Bid Security | |
| Himalayan Bank Ltd. Baragadhi Rural Municipality | Baragadhi Ga-1.1. Aantarik Rajaswa Khata | Baragadhi Ga-3 Sthaniya taha Dharouti Khata | 05408646290019 | 05408646290014 | 30 days Beyond Bid Validity Period |

2. `If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
3. The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to Contract award, without thereby incurring any liability to Bidders.

**Chief Administrative Officer**

इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यबानेश्वर, काठमाडौं, **फोन** : ४५६६३९३, ४५८०५५४, पो.ब.नं. ११६७२, Email: hitadaily@gmail.com, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल